## परिच्छेद एक

# शोध परिचय

### १.१ विषय परिचय

उपन्यासकार शान्ता श्रेष्ठद्वारा रचित उपन्यास 'सङघर्ष भित्रका अनौठा पाइला' (२०५८) को कृतिपरक अध्ययन यस शोधकार्यको विषय रहेको छ । प्रस्तुत शोधप्रयोजन अनुरूप शोधप्रबन्धमा उपन्यासकारको सामान्य जीवन र साहित्यिक व्यक्तित्वको पहिचान गर्नु साथै उनका प्रमुख औपन्यासिक प्रवृत्तिहहरूको पहिचान गरिएको छ भने 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा मूल्याङ्कन गरी यस उपन्यासका प्रमुख विशेषताहरूको निरूपण गरिएको छ । यस क्रममा प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदहहरूमा व्यवस्थित गरी तयार पारिएको छ ।

### १.२ समस्या कथन

प्रस्तुत शोधकार्यका समस्याहरू निम्न लिखित रहेका छन् :

क) उपन्यासकार शान्ता श्रेष्ठको साहित्यिक यात्रा र रचनाधर्मिता के कस्तो छ ?

ख) औपन्यासिक तत्त्वका दृष्टिले 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यास के कस्तो रहेको छ ?

ग) 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यासका प्रमुख विशेषता के कस्ता छन् ?

### १.३ उद्देश्य कथन

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) उपन्यासकार शान्ता श्रेष्ठको साहित्यिक यात्रा र रचनाधार्मिताको परिचय दिनु ।

ख) औपन्यासिक तत्त्वका दृष्टिले 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यासको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु ।

ग) 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यासका प्रमुख विशेषताहरूको निरूपण गर्नु ।

### १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको भण्डारलाई एक दर्जन पुस्तकाकार कृतिहरू पस्किसकेकी शान्ता श्रेष्ठको जीवनी, व्यक्तित्त्व र कृतित्त्वका बारेमा सरीला राईले गरेको शोधकार्य बाहेक उनका कृतिहरूको विस्तृत, सु-व्यवस्थित अध्ययन, विश्लेषण एवं समालोचना भएको पाइदैन तापनि केही साहित्यिक पत्र-पत्रिका र पुस्तकहरूमा सामान्य चर्चा र समीक्षा भने गरिएको

देखिन्छ । सोही अनुसार श्रेष्ठद्वारा रचित **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको पनि न्यूनमात्रामा चर्चा र समीक्षा भएको पाइन्छ । जसलाई कालक्रम अनुसार निम्न लिखित रूपमा प्रस्तुत गरिन्छ ।

क) मोहन दुवालले **सङ्घर्ष भित्रका अनौठा पाइला (२०५८)** पुस्तकमा "प्रकाशकको भनाइ शीर्षकमा 'मान्छेले जीवनमा, सफलता प्राप्त गर्न अनेकौं अनौठा सङ्घर्ष गर्नु पर्दछ । जसबाट मान्छेको जीवन सफल हुन्छ भन्ने कुरा देखाइएको छ" भन्ने विचार व्यक्त गरेका छन् ।

ख) श्यामदास वैष्णवले **सङ्घर्ष भित्रका अनौठा पाइला (२०५८)** पुस्तकमा 'अदृश्य करामतसितको सङ्घर्ष शीर्षकमा पौराणिक जीवन गाथा झैं लाग्ने यो कृति सहस्यापूर्ण बनेको छ । सामाजिक विकृतिको नमुना मान्न सकिन्छ यसलाई । यो कृतिले फ्रान्सिसी लेखक अनातोले फ्रान्सको 'थाया' तथा भारतीय लेखक भगवती वर्माको 'चित्रलेखा' लाई सम्झाउँछ । त्याग र लोभको द्वन्द्वमा सुकुमारी र सौन्दर्यवती नारी नै कारण बनेका पाइन्छन् जहाँ पनि । जसले गर्दा समस्या रहस्यात्मक बन्न जान्छ" भनी आफ्नो समीक्षात्मक अभिमत यस उपन्यासको सन्दर्भमा दिएका छन् ।

ग) सरीला राईले **शान्ता श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६५) शोधपत्रको पृष्ठ एकतीसमा, **उपन्यासकार व्यक्तित्व** शीर्षकमा **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास एक सामाजिक यथार्थवादी उपन्यास हो । यसमा सामाजिक बेथितिका कारण धामीझाँक्री लगाउने जस्ता क्रियाकलापबाट समाजलाई सताउन विभिन्न ढोँगीहरूको स्वार्थपूर्तिका निम्ति चलाइएका विकृत कदमहरूको प्रस्तुति कलात्मक ढङ्गले गरिएको छ । यस उपन्यासलाई सामाजिक विकृतिको नमुनाको रूपमा पनि लिन सकिन्छ भन्ने विचार दिइ समीक्षा गरेकी छन् ।

उपर्युल्लिखित समीक्षात्मक लेखहरूमा **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको प्रसङ्गवश सामान्य चर्चा, आंशिक विश्लेषण एवं मूल्याङ्कन गरिएको पाइन्छ । तसर्थ यतिले मात्र यस उपन्यासको अध्ययन, विश्लेषण मूल्याङ्कनमा पूर्णता नहुने कुरा प्रष्टिन्छ । त्यसैले यस शोधपत्रमा यस उपन्यासको वस्तुनिष्ठ अध्ययन गरी विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र उपयोगिता

पूर्वकार्यको अध्ययन एवं समीक्षाबाट के स्पष्ट हुन्छ भने शान्ता श्रेष्ठको **'सङ्घर्ष भित्रका अनौठा पाइला'** उपन्यासको बारेमा समान्य चर्चा भए तापनि यसको समष्टिगत रूपमा कृतिपरक अध्ययन अहिलेसम्म भएको देखिदैन । तसर्थ, यस शोधमा श्रेष्ठको उपर्युक्त उपन्यासलाई उपन्याको विद्या तत्त्वहरूका आधारमा अध्ययन र विश्लेषण गरिएको हुनाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण  छ ।

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको कृतिपरक अध्ययन र विश्लेषणले नेपाली उपन्यासको परम्परामा आएको यस उपन्यासका बारेमा जान्न, बुझ्न, चाहानेहरूका लागि यथोचित सहयोग पुऱ्याउन उपयोगी भूमिका निर्वाह गर्दछ ।

## १.६ प्रस्तुत शोधकार्यको सीमाङ्कन

शान्ता श्रेष्ठको सामान्य परिचय दिई उनीद्वारा रचित **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यसशोधकार्यको सीमाङ्कन हो ।

## १.७ शोध विधि

प्रस्तुत शोधसमस्या समाधानार्थ उपलब्ध शोध सामग्री पत्र-पत्रिका, समीक्षात्मक लेख, स्रष्टासँगका कुराकानीहरू आदिको उपयोग गरिएको छ । यस शोधकार्यमा मूलतः विषयपरक शोधविधि तथा समीक्षा शास्त्रका सिद्धान्तमा केन्द्रित रही विश्लेषणात्मक विधिसमेत प्रयोग गरिएको छ ।

## १.८ (क) सामग्री सङ्कन विधि

प्रस्तुत शोधकार्यका निम्ति मूलतः पुस्तकालयीय अध्ययन विधिमा अधिक निर्भर रही शोध सामग्री सङ्कलन गरिएको छ । साथै आवश्यतानुसार जानेबुझेका अन्य व्यक्ति-व्यक्तित्वसँग साक्षात्कार गरी प्राप्त सूचनालाई पनि आवश्यक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

## १.८ (ख) सामग्री विश्लेषण विधि

प्रस्तुत शोधसमस्या समाधानार्थ सङ्कलित सामग्रीलाई शान्ता श्रेष्ठको **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको कृतिपरक अध्ययनमा आवश्यकतानुसार शोधसमस्या समाधानका लागि उचित सैद्धान्तिक आधारमा उपयुक्त सामग्रीहरूको छनौट विधि प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवं वैज्ञानिक बनाउनका लागि निम्न अनुसार परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : शान्ता श्रेष्ठको परिचय र रचनाधर्मिता

परिच्छेद तीन : औपन्यासिक तत्त्वको आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको **विश्लेषण**

परिच्छेद चार : 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका विशेषताहहरू निरूपण

परिच्छेद पाँच : समग्र निष्कर्ष तथा मूल्याङ्कन

सन्दर्भ सामग्री सूची

# परिच्छेद दुई

# उपन्यासकार शान्ता श्रेष्ठको परिचय र रचना धर्मिता

## २.१ जीवनी र व्यक्तित्व परिचय

साहित्यकार शान्ता श्रेष्ठको जन्म वि.स. १९९१ साल फागुन १४ गते वागमती अञ्चलको काठमाडौँ  जिल्ला स्थित क्षेत्रपाटी भन्ने ठाउँमा भएको हो । उनी बुबा आनन्द लाल श्रेष्ठ र आमा मोहनमाया श्रेष्ठकी चौथो सन्तानका रूपमा जन्मिएकी हुन । हाल उनी आफ्नो जन्मस्थानमा नबसी काठमाडौँ स्थित बत्तीसपुतलीमा अवस्थित आफ्नै निवासमा बस्छिन् । यस परिच्छेदमा विशेष गरी उनै उपन्यासकार शान्ता श्रेष्ठको साहित्यिक परिचय प्रस्तुत गरिन्छ ।

## २.२ शिक्षादीक्षा

उपन्यासकार शान्ता श्रेष्ठको औपचारिक शिक्षा हासिल गर्ने क्रम काठमाडौँको पद्मोज्याति विद्यालयबाट सुरू भएको हो । उनले विद्यालयबाट कक्षा पाँचसम्मको अध्ययन पूरा गरिसकेपछि देशको तत्कालीन राजनीतिक परिवेशका कारण कक्षा ६ देखि प्रवेशिका उत्तीर्ण नहुँदासम्मको अध्ययन भारतको इलाहवाद स्थित जगत तरन कन्या कलेजमा गरिन् । विद्यार्थी जीवनदेखि नै राजनीतिमा विशेष चासो राख्ने श्रेष्ठले स्वदेश फर्की त्रिचन्द्र कजेलबाट आइ.कम र पब्लिक कलेज काठमाडौँबाट वी.कम गर्दै त्रिविविबाट एम.कम. सम्मको उच्च शिक्षा हासिल गरेकी छन् (राई, सरीला २०६५ : पृ. ८-९) । यसरी उपन्यासकार श्रेष्ठले औपचारिक शिक्षा अनेकन आरोह अवरोहका पारगर्दे स्वदेशी तथा विदेशी विद्यालय एवं विश्वविद्यालयबाट शिक्षादीक्षा हासिल गरेको पाईन्छ ।

## २.३ साहित्य लेखन प्रारम्भ र प्रेरणा

बात्यकालदेखि नै जिज्ञासु एवं प्रतिभाशाली बालिकाका रूपमा परिचित साहित्यकार शान्ता श्रेष्ठ साहित्य लेखनका लागि प्रेरणा र प्रभाव गतिशील समाजबाट प्राप्त गरे तापनि आफ्नाप्रेरक व्यक्तित्वका रूपमा सरोज कोइरालालाई लिन्छिन् । साहित्य लेखनमा आख्यानकार वी.पी. कोइराला, पारिजात, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ जस्ता साहित्यकारहरूका विभिन्न विधाबाट प्रेरित भएको बताउँछिन् । स्वेदेशका मात्र नभएर भारतका साहित्यकार मनु भण्डारी, भगवती चरण, कृष्ण चन्द, लगायत प्रख्यात रूसी साहित्यकार म्याक्सिम गोर्की आदिबाट प्रेरणा लिई साहित्यतर्फ लागेकी हुन्  (राई सरीला, २०६५ : १४-१५ ।

## २.४ प्रकाशित/अप्रकाशित कृतिहरू

### क) प्रकाशित कृतिहरू

शान्ता श्रेष्ठले हालसम्म नेपाली साहित्यका विविध विधामा कलम चलाइ सकेकी छन् । उनका हालसम्म १२ वटा विभिन्न विधागत कृतिहरू प्रकाशित छन् भने केही कृतिहरु अप्रकाशित छन् तिनको विवरण निम्न अनुसार छ :

- उपन्यास : **सङ्घर्ष भित्रका अनौठा पाइला** (२०५८) र **घाउ उसको दुःखाइ मेरा** (२०६०)
- कथा : **सारङ्गीमा नआटाएको सुर** (कथासङ्ग्रह २०४२), **दिलवैराग** (कथासङ्ग्रह २०५०) र **शान्ता श्रेष्ठको कथाहरू** (कथासङ्ग्रह, २०६२)
- कविता : **बोलाएँ बिहानी मैले** (कवितासङ्ग्रह २०४७)
- रेडियो नाटक : **दिन होइन साँझपछिको रात** (रेडियो नाटकसङ्गह. २०४६)
- संस्मरण : **तेत्तीस पुतली** (संस्मरण २०५२), **अन्धकार भित्रको अन्धकार** (संस्मरण, २०६३), **अन्धकारको गर्भभित्र** (संस्मरण, २०६४), **यो कथा होइन** (संस्मरण, २०६५)

### ख) अप्रकाशित कृतिहरू

१) **अब सुन्नु छैन** (कवितासंङ्ग्रह)

२) **प्रतिघात** (कथासंङ्ग्रह)

३) **दिव्यज्योति** (बलात्कृत किशोरीको आत्मकथा)

४) **तारा खड्का** (२०४६ सालका घाइतेको आत्मकथा)

५) **रिहाइ भाग एक** (विधा छुट्याउन बाँकी)

६) **रिहाइ भाग दुई** (विधा छुट्याउन बाँकी)

## २.५ कृतिलेखनका विविध आयाम तथा पक्ष

शान्ता श्रेष्ठको साहित्यिक सिर्जनाको यात्रा वि.स. २०४२ सालमा **सारङ्गीमा न अटाएको सुर** शीर्षकको कथासंङ्ग्रह प्रकाशनबाट अगाडि बढेको कुरा उनकै कृतिहरूबाट प्रस्टिन्छ । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएकी छन् । तिनै विधागत कृतिहरूका आधारमा उनको साहित्यिक व्यक्तित्वलाई निम्न अनुसार देखाउन सकिन्छ ।

### २.५.१ कथाकार व्यक्तित्व

शान्ता श्रेष्ठको साहित्यिक यात्राको थालनी कथा विधाबाट भएको हो । उनले हालसम्म तीनवटा कथासङ्ग्रह प्रकाशित गरि सकेकी छन् जसमा पहिलो **सारङ्गीमा नअटाएको सुर** हो । यसकथा सङ्ग्रहभित्र ३० वटा कथाहरू सङ्गृहीत छन् । यी कथाहरूमा समाजका भोकानाङ्गा र दु :खीहरूको यथार्थ चित्रण गर्दै नारी समस्यालाई उजागर गरिएको छ । यसमा समाजलाई अग्रगति प्रदान गर्न सामाजिक बेथिति था विकृति प्रति तीव्र विरोध प्रकट गरिएको छ । यी कुरा कथाका पानामा यसरी बोलेका छन् : ..... *मेरो आँखाले उसका खुट्टाको कुर्कुच्चा भेट्टाउँछन् । तुसारोको धारले छियाछिया पारिसकेको छालाबाट केही रातोपन देखिएको हुन्छ ।*

> *उसको हिँडाइ सम्भन्छु । नाङ्गो खुट्टाले नाप्नुपर्ने बाटो दिनको पाँच कोश हुन्छ । त्यसमा थप दुई कोश हुन्छ (हाकिमको काम) मन नमीठो भएर आइदिन्छ । एक कप तातो चिया उसलाई दिएको भए पनि त हुन्थ्यो (शोषण शीर्षक कथा ( पृ.१२५) ।*

उनलाई कथाकारका रूपमा चिनाउने अर्को पुस्तकाकार कृति, **दिल बैराग** २०५९ कथासङ्ग्रह) हो यस कथाभित्र १५ वटा कथाहरू संङ्गृहीत छन् । यस कथासंङ्ग्रभित्रका अधिकांश कथामा नारीमनमा दबिएर रहेका पीडा, व्यथा, छटपटीहरूलाई उजागर गरिएको छ । कथाहरू सम्पूर्ण सामाजिक विसङ्गतिमाथि प्रहार गर्न सफल छन् । कथाभित्र घटनाहरू यसरी आउँछन् :

> *भ्याम्लीको विचल्ली विरह र व्यथाले सबैलाई हरूवाइदिन्छ । पल्लवी र अन्यले उसलाई सम्भाइ बुझाइ बल्ल बल्ल फर्काएर ल्याउँछन् । पल्लवीले आफ्नो लुगा दिइ उसको भिजेका लुगा फेर्न लगाउँछे । उसलाई तातो चिया पिलाउँछे (**दिलवैराग** पृ.७०) ।*

श्रेष्ठको अर्को कथाकृतिका रूपमा **शान्ता श्रेष्ठका कथाहरू** २०६२ आएको छ जसमा २२ वटा कथाहरू सङगृहीत छन् । अन्य कथाहरूमा झैँ यसमा पनि नारीमनका विविध पाटाहरूलाई उदघाटित गर्दै देशमा व्याप्त रहेको भ्रष्टाचार, प्रतिभाको अवमूल्यन, बेरोजगारी समस्या र वर्गीय असमानता जस्ता समकालीन समाजका विकृत पक्षहरूको उद्घाटन गरिएको छ । कथाभित्र उल्लेखित तलका प्रसङ्गले यी माथिका विशेषता झल्काएका छन्

*आज जीवनको अन्तिम घडीमा आइपुग्दा पनि कतैबाट तिनीहरूको नाम समेत उच्चारण नगरिनु सानो गल्ती र गद्दारी होइन...... कार्यकर्ताको खुट्टाको जुत्ता छैन, नेताहरू पचासौं लाखको पजेरो किनेर चढेका छन् (बजार खोटो सिक्काको- पृ. २३)*

यसरी हेर्दा समग्रमा यी कथासङ्ग्रहहरूमा कथाकार श्रेष्ठले नेपाली समाजमा व्याप्त गरिबी, अशिक्षा, अन्धविश्वास, कुरीति, कुसंस्कार, विसङ्गति, शोषण-दमन, भ्रष्टाचार जस्ता खराब पक्षको जीवन्त चित्रण गर्दै समुन्नत समाज निर्माणमा यी तत्त्व बाधक भएको तथ्य औँल्याएकी छन् ।

**२.५.२ कवि व्यक्तित्व**

शान्ता श्रेष्ठले २०१३ सालमा रेडियो नेपालमा जागिरका रूपमा प्रवेश गरेपछि थुप्रै गीतिकविता मार्फत आफूभित्रको कविभावना प्रकट गर्न थालिन् । कविता लेखनको यात्रालाई २०६४ सालमा **बोलाएँ विहानी मैले** शीर्षकको कविता सङ्ग्रह प्रकाशन गरी मूर्त रूप दिइन् । उनलाई यसै कविता सङ्ग्रहले कविव्यक्तित्वका रूपमा चिनायो । २८ वटा कविताहरू सङ्गृहीत यस कवितासङ्ग्रहमा समसामयिक विषयवस्तु, सरल र सरस एवम् बोधगम्य प्रस्तुतिमा प्रेम, समर्पण र आशाका भाव प्रस्तुत छन् । यी कुरा **लट्ठिएर नहेर** शीर्षक कवितामा यसरी व्यक्तिएका छन् ।

लट्ठिएर नहेर तिमी आफैंलाई भुल्ने छौ ।
*हेर्दै नहेरे पनि मलाई त्यसै देख्ने छौ ॥*
*कसैले देख्ला भनी तिम्रो छायाले छेक्दै छु ।*
*डरले कामेर म तिम्रो आँखामा लुक्दैछु ।*
*कतिबेर राख्छौ तिमी मलाई आँखाभित्र*
*थाकेर आँशु झर्‍यो भने मेट्नेछ मेरो चित्र ॥*
*जे भन्नु छ भनिहाल भोलि कहाँ छ कहाँ*
*बितेको समय फर्केर आउँदैन यहाँ ॥*

यी माथिका अन्त्यनूसयुक्त कविता गोयात्मक हुनुका साथै रतिरागात्मक छन् । यो कवितासङ्ग्रहबाहेक उनका अन्य कवितासङ्ग्रह प्रकाशित भएको पाइँदैन ।

### २.५.३ उपन्यासकार व्यक्तित्व

उपन्यासकार शान्ता श्रेष्ठलाई चिनाउने उनका दुईवटा औपन्यासिक कृतिहरू छन् : **सङ्घर्ष भित्रका अनौठा पाइला** २०५८ र **घाउ उसको दुखाइ मेरो** २०६० । पहिलो उपन्यासको प्रकाशन लगत्तै दुई वर्षपछि दोस्रो उपन्यास देखा पर्छ । यी दुवै उपन्यासमा सामाजिक यथार्थवादी दृष्टिकोणको अभिव्यक्ति पाइन्छ । पूर्वदीप्ति शैलीमा लेखिएका यी उपन्यासहरूमा पहिलो उपन्यासले वि.स. २००७ सालको सेरोफेरोका तत्कालीन समाजमा व्याप्त अशिक्षा, अन्धविश्वास, गरिबी जस्ता कमजोरीका आडमा धामी, झाँक्री, बोक्सीको हवाला दिँदै सामाजिक बेथितिका पुजारी तथा ढोँगीहरूद्वारा आफ्नो स्वार्थपूर्ति गर्नका खातिर अनेक बहाना एवं हर्कत गरी समाजलाई सताउन चालिएका षड्यन्त्रपूर्ण कदमहरूको कलात्मक ढङ्गले प्रस्तुति गरिएको छ । यस्ता अहितकारी तथा असामाजिक क्रियाकलापहरू उपन्यासभित्रका सान्दर्भिक पङ्क्तिहरूले यसरी प्रस्तुत गर्दछन् :

> *त्यो बदमास झाँक्रीले बहिनीको गालामा तताएको पन्यूँले डामेको भए ? बहिनी पूरा होसमा रहेकी, मान्नै चाहिन्, हाम्रा आफन्तहरू पनि त्यस्तै । रातै हुनेगरि तताएको पन्यूँ त्यसलाई दिने हो ? अझ डाम्ने हौसला दिने (पृ.६३) ?*

त्यसैगरी दोस्रो उपन्यास **घाउ उसको दुखाइ मेरो** २०६० ले पनि हाम्रो समाजमा विद्यमान रहेको छोरीलाई अर्धेलो ठान्ने, उसलाई आफ्नो शरीरको निर्णय आफैले गर्नबाट वञ्चित गर्ने, छोरीले गरेको प्रेमलाई अनर्थ मान्ने, छोरीलाई भोग्य वस्तुका रूपमा परिभाषित गर्ने र बाबुआमाको स्वनिर्णय नै उनीहरूले मान्नुपर्ने बाध्यकारी चलन र त्यसबाट पीडित महिला वर्गको पीडालाई कलात्मक ढङ्गले औपन्यासिक स्वरूप दिइएको छ । यस उपन्यासमा घटनाका रूपमा छोरीले प्रेम गरेर विवाह गरेको ज्वाइँलाई अस्वीकार गरी अर्कै पुरुषसँग बेचेको जस्ता दर्दनाक एवं मार्मिक घटनाको चित्रण गरिएको छ । यसरी यी दुवै उपन्यासमा सामाजिक विसङ्गति र त्यसले  उब्जाएको द्वन्द्वको सफल प्रस्तुति गरिएको छ ।

### २.५.४ नाटककार व्यक्तित्व

नेपाली साहित्यमा नाटककारका रूपमा पनि शान्ता श्रेष्ठलाई **दिन होइन, साँझ पछिको रात** २०४६  रेडियो नाटक सङ्ग्रहले परिचित गराएको छ । यसमा सङ्गृहीत पाँचवटा नाटकहरू वि.स. २०१३ सालदेखि जागिरेको जीवन सुरुवात गरेबाटै ३० औं वर्षको रेडियो नाटक लेखन यात्राको सङ्कलित रूप हुन् । उनका धेरै नाटकहरू प्रकाशितभन्दा प्रसारित भएका छन् । प्रस्तुत प्रकाशित नाटकहरू जीवन र जगतका विकृत पक्षहरूलाई

नाटकीकृत गरी पाठकको आफ्नै व्यथा महसुस हुनेगरी देखा परेका छन् । नाटकभित्रका अवयवहरू यसरी बोल्छन् :

*खबदार मलाई उसको ठाउँमा राख्न सक्दैनौ, त्यस्ती अपराधीसित तुलना गर्न तिमीले कसरी साहास गर्न सक्यौ ? मैले तिमीलाई चाहेकी छु भन्दैमा तिमीप्रतिको मेरो कमजोरीले जे पनि सहने छ भनी नठान्नू, तिमीप्रतिको मेरो मायामा मेरो जीवन चढाए पनि मेरो अस्मिताको हत्या गर्न सक्दिन (पृ. ९७) ।*

यसरी नाटकमा पनि जनमानसमा कालो बादल भई मडारिने अनेकन् विकृत पक्षहरूले दूषित पारेको समाजको शब्दचित्र नाटक बनी सहजै उत्रिएको छ ।

### २.५.५ निबन्धकार व्यक्तित्व

साहित्यकार शान्ता श्रेष्ठ विभिन्न विधामा कलम चलाउने क्रममा निबन्ध विधामा पनि सशक्त ढङ्गले प्रस्तुत भएकी छन् । उनलाई निबन्धकारका रूपमा चिनाउने पाँचवटा निबन्ध सङ्ग्रह पुस्तकाकारका रूपमा प्रकाशित भइसकेका छन् । जसमा पहिलो प्रकाशित कृति **तेत्तीस पुतली** २०५० निबन्ध सङ्ग्रह हो । यसमा श्रेष्ठले आफ्नो बाल्यकालको चित्रण गर्दै पढाइका लागि राजा त्रिभुवनले पैसा दिँदा पनि पढ्न नगई पुष्पलालले बोलाएतिर गएको संस्मरणात्मक ढङ्गले अभिव्यक्त गरेकी छन् । पुस्तकमा यी कुरा यसरी आएका छन् :

*म तिमीलाई अलिकति पैसा दिन्छु लिएर जानू, सरकार पैसा चाहिँदैन सबै बन्दोबस्त भइसकेको छ । हवाइ जहाजको टिकट पनि ल्याइसक्नु भएको छ (पृ. २०) ।* यसरी आफ्नो बाल्यकाल पढाइ र राजनीतिलाई यस संस्मरणमा उतारेकी छन् ।

उनको दोस्रो प्रकाशित निबन्धात्मक कृति **खाली हात** २०५२ निबन्ध सङ्ग्रह हो । यस कृतिमा श्रेष्ठले आफू रेडियो नेपालमा कार्यक्रम सञ्चालन तथा कालकारको भूमिकामा रहँदा घटेको घटना र पैंतीस वर्षे अस्थायी नोकरीमा रहेर गरेका सङ्घर्षहरूलाई केवल व्यदनाका रूपमा मात्र नभई साहासमा प्रस्तुत गर्दै आफ्ना जीवनका घुम्ती र मोडमा आएका विभिन्न पत्र र तस्बिरलाई समेत संस्मरणका रूपमा समावेश गरिएको छ (राई २०६५:३३) ।

उनको तेस्रो प्रकाशित कृति **अन्धकार भित्रको अन्धकार** २०६३ निबन्ध सङ्ग्रह हो । यस संस्मरणात्मक निबन्धभित्र उनले शासक वर्गको क्रूर एवं बर्बरताको चित्रण गर्दै आफ्ना भोगाइको वर्णन गरी सामन्ती राज्यसत्ताको कुरूप र ढोँगी चरित्रको पर्दाफास गरेका छन् ।

त्यसैगरी यसमा राष्ट्र र जनताको मुक्ति र स्वतन्त्रता एवं प्रजातन्त्रको निम्ति लड्ने हरेक सङ्घर्षशील योद्धाहरूको जीवनको संश्लेषण गर्दै महिलाहरूलाई आफ्नो अधिकारप्रति सचेत हुँदै अघि बढ्न मार्गनिर्देश गरेकी छन् ।

ती कुरा निबन्धमा व्यक्तिएका वाक्यांशहरूले यसरी औंल्याएका छन् :

*मैले सही गर्ने बित्तिकै भ्याप्प मेरो आँखामा नकाब लगाइहाले । मार्न लागेको कुखुराको जत्तिकै मेरो मुटुको चाल बढेको थियो । आक्रोशको काँडा शरीरभरि उम्रेका थिए । एउटा अत्यन्त ठूलो अपराध गरेको जत्तिकै म लगलग कामेकी थिएँ । मलाई सपना हो या विपाना छुट्याउन गाह्रो भएको थियो (पृ.१६८)।*

उनको चौथो निबन्धात्मक कृति **अन्धकारको गर्भ भित्र** २०६४ हो । यसमा पनि शासक वर्गको स्वार्थरक्षाका खातिर उसका सुरक्षाकर्मीले न्याय र समानताका पक्षपाती सर्वसाधारण जनताले भोग्नुपरेको मानसिक तथा शारीरिक यातनाको संस्मरणात्मक वर्णन गरिएको छ ।

श्रेष्ठको अन्तिम तथा पाँचौं पुस्तकाकार निबन्धात्मक कृति **यो कथा होइन** २०६५ हो । यसभित्र ३० वर्षे निरङ्कुश राजतन्त्रले इमानदार र कर्मठ जनतालाई दिएको सास्तीको यथार्थ चित्रण गरिएको छ । वस्तुपरक र आत्मपरक दुवै शैली यस निबन्धमा उपयोग गरिएको छ । यी रचनाहरूले समसामयिक सामाजिक, राजनैतिक, आर्थिक शैक्षिक देखि लिएर मनवतावाद, विश्वशान्ति, भ्रातृत्व, सामाजिक, सुधारका अनेकन स्वरहरू एवं राष्ट्रियता आदि प्रवृत्तिलाई औंल्याएका छन् (राई, : २०६५) यसरी शान्ता श्रेष्ठका पुस्तकाकार साहित्यिक कृतिहरूको विधागत सङ्क्षिप्त अध्ययनबाट उनलाई नेपाली साहित्य जगत्को सबल स्तम्भ हुन् भन्न सकिन्छ ।

### २.५.६ पुरस्कार तथा सम्मान

सानैदेखि मिहिनेती र अध्ययनशील शान्ता श्रेष्ठले सेवामा रहँदा होस् अथवा राजनीतिक क्रियाकलापमा लागेर होस् अथवा साहित्य लेखनमा समर्पित भएर होस्, अनेक सङ्घसंस्थाहरूबाट पुरस्कार, सम्मान एवं कदरपत्रहरू प्राप्त गरेकी छन् । ती निम्न विवरण अनुसार छन् :

- लोकप्रिय पुरस्कार (२०५७)
- पारिजात सङ्घर्षशील नारी पुरस्कार (२०५९)
- तलुसी पूर्णभक्त पुरस्कार (२०६१)

- पुराना राजनीतिक कार्यकर्ता समन गुठिबाट सम्मानपत्र (२०४९/११/९ मा)
- प्रजातन्त्र सेनानी सम्मान संस्थाबाट सम्मान पत्र (२०५३/१/१७)
- साहित्य सन्ध्याबाट सम्मानपत्र २०६४/२/२५)
- नेवा राष्ट्रिय मुक्तिमोर्चा सम्मानप (२०६३/११/२१)
- कर्तव्यपथ ग्रन्थप्रकाशन समितिबाट कर्तव्य  सम्मान पत्र (२०५५/१/१८)
- प्रजातन्त्र सेनानी संस्थाबाट सम्मान पत्र (२०५५/११/१८)
- हिराबहादुर खड्का साहित्य प्रतिस्ठानबाट सम्मान पत्र (२०५९/७/१०)
- श्री ५ मुमाबडा महारानी रत्नराज्य राज्यलक्ष्मी देवी शाह ७८ वर्षको जन्मोत्सबाट सम्मान पत्र (२०६२/५/५)
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सङ्घबाट सम्मान पत्र (२०६४/३/५)
- शिखर वाङ्मय सम्मान पत्र (२०६५/७/१२)
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सङ्घबाट कदरपत्र (२०५५/२/२७)
- श्री ५ त्रिभुवन स्मारक समितिबाट विशेष कदर पत्र (२०६१/१२/०९)
- अखिल नेपाल महिला सङ्घ केन्द्रीय समितिबाट गुठीबाट कदर पत्र (२०६३)
- ग्वाहाली गुठीबाट कदरपत्र (२०६३)
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) विशेष केन्द्रीय कमाण्डबाट अभिनन्दन पत्र (२०६३/४)
- महाकवि देवकोटा शताब्दी सम्मान पत्र (२०६६/१२)
- नेपाल कर्मचारी सङ्घ रेडियो नेपाल कदर पत्र (२०६७/०८/०१)

## २.६ शान्ता श्रेष्ठका कृतिहरूमा पाइने विशेषता एवं प्रवृत्तिहरू

साहित्यकार शान्ता श्रेष्ठले नेपाली साहित्यको कथाविधाबाट आफूलाई यस क्षेत्रमा प्रवेश गराई हालसम्म कथा, कविता, निबन्ध, नाटक, उपन्यास जस्ता विभिन्न विधाका कृतिहरू पाठकसामु प्रस्तुत गरेर आफ्नो साहित्यिक प्रतिभा देखाइसकेकी छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरूमा **सारङ्गीमा नअटाएको सुर** २०४२, **रेडियो नाटक** २०६४, **बोलाएँ बिहानी मैले** कविता सङ्ग्रह २०४७, **दिल बैरोग** (कथासङ्ग्रह २०४९, **तेत्तीस पुतली** आत्मसंस्मरण २०५०, **खाली हात** संस्मरण २०५२, **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास २०५८, **घाउ उसको दुखाइ मेरो** उपन्यास २०६०, शान्ता श्रेष्ठका कथाहरू कथासङ्ग्रह

२०६२, **अन्धकारभित्रको अन्धकार** संस्मरण २०६३, **अन्धकारको गर्भभित्र** (संस्मरण २०६४ र **यो कथा होइन** संस्मरण २०६५ छन् । यिनै कृतिहरूका आधारमा श्रेष्ठको समग्र साहित्यिक प्रवृत्ति र विशेषतालाई निरूपण गरिएको छ ।

### २.६.१ सामाजिक यथार्थवादी प्रवृत्ति

समाजको आर्थिक संरचनाबाट पीडित बनेर सिकार भएका जीवन भोगाइलाई कर्मको फल ठान्ने, दुष्कृतिका षड्यन्त्रहरूबाट पीडित क्षणहरूलाई पनि प्रारब्धको आर्जन ठान्ने, जाति, धर्म, लिङ्ग, वर्ण आदिका कृत्रिम आवरणलाई व्यापक रूपमा राखेर सिकारको कारण रूपमा प्रस्तुत गर्ने कला सामाजिक यथार्थवादी चिन्तनकला हो (सुवेदी, २०६४ : १०७) । यसरी सामाजिक यथार्थवादी मान्यताले सामान्य तथा निम्न वर्गीय चरित्र, स्वीकृत यथार्थ र कटुसत्यलाई प्राथमिकता दिन्छ । वैज्ञानिक तथ्यलाई शिरोधार्य गर्दै यसले नेपालका दूरदराजका गाउँले जीवनका संस्कारगत गतिविधि, समसामयिक समाज, जीवन र घटित घटना तथा आफ्नो पारिवारिक परिवेशको यथार्थ स्थितिको अभिव्यक्ति दिन्छ । समाज र जीवनको यथार्थता एवं वस्तुस्थितिजन्य वास्तविकतालाई पूर्णरूपले इमान्दारीसाथ देखाई चित्रहरू प्रतिबिम्बित गर्दै वस्तुस्थितिलाई यथार्थ रूपमा जेजस्ता छन् ठीक त्यस्तै गरी तिनको अङ्कन गरिएको हुन्छ ।

शान्ता श्रेष्ठ सामाजिक यथर्थावादी प्रवृत्ति भएकी उपन्यासकार हुनाले उनले आफ्ना सिर्जनामा नेपाली सामाजिक जनजीवनका ज्वलन्त समस्याहरूलाई समेटेकी छन् । उनले दिल बैराग कथामा नेपाली ग्रामीण क्षेत्रमा गरिब तथा असहाय मानिसले भोग्नुपरेका कारुणिक दुःखदायी तीतो यथार्थको चित्रण गरेकी छन् । यस कथामा नेपालकै तराई भेगको एउटा गरिब गाउँमा अवस्थित रामप्रसादको घरपरिवेशलाई रोग, भोग र शोकको ज्वलन्त उदाहरणका रूपमा उभ्याइएको छ । कथामा प्रस्तुत बाबु रामप्रसाद र उसकी छोरी मदिना अनि उनीहरूका घरमा आइरहने एक टुहुरी असहाय केटी (करिब १८ वर्ष) झ्याम्लीले भोग्नुपरेको दुःखदायी पीडा वास्तवमै नेपालका ग्रामीण सामाजिक जीवनको दर्पण हो ।
कथाभित्र घटना यसरी व्यक्त भएको देखिन्छ :

> *अलिपर पुगेकी झ्याम्लीलाई सेतो लुगा लगाएको मान्छेले लखेटी रहेको देख्ने वित्तिकै पल्लवी कराउँछे .मदिना ! छिटो दगुरी झ्याम्लीलाई बचाऊ मदिना छिटो दगुर .... झ्याम्लामा हेर्छे त्यहाँ सेतो लुगा लगाएको मान्छे छैन । पल्लवी हुर्रिएर कोठा बाहिर पुगी आँतुरीले त्यही दक्षिणतिर सोझिएको सानो बाटोबाट*

*दगुर्छे.....समात....समाप्त.....चिच्याएँदै मदिनाको पछिपछि दगुरी रहन्छे । तिनीहरको स्वर सुनेर हो कि सेतो लुगा लगाएको मान्छेले झ्याम्लीलाई लखेट्न छोडि पूर्वपट्टि दगुरेर जान्छ । झ्याम्ली पश्चिमपट्टि बेतोडले भागिरहन्छे । मदिनाले कराउँदै भन्छे झ्याम्ली अड-अड झ्याम्ली फर्केर आउ झ्याम्ली....मदिनाले उसलाई भेटाउनै लाग्दा नदीमा हाम फाल्छे, माछा मार्न बसेका माझीले नदीमा हाम फाली झ्याम्लीलाई बचाउँछन् (दिल वैराग पृ.६९) ।*

*हजुर....हजुर.....मलाई पनि काठमाडौँमा लैजानुस न । मेरो कोही छैन । म अति गरिब छु । अति दुःखी छु । जसले पनि मलाई हेपेर तान्न आउँछन् । यो गाउँमा म बाँच्न सक्तिनँ । सबैले मलाई हेला गर्छन् " झ्याम्ली धरधरी रोइदिन्छे (दिल वैराग पृ.६४) ।*

यसरी नेपाली ग्रामीण जनजीवनमा व्याप्त गरिबीका कारण सर्वसधारणले तथा असहाय नरनारीहरूले दुराचारीहरूबाट आर्थिक, शारीरिक तथा मानसिक शोषण भोगी नारकीय जीवन बाँच्नु पर्दाको दुरूह अवस्था प्रस्ट्याइएको छ ।

त्यसैगरी **सारङ्गीमा नअटाएको सुर** शीर्षक कथाभित्रको श्याम दाइ र उनको परिवारले ग्रामीण समाजको प्रतिनिधित्व गर्दछन् । अशिक्षा ,गरिबी, अन्धविश्वास, चरित्रहीनता नेपाली समाजका शत्रु हुन् । यसै कारण नेपाली समाजमा सोझासादाले दुःख पाएका छन् । उनीहरूको जीवन विसङ्गत बनेको छ भन्ने कुरा सामाजिक यथार्थवादी ढङ्गले चित्रण गरिएको छ ।

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको विषयवस्तु नेपालीले देखे भोगेका तीतो यथार्थ हो । यसभित्र प्रयुक्त विषय, घटना, चरित्र, परिवेश र भाष शैली सबै सामाजिक यथार्थ धरातलबाट साभार भएका छन् । नेपाली समाजमा स्थापित मूल्यमान्यतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासकारले उपन्यासमा घटेको घटनालाई आफ्नै भोगाइ तथा प्रत्यक्षदर्शी भएर समाजले स्विकारेका यथार्थ सत्यलाई प्राथमिकता दिएका छन् । उपन्यासमा वि.स. २००७ साल र त्यसैको सेरोफेरोमा अवस्थित नेपाली ग्रामीण समाज जहाँ अशिक्षा, गरिबी, अन्यविश्वास एवं छट्टू र दुराचारी मानसिकता भएका सामाजिक पशुहरूले सोझा सिदामाथि गरेका आर्थिक, मानसिक तथा शारीरिक शोषणलाई पूर्वदीप्ति शैलीमा औपन्यासिक रूप दिँदै समाजमा घटेका तथा घट्न सक्ने सामान्य घटनाको विकराल परिणामप्रति पनि सङ्केत गरिएको छ । वास्तविक सामाजिक

यथार्थवादको अनुभूति गराउनका लागि चीवर (गेहरू वस्त्र) लगाएको स्वामीले ककनी लगायत काठमाडौँ आसपासका ग्रामीण भेगका अन्धविश्वास र  गरिबीले ग्रसित नरनारीहरूमाथि नपत्याउँदो तर डरलाग्दो पारामा गरेको अत्याचार एवं दुराचारी क्रियाकलापलाई स्थानीय भाषाशैली, बोलीचाली, एवं रहनसहनको रूपमा झाँकी प्रस्तुत भएको छ :

> *स्वामीले पहिले नै भनेकोले त्यही लुगा लिन कोठातिर गएँ । एकै छिनमा स्वामी म र ती आइमाइहरू फर्केर बाहिर चौरमा जुट्यौं । गाउँ र गाउँलेहरूको शरीरले जर्जर, विकट र अभावपूर्ण अवस्थाको प्रदर्शन गरिहेको थियो । मोटर बाटो बनिसकेकोले ककनी त्यति टाढा नभएर पनि निकै टाढाको मानौँ अठारौँ शताब्दीको अभावग्रस्त बस्तीमा नै रुमलिएको थिए सबै (पृ.७९-८०) ।*

तसर्थ शान्ता श्रेष्ठका रचनाका पात्रहरू सामाजिक यथार्थवादको धरातलमा उभिएर मानवीय जीवनसँग सम्बन्धित सम्पूर्ण वस्तुतथ्यको स्वभाविक अभिव्यक्ति दिन सक्षम देखिन्छन् ।

### २.६.२ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

समाजको उन्नतोन्मुखी कार्यहरूको अभीप्सा मानव हिततर्फ उन्मुख भएको देखिन्छ र शोषण, दमन र उत्पीडनप्रतिको कटु विद्वेष देखिन्छ भने त्यो यथास्थितिप्रतिको आलोचना हो र त्यही चिन्तन प्रणाली आलोचनात्मक यथार्थावाद हो । यस आलोचनाभित्र समाजको हितविरूद्ध जुट्ने खुराफातीहरूको विरोध र समाजका हितको पक्षमा जुट्ने सहायक तत्त्वको अन्तर नियालिएको हुन्छ (सुवेदी, २०६४:१८३) । यसरी जीवन भोगाइका क्रममा आज सामाजिक परम्पराको विखण्डन भएको छ । नैतिकताको खुलेआम बिक्री भएको छ । अनि आधुनिकताको नाममा जसरी भए पनि शक्ति र सम्पत्ति हत्याउँने नै प्रवृत्ति बढीरहेको छ । मानिसलाई उँभो लाग्न नदिएर गतिहरूद्ध गर्ने समाजका अहितकर कार्यहरू, दूषित तत्त्वहरू अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना आलोचना गर्दै समाज सुधारको बाटो देखाउनु आलोचनात्मक यथार्थवादी साहित्यकारको धर्म हो । यसै धरातलमा जन्मेको यथार्थवाद र विसङ्गतिको चित्रण गर्दै आलोचनात्मक स्वर उराल्नु शान्ता श्रेष्ठको प्रवृत्ति हो । उनको **तेत्तीस पुतली** संस्मरणात्मक निबन्धमा व्यक्तिगत जिम्मेवारी र सामाजिक उत्तरदायित्व धमिलिएको छ; नैतिकताको चमक हराइरहेको छ,

अहङ्कार र हेपाहा प्रवृत्ति छताछुल्ल भएको र सामान्य मानवता पनि मरणासन्न भएको स्थितिप्रति यसरी कटु आलोचना गरिएको छ :

> *मिश्रजी कस्तो अभागी! तेत्रो पढेलेखेको नामी नेताको घरमा सँधै अशान्ति भावी नरोएको दिनै हुदैनथ्यो । आफै निहुँ खोज्ने, आफै हरूने । हरून्चे लागेको बच्चा जस्तो । त्यस्तीले स्कूलमा कस्तो व्यवहार गर्दिहुन् ? म अक्सर विचार गर्थे । एक दिन गाउँबाट मिश्रजीका दुईवटी दिदीहरू आएका थिए । विचरीहरू विधवा, त्यसमा पनि सारै नै गरिब देखिन्थे । भावीजीले रणसङ्ग्राम गरेर आएको पर्सिपल्ट देहात फर्काइकन छोडिन । मिश्रजीको केही लागेन केही भन्यो कि भावीजीको मर्न जान्छु भनेर घर बाहिर हुरिने बानी थियो । अनि इज्जतदारलाई त सारै नै मर्का पर्ने रहेछ । त्यस्तो बुद्धिमान, शान्त स्वाभावका मिश्रजी अति नै सहनशील भएका यतिसम्म कि आफ्नो भाइ मुन्नाले भाउजूको धोती धोएर सुकाइ, स्त्री गरिरहेको देख्दा पनि केही भन्दैनथे शिर झुकाइ बसिरहन्थे (तेत्तीस पुतली निबन्ध सङ्ग्रह २०५०:४१) ।*

यसै गरी **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा पनि समाजमा व्याप्त अन्धविश्वासको पर्दा भित्र रहेर स्वामी जस्तो व्यक्तित्वले कपाल मुण्ठन गरी चिवर (गेरहरू वस्त्र) धारण गरी अशिक्षित गरिब, एवं निमुखा नेपाली चेलीमाथि शारीरिक तथा मानसिक शोषण गर्ने घर गृहस्ति त्यागेर हिँडेको व्यक्ति धनदौलतका लागि मरिमेट्ने केटी बेच्ने, यौन शोषण गर्ने जस्ता अस्वभाविक आमानवीय क्रियाकालपको आलोचनात्मक यथार्थवादी दृष्टिले प्रस्तुत गरेकी छन् । स्वामीले हातमा माला जप्तै काठमाडौं र आसपासका भूभागमा समाज सेवा गर्ने नाममा गुप्त रूपले गरिब तथा अशिक्षित महिलाहरूमाथि यौन शोषण गर्ने, अनेक बहानामा चेलीबेटीहरूलाई बम्बई पुऱ्याई बेच्ने, संसारिक सुखभोग त्यागेर घरबाट हिँडेका बुद्धधर्मालम्वी स्वामी जग्गा किनबेच तथा विभिन्न आर्थिक लाभको चाँजोपाँजो मिलाउँदै हिँड्ने छद्भमेसीको अवाञ्छित क्रियाकलापलाई श्रेष्ठले आलोचनात्मक यथार्थवादी शैलीमा चित्रण गरेकी छन् । धामी, झाँक्री, बोक्सी, भूत, प्रेत, जस्ता अपारदर्शी संस्कारको आडमा केही ढोँगी व्यक्तिहरूले समाजका सोझासादा मानिसहरूलाई अनाहकमा अमानवीय यातना दिएको, घरपरिवारमा विग्रह ल्याएको जस्ता घटनाहरूको पनि आलोचनात्मक यथार्थवादी ढङ्गले प्रस्तुत गरेकी छन् ।

### २.६.३. मानवतावादी प्रवृत्ति

मोटामोटी रूपमा भन्ने हो भने मानवलाई सर्वाधिक महत्व दिने दृष्टिकोण, विचार धारा, मूल्यमान्यता वा सिद्धान्त र प्रवृत्ति नै मानवतावाद हो । (जोशी,कुमारबहादुर २०६६:१२९) जोशीले मानवजीवनको मूल्य स्वीकार गर्नु र कल्याण चाहानु नै यसको महत्वपूर्ण विशेषता हुन भनेका छन् ।

शान्ता श्रेष्ठ मानवतावादी प्रवृत्ति भएकी साहित्यकार हुन् । 'उनको बाटो नै नभएको त होइन' कथामा मालिक्नीलाई मानवता बिरोधी चरित्रका रूपमा प्रस्तुत गरेकी छन् भने सावित्रीलाई मानवतावादी चरित्रको रूपमा देखाएकी छन् । यस कथाकी पात्र सानीले आफ्नो न्युनतम् आधारभूत अधिकार पनि नपाएर जीवनमरणको दोसाँधमा छ । यहाँ मानवतावादी पर्खाल यसरी ढलेको छ :

> *हेर सावित्री संस्था खोल्नेहरू पनि तिम्री साथी मालिक्नी जस्तै बदमास अनैतिक, चरित्रहीन, शोषक तथा अराजक नै हुन् । एक जना तिम्रो साथीलाई त सम्झाउन सकिनौ भने अहरूको के कुरा गर्ने ? यही दुःखले त मलाई पीरेको छ । तर हेर्नुस् सानीलाई मुक्ति दिलाउन नसकेसम्म म शान्तिले सासफेर्ने छैन (शान्ता श्रेष्ठका कथाहरू कथासङ्ग्रह २०६२:१६२) ।*

यहाँ मालिक्नीले गाउँबाट सानीलाई सहर ल्याएर अनेक यातना दिदैं शारीरिक तथा मानसिक शोषण यतिसम्म गरी कि खान लगाउन नदिई कुटपिट गरी थुनेर राखी जसका कारण सानी रातदिन रोइरहन्थी । यस्तो अवस्थामा उसलाई सावित्रीले मुक्त गर्ने प्रयत्न गरिरहेकी देखिन्छ । यसरी यस कथामा मानवतावादी प्रवृति झल्काइएको छ ।

त्यसैगरी **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा पनि मानवतावादी स्वरहरू टड्कारो रूपले मुखरित भएको पाइन्छ । उपन्यासको प्रमुख पात्र, 'म' स्वतन्त्रता, समानता भ्रातृत्व र मानव कल्याणमा विश्वास राख्ने, आधुनिक मानवतावादी चरित्रको प्रतिनिधि पात्र हुन् । उनी प्रजातन्त्र, सार्वभौमिकता र शोषण एवं भेदभाव रहित समाजको पक्षपाती भएकाले ठग्ने, दमन गर्ने, शोष्ने जस्ता मानवता विरोधी क्रियाकलापको ठाडो विरोध गर्छिन् । यसै सिलसिलामा लड्दा लड्दै जेल जीवनसमेत भोगेकी छन् । त्यसैगरी उनले अनेक बहानामा यौन शोषण गर्ने र चेलीबेटी बेचबिखन गर्ने स्वामीलाई प्रहरीबाट पक्राउन सफल भई समाजप्रतिको उत्तरदायित्त्व पूरा गरेकी छन् ।

उपन्यास भित्र मानवतावादी चिन्तन विभिन्न घटना मार्फत यसरी प्रस्तुत भएको छ :

*तपाईँ बढ्ता चलाख हुने प्रयत्न नगर्नुहोस् , तपाईँको नियत राम्रो भएको भए, तपाईँले मेरो बासित सल्लाह गरी अनुमती लिनपर्ने थियो । मेरो बाको जानकारी बिना नै मेरो आमा र बहिनीलाई भारतमा लाने साहास तपाईँले कसरी गर्नुभयो ? यो घरबाट तपाईँले पाइरहनुभएको मानसम्मानको घाँटी तपाईँ आफैंले नै रेट्नु भयो । तपाईँ अपराधी हुनुहुन्छ । म तपाईँलाई जेल हाल्न सक्छु बुझ्नु भो ? म तपाईँलाई छाड्दिन (पृ. ६) ।*

यसरी सोझासादा मानिसलाई ललाइफकाइ चेलीबेटी बेचबिखन गर्ने, मानवता बिरोधी कार्य गर्ने स्वामी जस्ताको कुकृत्यको ठाडो बिरोध र प्रतिकार गरी मानवतावादी प्रवृत्ति देखाइएको छ ।

**२.६.४ विसङ्गतिमुलक चिन्तनको प्रस्तुति**

मानवीय जीवन कुनै न कुनै दृष्टिकोणबाट हेर्दा सङ्गत मिलेको नभएर विसङ्गतनै विसङ्गतले पूर्ण हुन्छ भन्ने विचार नै विसङ्गतिवादी चिन्तन हो (सुवेदी, राजेन्द्र २०६४:२०३) । जीवन र जगतलाई विसङ्गतिपूर्ण आँखाले हेर्दा मान्छेको स्थिति निरीह असहाय, लाचार र श्रापित देखिन्छ । व्यक्तिगत स्वतन्त्रताको अपहरण, व्यक्तिका इच्छा तथा आकाङ्क्षामा व्यवधान र मूल्यहीनताको बोधले मानवीय जीवन हरूग्ण र विसङ्गत छ । श्रेष्ठको एकमात्र प्रकाशित कविता सङ्ग्रह **बोलाएँ विहानी मैले** २०४८ मा सङ्ग्रहीत 'उमेरभरि निभाएको' शीर्षक कवितामा विसङ्गगतिवादी जीवनदृष्टिको भाव यसरी प्रकट भएको छ :

*उमेरभरि निभाएको दायित्वले असक्त पारेको शरीर*
*आफ्नै सन्तानको बोझ भई ऊ बाँचेको छ आँखिर ।*
*मारेर पनि मरेको छैन बाँचेकै छ उसको तन*
*थर्थराइ रहेको उसको ओठहरूले गाइरहेछन् अतीतका गीत*
*अझै बाँकी डाँडा पारिका छ उसित आत्मीय आशीर्वादको रीत*
*जून हेरी बोलाइरहेका आँखाले*
*आँशु बगाई नित्य रमाउँछन् छिट्टै मर्ने आशले (पृ.५३)*

यी कवितामा व्यक्तिमा इच्छा छन् तर ती इच्छा चाहाना पूरा गर्नका लागि विभिन्न अल्झन बाध्यता विवशता, निरीहताले व्यवधान खडा गरेको तथ्य कवियित्री श्रेष्ठले प्रस्तुत गरेकी छन् । जसको कारणले व्यक्तिको जीवन विसङ्गतपूर्ण छ भन्ने प्रष्ट भएको छ ।

यसैगरी उनको **दिन होइन साँझ पछिको रात,** रेडियो नाटक सङ्ग्रह २०४६ मा सङ्ग्रहीत 'हिमा' शीर्षक नाटकमा पनि हिमा र उसको परिवारका सम्पूर्ण सदस्यहरूको विसङ्गतिपूर्ण जीवनको चरित्र चित्रण भेटिन्छ । त्यस्तै **अन्धकार भित्रको अन्धकार** २०६३ आत्मसंस्मरणमा लेखिका स्वयंलाई राजनीति विद्रोहीको आरोपमा सेनाले पक्रेको र थुनामा राखेको अवधि भित्र भएका व्यवहार पनि विसङ्गतिपूर्ण ढङ्गले भएको उल्लेख छ । श्रेष्ठको **सङ्घर्ष भित्रका अनौठा पाइला** २०५८ उपन्यास भित्र भिक्षुको भेसमा गेहरू वस्त्रधारण गरी माला जप्दै हिँड्ने साधु 'स्वामी' जीको एकातिर समाजसेवा गरिहेको सम्पूर्ण संसारिक सुखभोग त्यागेर मुक्तिमार्गमा लागेको आवरणभित्र रहेर काठमाडौं उपत्यका र आसपासका ग्रामीण भेगका सर्वसाधारण महिलाहरूमाथि अनेकन तिक्डम गर्दै शारीरिक, मानसिक तथा यौन शोषण गर्ने मात्र होइन विभिन्न प्रलोभन देखाइ भारतमा लगेर बेच्ने जस्ता विकृत एवं विसङ्गतिपूर्ण व्यवहार प्रस्तुत गरिएको छ । उपन्यासकी प्रमुख पात्र 'म' ले आफ्नो भाइ तथा बहिनीलाई तान्त्रिक शक्ति प्रयोग गरी निशुल्क उपचार गर्ने स्वामीको बेहोरा थाहा पाइ विद्रोह गरेकी र आँखिरमा केटी बेचेको आरोपमा उसलाई प्रहरीद्वारा पक्राउन लगाएकी छन् भने उनले स्वामीको विशेष झुकाव आफूतिर रहेको कुरालाई देखाएर विसङ्गत पक्षको उजारगर गरेकी छन् । त्यस्तै आफू पढेलेखेको राजनीतिक पार्टीको अगुवा कार्यकर्ता प्रगति र परिवर्तनको बाटोमा लागेकी र जाने बुझेकी भएर पनि एकातिर समाजका भोका नाङ्गालाई साथ दिन नसकेको देखाएकी छन् भने अर्कातिर अन्धविश्वासको पछि लागेर अदृश्य शक्ति : भूत, प्रेत टुना-मुना धामी-झाक्री, बोक्सी, तन्त्रमन्त्र जस्ता कुराको विश्वास गरी विसङ्गति देखाएकी छन् । उपन्यासमा बौद्ध धर्मगुहरू स्वामी जसको सम्पतिप्रतिको लोभ, यौनलिला, षड्यन्त्र, शोषण, दमन, जस्ता कुकृत्यको चित्रण गरी समाजमा हुने विसङ्गत पक्षको उजागर गरेकी छन् ।

### २.६.५ आतङ्क, भय र सन्त्रासयुक्त प्रस्तुतिमा जोड

साहित्यकार शान्ता श्रेष्ठका उपन्यास, कथा, संस्मरण (निबन्ध), नाटकमा मानवमनका, भय, आतङ्क र सन्त्रासको प्रस्तुति पाइन्छ । 'दिल वैराग' शीर्षक कथामा नारी पात्र  झ्याम्लीले भोग्नु परेका भय र त्रास, घृणा, तिरस्कार, रोदन र क्रन्दन चित्रित छ । 'घाउ उसको दुखाइ मेरो' उपन्यासमा भरखरै १७ वर्ष पूरा गरी १८ लागेकी कल्पनाले आफ्नै बाबुबाट बेचिनु परेको, साथीको दाजुबाट बलात्कार हुनु पुगेकी जस्ता काहरूणिक अवस्था प्रस्तुतिले यहाँ चरम भय र सन्त्रास देखिन्छ । त्यसैगरी श्रेष्ठको **अन्धकार भित्रको अन्धकार**

निबन्धमा सेनाले अन्धकार रातको समयमा घर खान्तलासी गरी एक्कासी शान्ता श्रेष्ठलाई गिरफ्तार गरेको, नकाव (मुखमा पट्टी) लगाइ बन्दुकधारीले अन्जान स्थलतिर लगेको, धम्कीपूर्ण व्यवहार गरी ज्यान खतरा भएको महसुस गराएको, थुनामा रहँदा चारैतिर मानव चित्कार सुन्दा सम्भावित चरम यातनाको घण्टी बजेका अनेकन घटनाहरूमध्ये एक प्रसङ्ग यस्तो छ :

*म निमेष पनि सुत्न सकिन । साँझदेखि नै लठ्ठी बजारी रहेकाहरू रात अलि बाक्लो हुने वित्तिकै तिनीहरू 'जल्लाद' मा परिणत हुने गरेका मैले थाहा पाएँ । निर्दोषको शरीरमाथि लठ्ठी प्रहारसँगै उठेको मर्मभेदी चित्कारले पनि मलाई सुहरूको रातमा जस्तो छटपट्याउन छाडेको थियो (अन्धकार भित्रको अन्धकार निबन्ध २०६३ पृ. १३२) ।*

त्यसैगरी **सङ्घर्ष धित्रका अनौठा पाइला** उपन्यासमा 'म' पात्र र स्वामीका बीच एकले अर्कालाई फसाउने डर, प्रहरी प्रशासनको ज्यादतीको सन्त्रासले ग्रसित तत्कालीन समाजले बोकेको भय, धामीहरूको क्रुरताले आफ्नी बहिनीको ज्यानजाने खतराले कामीरहेकी 'म' पात्रको मन, स्वामीको निर्मम यातनाको भयले ग्रसित कामदारहरूको अवस्था आदि सन्त्रासपूर्ण परिस्थिति प्रस्तुत गरिएको छ । यससँग सम्बन्धित घटनाहरू उपन्यासमा यसरी चित्रित भएका छन् :

*हनुमानढोका पुगें केही समय कुरी डि.एस.पी. लाई भेट्न आफूलाई तयार पारें । तर कसरी कुरा बिछ्याउने आफैं फसिने पो हो कि ? प्रहरीहरूबाट विश्वासघात गरिए के गर्ने ? मेरो मन यस्तै आसङ्काले केही समय डामाडोल भईरह्यो । .....प्रहरी दमन तथा अत्याचरले आफूलाई मरणासन्न अवस्थामा पुऱ्याएको घाउ बल्झेर दुख्न थाल्यो (पृ. १०)।*

यसरी श्रेष्ठका साहित्यिक कृतिहरूमा नेपाली समाजमा बिगतदेखि वर्तमानसम्मै विभिन्न तत्त्वहरूद्वारा विभिन्न बहानामा सिर्जित भय र सन्त्रासबाट मानिसहरू पीडित थिए र छन् भन्ने यथार्थ घटनाहरू दृष्टान्त रूपमा प्रस्तुत गरी मानवमा निहीत आतङ्क र सन्त्रासको उजागर गरिएको छ ।

### २.६.६. अस्तित्ववादी प्रवृत्ति

मानिसको जीवन बिसङ्गतै बिसङ्तले भरिएको छ । तर पनि मानिस आफ्नो अस्तित्त्व रक्षाका लागि तथा जीवन निरन्तरताका लागि बाँच्न विवश छ भन्ने विचार हो ।

मान्छेलाई उसको इच्छा बिना नै यस निरर्थक र अंसयोजित संसारमा आउनु पऱ्यो । बाँच्नका लागि जीवनभर सङ्घर्ष गर्नुपर्छ र इच्छा बिपरीत नै मर्नु पर्छ । यस्तो जीवनलाई निरूपाए अवश तथा निरर्थक मानेर यसलाई महत्तो वा मूल्य प्रदान गर्ने चेष्टा वा दृष्टिकोण अस्तित्ववादमा संरक्षित छ (प्रधान, पृ.१८८) । मान्छे बाँच्ने क्रममा अनेकौं सङ्घर्षमा अल्भन्छ र पराधीन एवं विवश हुनुका साथै आफ्नो प्रयोजन सहिन्नताको पुष्टि हुँदा हुँदै पनि निस्सारमा बाँचिरहन्छ भन्ने अस्तित्ववादी चिन्तनको केन्द्र हो । जे जस्तो परिस्थिति आईरहेतापनि मानिस आफ्नो जीवन दृष्टिमा बाँच्छ र आफ्नो निर्णय सर्वोपरी ठान्छ, त्यसलाई आफू बाँचेको सार्थकता महसुस पनि गर्दछ । शान्त श्रेष्ठको 'मात्र तिर्खा' शीर्षक कथामा उनको अस्तित्ववादी प्रवृत्ति टड्कारो रूपमा अभिव्यक्त भएको भए तापनि उनीहरू आ-आफ्नो अस्तित्व रक्षाको लागि बाँच्न विवश छन् । उनको 'घाउ उसको दुखाई मेरो' उपन्यास भित्र पनि अस्तित्ववादी प्रवृत्ति भल्किन्छ । यस उपन्यासमा आफ्नो बाबुले समेत बेच्न लगेकी कल्पनालाई उसकी साथीले घरमा बोलाई आफ्नो दाजुबाट बलत्कार गर्न लगाएको कारण आत्माहत्याको प्रयास गर्दा प्रकाशले बचाउँछ । र प्रकाससँग उसको बिबाहसमेत हुन पुग्छ । यस्ता तमाम बिङ्गितिका बावजुद पनि जीवनमा अस्तित्व रक्षाको लागि कल्पना लडिरहन्छे ।

यसैगरी उनको अर्को औपन्यासिक कृति 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा वर्षौंदेखि छोप्ने रोगले जीर्ण भएकी बहिनीले उपचारमा आएको स्वामीको रवैया म पात्रलाई आफ्नो अस्तित्व माथि धावा बोलेभैँ लागेर प्रतिकार गर्ने सिलसिलामा स्वामीलाई कोठामा थुनी पुलिस बोलाउनसमेत पछि परेकी छैन । यस उपन्यासमा अस्तित्ववादी चिन्तन बोल्ने घटनाहरू यस प्रकारका छन् :

> *.... तपाईं बढ्ाता चलाख हुने प्रयास नगर्नुहोस्, तपाईंको नियत राम्रो भएको भए मेरो बासित सल्लाह बिना नै मेरी आमा र बहिनीलाई भारत लाने साहस कसरी गर्नु भयो ? .... तपाईं अपराधी हो । म तपाईँलाई जेल हाल्न सक्छु । बैगुनी मैले तिम्रो बहिनीको रोग निको पारेको यही पुरस्कार हो ? ...(पृ.६) । ऊ सित नजाने भनेपछि त भइहाल्यो नि अव उसलाई जान देऊ .... (पृ.७) ....तपाईँले कसरी भन्नु भयो उसको शरीरमा बोक्सी छ ? यति मोटो दम्सीको काँडा बहिनीको टाउकामा घुसार्न म दिन्न (पृ. ५५)।*

यसरी आफ्नो हरेक कठिन र चूनौतिपूर्ण विसङ्गत घडीमा आफू र आफ्नो घरपरिवारको अस्तित्व रक्षामा 'म' पात्र क्रियाशील देखिन्छिन् । यसले के देखाउँछ भने मानिसको आफ्नो अस्तित्वरक्षा सम्बन्धी जीवनदृष्टिमाथि प्रकाश पार्दै श्रेष्ठको अस्तित्ववादी चिन्तनले सजीवता प्राप्त गरेको छ ।

### २.६.७ धामी, झाँक्री जस्ता अदृश्य र अवैज्ञानिक शक्तिप्रति विश्वास

भनिन्छ जब मानिससँग कुनै विकल्प हुँदैन त्यस वखत अदृश्य शक्तिको विश्वासमा परी त्यसैमा समर्पित हुन्छ । मानिसहरू कुनै जटिलताको आँखिरी उपाएको निरूपण गर्ने सूत्रका रूपमा देवता, धामी, झाँक्री, बोक्सी, टुनामुना तन्त्रमन्त्र जस्ता अन्धविश्वासका धरोहर वा अदृश्यशक्तिलाई अँगाल्न पुग्छन् । यस्तै जादु, ऐयारी, दैवी-चमत्कारयुक्त प्रतिविम्बमाथिको घोर विश्वास चित्रण गरिएको छ शान्ता श्रेष्ठको औपन्यासिक कृति **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा । यस उपन्यासभित्र त्यस्ता घटना यसरी प्रस्तुत गरिएका छन् :

> *मैले कस्तोसम्म चमत्कार देखेकी थिएँ भने हातभरी आगो राख्दा उसलाई नपोल्ने । लौ हेर मलाई आगोले त छुदैंन वैद्यले के हुन सक्छ ?...पानी पनि राम्ररी निल्न नसक्ने बहिनीलाई छोपेको बेलामा मरन्च्याँसे शरीरबाट कसरी आउँछ तेत्रो शक्ति ? देख्नेहरू हैरान हुन्थे (पृ. ५०) ।*
>
> *छोपेको अवस्थामा बहिनीले आँखा ठूलो पारेर मकै चपाए झैं दाँत पिस्दै हात र खुट्टाको नसा तन्काइ कराउन थाली -'पख्लास् तँलाई नमारी कहाँ छोड्छु र ? पहिले बेरूप त पारूँ, अनि तेरो ज्यान लिनेछु (पृ. ४४) ।*

यसरी उपन्यासको 'म' पात्र शिक्षित र जाने बुझेको आधुनिक व्यक्ति भएर पनि जादु, त्रान्त्रिक चमत्कार, बोक्सीविद्या आदिमा विश्वास गरी नेपाली समाज र त्यसको सदस्य आफू अदृश्य शक्तिको विश्वासमा परेर धामी, झाँक्री, जादु, टुनामुना, बोक्सी आदिको अस्तित्त्व स्वीकार गरेकी छन् ।

### २.६.८ मौलिक भाषाशैली

शान्ता श्रेष्ठले आफ्ना सिर्जनामा नेपाली मौलिक भाषा सरल एवं सरसढङ्गले उतारेकी छन् । समाजमा बोलिचालीको भाषा जस्तो छ त्यस्तै रूपमा कथाहरूको संयोजन गर्नु, पात्र र परिवेश अनुसारको भाषाशैली प्रयोग गर्नु उनको साहित्यिक विशेषता हो । समावेशी चरित्रको नेपाली समाजमा कतै झर्रा काँठे शैली त कतै नेवारी शैली, अङ्ग्रेजी

तथा हिन्दीका शैलीगत लयसमेत मुखरित भएका भेटिन्छन् जसले समाजको प्राकृतरूप झल्काएको छ । जस्तैः आइस्यो, होइसिन्छ, डाक्टर, क्यान्टीन (सारङ्गी मा नअटाउको सुर कथा) चूल्ठो, घुँडो, कम्पाउण्ड (दिल बैराग कथा), त्यसैगरी उनको उपन्यास 'सङ्घर्ष भित्रका अनौठा पाइला मा क्वँयप्वा (ढोकाको प्वाल) (पृ. ६७) मिसिन, मान्छे तौलने एकपल्ट सुन चाँदी तौलने सयपल्ट (पृ. ७१) जस्ता उखानहरू, नास्ता, जिन्दगी जस्ता हिन्दी शब्दहरू, प्रयोग गरी उपन्यासलाई मौलिक एवं स्वाभाविक बनाएकी छन् । भाषाशैलीको सरल प्रस्तुतिबाटै जटिल परिस्थितिको चित्रण भएको उनका हरेक सिर्जना बोधगम्य रहेका छन् । भाषाशैली हेर्दा उनका सम्पूर्ण रचनाहरू समाजका बौद्धिक पाठकलाई नभएर सर्वसाधारणप्रति लक्षित भएको महसुस हुन्छ । यस्ता सरल भाषाशैलीको प्रस्तुतिले उनका सिर्जनाहरू सजीव बन्न सकेका छन् भन्न सकिन्छ ।

## २.७ निष्कर्ष

उपन्यासकार शान्ता श्रेष्ठले बागमती अञ्चलको  काठमाडौँ जिल्ला स्थित क्षेत्रपाटीमा वि.स. १९९१ मा जन्मिएर नेपाल र भारतका विभिन्न शिक्षालयमा गरी ए.कम.सम्मको अध्ययन गरिन् । नेपाली भाषाका साहित्यकारहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला, सिद्धिचरण श्रेष्ठ तथा भारतीय साहित्यकार भगवती चरण, मनु भण्डारी, कृष्णचन्द त्यसैगरी रुसी साहित्यकार म्याक्सिम गोर्की आदिका कृतिहरुबाट प्रेरित भई साहित्य लेखनमा अग्रसर भएकी श्रेष्ठले साहित्य सिर्जना लगायत राजनीति, समाजसेवा आदिमा लागेर उल्लेखनीय कार्य गरेकीले पारिजात सङ्घर्षशील नारीपुरस्कार (२०५९), लोकप्रिय पुरस्कार (२०५७), तुलसीपूर्णभक्त पुरस्कार (२०६१), शिखर वाङ्मय सम्मानपत्र जस्ता थुप्रै पुरस्कार सम्मान विभिन्न सङ्घसंस्थाबाट विभिन्न समयमा प्राप्त गरेकी छन् । सानै उमेरदेखि प्रजातान्त्रिक आन्दोलन होमिएकी साहित्यकार श्रेष्ठले २००७ सालको जनक्रान्तिमा गोलीसमेत थापेर आफ्नो साहसीपन देखाएकी छन् । अन्याय अत्याचारको विरूद्धमा लाग्ने श्रेष्ठ गरिब दुःखी तथा समाजका उपक्षित वर्गको पक्षमा आवाज उठाउने आफ्नो स्वाभाव साहित्यिक कृतिहरुमा पनि विधागत रूपमा लिपिवद्ध गर्न सफल भएकी छन् । उसका साहित्यिक कृतिहरु कथा, कविता, निबन्ध, नाटक र उपन्यास गरी सबैजसो विधामा देखापरेका छन् । उनका विविध कृतिहरु साहित्यिका विभिन्न वाद एवम् धारासित आधारित देखिए तापनि  उनको मूल साहित्यिक प्रवृत्ति चाहिँ सामाजिक यथार्थवादी प्रवृत्ति नै हो ।

## परिच्छेद तीन

# 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको कृतिपरक अध्ययन

### ३.१ विषय परिचय

उपत्यास साहित्यको विविध विधाहरूमध्ये एक लोकप्रिय विधा हो । साहित्यिक परिसरमा इतिहासदेखि वर्तमानसम्म सर्वप्रिय विधाका रूपमा यो चर्चित छ । उपन्यासले जीवन र जगत्का केही महउत्त्वपूर्ण अर्थहरूलाई स्पर्श गर्दै केवल एक क्षणको रमाइलो मात्र होइन, घटित घटनाका सूक्ष्म तत्त्वहरूको संयोजन पनि राम्ररी गरेको हुन्छ । 'उपन्यास' तत्सम शब्द हो । 'उपन्यास' **अस** धातुमा **उप** र **नि** उपसर्ग तथा **घञ्** (अ) प्रत्यय लागेर बनेको देखिन्छ । यसको व्युत्पत्तिगत संरचना यस्तो छ : उप+नि+अस्+घञ् (अ) = उपन्यास । अस धातुबाट राख्नु भन्ने अर्थबोध हुन्छ भने उपन्यास शब्दबाट नजिक राख्नु भन्ने अर्थ निष्पन्न हुन्छ । संस्कृत भाषामा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण, प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु, प्रदर्शक वाक्य, आनन्द गराउने वाक्यंका अर्थमा गरिएको पाइन्छ भने आख्यानका रूपमा पनि गरिएको पाइन्छ । त्यसो भए तापनि उपन्यास शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अङ्ग्रेजी शब्द 'नोवल' सँग साइनो गाँसेको छ (बराल, एटम, २०६६:३) । यसरी आफ्नो सार्थक पहिचान बोकेको साहित्यको एक विशिष्ट विधा उपन्यास शब्दको प्रारम्भ र व्युत्पत्ति संस्कृत भाषाको जगमा अडेर भएको छ । उपन्यास शब्दको अर्थ अङ्ग्रेजी भाषाको शब्द नोवेल (Novel) सँग पनि मेल खान्छ जसको अर्थ स्वच्छन्द कल्पना प्रयोग भएको आख्यान भन्ने हुन्छ । इटालेली भाषाको नोभेला (Novella) नै नोवल (Novel) भएको हो जसको नेपाली अर्थ उपन्यास भन्ने हुन्छ ।

उपन्यास आज संसारका सबैजसो भाषाका साहित्यको एक महत्त्वपूर्ण विधाका रूपमा स्थापित भएको छ । यसमा खासगरी जीवनका यथार्थ प्रस्तुतिहरू र पूर्णजीवनको सम्पूर्ण क्रियाकलापलाई समेटिएको हुन्छ । मानवजीवनमा आएका परम्परा, धर्मसंस्कृति, चिन्तन, मूल्य-मान्यताहरू समाहित गरिएका हुन्छन् । यसैका आधारमा उपन्यासलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गले परिभाषा गरी चिनाएका छन् ।

### ३.२ उपन्यासको परिभाषाहरू

साहित्यको महत्त्वपूर्ण विधा उपन्यासलाई चिनाउने सन्दर्भमा यसको अतीतदेखि वर्तमानसम्मको यात्रामा व्यवस्थित ढङ्गले चिनाउने प्रयास स्वरूप विभिन्न विद्वान्हरूले

आफूभन्दा अगाडि र आफ्नै समयावधिमा प्रकाशित उपन्यासका आधारमा थुप्रै परिभाषाहरू गरेका छन् । तीमध्ये केही परिभाषाहरू यसप्रकार छन् :

विश्व युनिभर्सिटी इन्साइक्लोपेडियाको उल्लेख गर्दै अनुसार राजेन्द्र सुवेदी लख्छन् : उपन्यास साहित्यको अठारौं शताब्दीपछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो (सुवेदी, २०६२: ११) ।

इ.एम.फोस्टरको परिभाषालाई साभार गर्दै कृष्णहरि बराल र नेत्र एटम लेख्छन् : हालको जटिल एवं सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक,आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो (बराल र एटम, २०६६: ६) ।

नेपाली विद्वान्हरूका उपन्यास सम्बन्धी परिभाषाहरू यसप्रकार छन् :

– उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएर यो एक सम्पूर्ण मनुष्य, जीवित मनुष्यको संसार हो (प्रधान, २०६१: १) ।
– पूर्वापर तारतम्यमा सुसम्वद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ (सुवेदी, २०६४: १०) ।
– डा. ऋषिराज बराल उपन्यासको परिभाषा दिँदै लेख्छन् : उपन्यास नयाँ समाजको, नयाँ मान्छे र नयाँ यथार्थको उद्घाटन गर्ने विधा हो (बराल, २०६३:२) ।

यसरी उपन्यासका विविधि विशेषता र स्वरूपका आधारमा विद्वान्हरूले जे परिभाषा गरे, यी परिभाषाहरूले उपन्यासलाई हालसम्म समग्ररूपमा धाने पनि यत्तिले बदलिँदो परिवेश अनुसार आगामी दिनहरूमा समेत धान्न सक्छ भन्न सकिँदैन । तथापि माथिका परिभाषा र हालसम्म प्रकाशित औपन्यासिक कृतिहरूलाई नियाल्दा उपन्यासलाई निम्न अनुसार चिनाउन सकिन्छ : मानवले आफ्नो परिवेशमा रहेर आफूअनुकूल या प्रतिकूल सम्पूर्ण अवस्थासँग आफ्नो ज्ञान, सीप र धारणाले भ्याएसम्म गर्ने गतिविधिलाई समेटेर गरिने कलात्मक, आख्यानात्मक अभिव्यक्तिलाई नै उपन्यास भनिन्छ ।

## ३.३ उपन्यासको संरचना

संरचनाको अर्थ कुनै वस्तुको आन्तरिक तथा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो । उपन्यासको संरचनाको सन्दर्भमा पनि यही कुरा लागु हुन

आउँछ । (बराल, २०६३ :२०) यसरी हेर्दा संरचना उपन्यासको कलात्मक रूप दिने तत्त्व हो । उपन्यासभित्र संरचना वस्तुत : आन्तरिक र बाह्य गरी दुई प्रकारका देखिन्छन् । आन्तरिक संरचनाभित्र कथानक, दृष्टिविन्दु, चरित्र, सारतत्त्व, भाषाशैली आदि पर्दछन् भने बाह्य संरचनामा खण्ड वा भाग, पृष्ठ, आयाम जस्ता तत्त्वहरू पर्दछन् । खासगरी एउटा पूर्ण उपन्यासभित्र संरचनात्मक तत्त्वहरू यसप्रकार हुन्छन् : कथानक, चरित्रहरू, सारतत्त्व, दृष्टिविन्दु, भाषाशैली, परिवेश, प्रतीक र बिम्ब आदि । यिनै संरचनात्मक तत्त्वका आधारमा एउटा पूर्ण जीवनयुक्त औपन्यासिक कृति सिर्जना हुन पुग्छ ।

### ३.४ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको कथानक

कथानक उपन्यासको आधार वस्तु हो । जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्ने हो भने घटनाहरूलाई एक-अर्कासँग उनेर सम्बन्ध जोड्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्छ । यसलाई कार्यकारणहरूले तारतम्यपूर्ण सूत्रवद्धस्वरूप अथावा घटनाहरूको सङ्गठन भन्न सकिन्छ (प्रधान, २०६१:७) । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले उपन्यासको प्राथमिक तत्त्वको कार्य गर्दछ । कथानक कथाहरूको रहस्यमय जालोमा उनिएर सुव्यवस्थित तवरले अगाडि बढ्छ । कथाले कथानकलाई समस्याको तार्किक समाधानका बाटामा हिँडाउँछ । इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पना, जादु, जस्ता स्रोतहरूबाट कथानक लिइन्छ ।

यस **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा उपन्यासको प्रमुख 'म' पात्रले स्मरणका रूपमा कथानक उल्लख गरेको देखिन्छ । 'म' पात्रकी बहिनीलाई कहिले छोप्ने रोगले त कहिले आँखामा अन्नो (घाउ) आएर सताउँछ । अनेक तरिकाबाट उपचार गर्दा पनि रोग निको नभएपछि ललितपुरको एकजना करिब ८२ वर्षको बूढो वैद्यले झारफुक गरेपछि आँखाको अन्नो निको हुन पुग्छ तर उसको छोप्ने रोग भने निको पार्न सकिएको हुँदैन । धामीझाँक्रीको परम्परागत तरिकाबाट उपचार गराउने क्रममा उपन्यासको अर्को प्रमुख खलपात्र 'स्वामी' ले काँचो धागो फुकी लगाउन दिएपछि निको हुन्छ । यसपछि बिस्तारै 'म' पात्रको घरमा स्वामीको आउने क्रम बढ्दै जान्छ । एकदिन अचानक स्वामी 'म' पात्रको घरमा आइपुग्छ । उसले आमा र बहिनीलाई दिल्ली लाने कुरा 'म' पात्रसँग गर्छ । यो कुरा 'म' पात्रलाई असह्य हुन्छ । केही बेरको भनाभन पछि उनले स्वामीलाई समातेर आफ्नो घरको कोठाभित्र थुनी बाहिरबाट ताल्चा लगाइदिन्छिन् र आफू डि.एस.पी. कार्यालय

पुग्छिन् । पुलिस अफिसरको सल्लाहबमोजिम 'म' पात्र घरमा आई स्वामीलाई ढोका खोलिदिन्छिन् । थुनिनुपरेको पीडाले स्वामी पनि आफ्नो क्रोधित आँखाले हेर्दै तीखा-तीखा वचनवाण प्रहार गरी भऱ्याङबाट ओर्ली एकपटक घरलाई राम्ररी नियाली बाहिरिन्छ । बहिनीलाई छोप्ने रोगले पटकपटक सताउन थाल्छ ।

'म' पात्र लागयत सम्पूर्ण घरपरिवार बहिनीको अवस्थादेखि थकित एवं चिन्तित हुन्छन् । धेरैपटकको उपचारपश्चात् पनि केही सीप नलागेपछि बहिनीको छोप्ने रोग निको पार्नका लागि कीर्तिपुरबाट जान्ने वैद्य धामीझाँक्री बोलाउँछन् । उक्त झाँक्रीले बहिनी राम्रै होसमा (नछोपेको बेला) हुँदा पनि शरीरमा बोक्सी चढेको छ भनी दुम्सीका काँडाहरू जबरजस्ती घुसार्न खोज्छ । तताएको पन्यूले गालामा डाम्न लाग्दा 'म' पात्रले विरोध गर्छिन् र बहिनीलाई धामीको अत्यन्त क्रूर पीडादायी व्यवहारबाट जोगाउँछिन् । त्यसपछि झाँक्री रिसले भुत्भुताउँदै आफ्नो घर फर्कन्छ । त्यसपछिका दिनहरूमा बहिनीलाई छोप्ने रोगले तीव्रता लिन्छ । दिनमा दुईपटक-तीनपटकसम्म छोप्न थाल्छ । छोपेको बेला अचेत अवस्थामा नै 'म बोक्सी हुँ । मलाई धामीझाँक्री लगाइस् भने मारिदिन्छु' भन्ने जस्ता अभिव्यक्ति आउन थाल्छन् । कहिलेकाहीँ बोक्सीले चुरोट, रक्सी, चिया मागेर बहिनी मार्फत नै खाने र छोप्न छोड्ने समेतको अनौठा घटनाहरू दिनानुदिन बढ्दै जान्छन् । आखिर केही गर्दा पनि उपचार हुन नसकेपछि केही हप्तापछि 'म' पात्र आफ्नी बिरामी बहिनीलाई आफ्ना नातेदार समेतको साथ लिएर स्वामीको निवास ककनीमा नै पुग्छिन् जहाँ एकजना बूढीले स्वामीले गर्ने गरेका दुर्व्यवहारहरूको पर्दाफास गरिदिन्छे । यो कुरा थाहा पाउनेबित्तिकै 'म' पात्र अन्योलमा पर्छिन् । ककनी बसाइमै 'म' पात्रले आफ्नै आँखाले त्यहाँ काम गर्ने केटाहरूमाथि गरेको ज्यादती समेत देख्न पुग्छिन् ा स्वामीजस्तो काम, क्रोध, लोभ, मोह त्यागेर भिक्षु बनी हिँडेको व्यक्तिले 'म' पात्रलाई ककनीमा 'जग्गा किनी राख, पछि निकै फाइदा हुन्छ' जस्ता व्यापारिक कुरा गर्छ । यसले त झन् स्वामीको छदमभेषी चरित्र उदाङ्गिन पुग्छ । एकदिन 'म' पात्र स्वामी नभएको मौका छोपी उसको कोठाभित्र पस्छिन् र स्वामी सुत्ने खाटभित्र राखेको सामानको पोको लिई हावाको वेगमा आफू बस्ने कोठामा फर्किन्छिन् । पोको खोलेर हेर्दा त्यसमा साडी, धोतीचोलोका कपडा, पाउडर, क्रिम, लिपिस्टिक, गाजल, पङ्खावाल धागो, पोते, ओढ्ने, (पछ्यौरा) आदि देखी तीन छक पर्छिन् । यस दृश्यले अब बूढीका कुरा सत्य साबित हुन्छन् र 'म' पात्रले स्वामीप्रति गरेको आस्था र विश्वास पनि चकनाचुर हुन्छ । हरेक दिन आफ्नो गोप्य कोठामा ध्यानका क्रममा स्वामीले

भुइँ छोडेको अचम्मको दृश्य ढोकाको प्वालबाट हेरेको उसैका कामदार केटाहरूलाई अश्लील शब्द प्रयोग गरी राति नै घरबाट निकालेको घटनाले त झन् 'म' पात्रको आँखामा स्वामीको वास्तविक व्यवहारको पर्दाफास हुन पुग्छ । यस घटनामा स्वामी र 'म' पात्रका बीच आपसमा भनाभन समेत हुन पुग्छ । सोही दिनको भोलिपल्ट बिहानै 'म' पात्र काठमाडौँ फर्कन्छिन् । केहि समयपछि एकदिन डी.एस.पी.कार्यालयबाट अचानक उनलाई बोलाइन्छ र प्रहरी कार्यालय पुग्छिन् । उनलाई देख्ने वित्तिकै डी.एस.पी.ले स्वामीलाई पक्रेको घटना विवरण सुनाउन आफ्नो कार्यकक्षमा 'म' पात्रलाई बोलाउन मान्छे पठाउँछ । 'म' पात्र आएपछि डी.एस.पी.ले तपाईँलाई बधाइ छ,भन्दै बदमास स्वामीलाई रङ्गेहात समातेको सूचना दिन्छ । 'म' पात्रले केही नबोलीकन स्वामीको घरबाट ल्याएको सामानको पोको डी.एस.पी. को अगाडि राखिदिन्छिन् यही अवस्थामा पुगेर र कथानकको अन्त्य हुन्छ ।

### ३.४.१ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको कथानक स्रोत

उपन्यासमा कथानकको बुनोट गर्न विभिन्न स्रोतहरूको उपयोग गरिन्छ । उपन्यासकारले विभिन्न स्रोतबाट कथानक ग्रहण गरेर त्यसमा उपन्यास लेखनको उद्देश्य अनुरूप कथानक तथा वैचारिक चेतनाको मिश्रण गरी आफ्नै ढङ्गमा कथानकको निर्माण गरेको हुन्छन्  (बराल, एटम,२०६६:२२) । ले वर्तमान समयमा उपन्यासहरूमा इतिहास, यथार्थमूलक, मिथक, रागात्मक, सौन्दर्य, स्वैरकल्पना जस्ता कथानक स्रोतको प्रयोग गरिएको हुन्छ भनेका छन् । यसैले विभिन्न लेखकले आफ्नो रोजाइमा कुनै एकलाई स्रोत बनाउँछन् ।

समकालीन नेपाली साहित्यको २०५० को दशकमा देखा परेकी उपन्यासकार शान्ता श्रेष्ठको **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको कथानकको स्रोत मूलतःयथार्थमूलक र अंशतःस्वैरकल्पनात्मक रहेको छ । उपन्यसामा नायक स्वामी र नायिका 'म' पात्रको माध्यमबाट यथार्थमूलक ढङ्गले कथानकको यात्रा अगाडि बढाइ जम्मा सोह्र खण्डसम्म पुऱ्याएर टुङ्ग्याइएको छ । उपन्यासमा नायक स्वामीले नायिका 'म' पात्रका आमा र बहिनीलाई मात्र गोप्य तबरले भगाएर भारतको दिल्ली लाने कुरा आफ्नी आमाबाट 'म' पात्रले सुन्नु, स्वामीको त्यागी एवं भिक्षु भेषको नक्कली रूप देखिनु, नायिका क्रोधित हुनु, बहिनीलाई छोप्ने रोगले सताउनु, वैज्ञानिक एवं आधुनिक र पुरातनवादी शैलीको तान्त्रिक उपचारपद्धतिले रोग निको नभई धनमात्र सकिनु, बहिनीलाई बोक्सी लागेको ठान्नु, 'म' पात्रकै अगाडि बहिनी र आमालाई स्वामीले विदेश लान जिद्दी गर्नु, उनले कडा प्रतिवाद गर्नु, स्वामीलाई कोठामा थुनी डी.एस.पी. कार्यालयमा उजुरी गर्नु, प्रहरीकै सल्लाह बमोजिम

स्वामीलाई छोडिदिनु, नायिका आफ्ना केही आफन्तको साथ लिएर बहिनीलाई स्वामीको निवास ककनी लानु, स्वामीबाटै बहिनीको उपचार गर्नु,'म' पात्रको कलेजका साथीहरूले बहिनीलाई बोक्सी लागेको कुरा नपत्याउँदा उनी रनभुल्लमा पर्नु, स्वामीले गाउँभरिकालाई तान्त्रिक पद्धतिबाट उपचार गर्नु, उसले आफ्नो निवासमा महिला तथा केटाहरूलाई कामदार राख्नु, तीमध्ये एक वृद्धाले स्वामीको कुकर्मको पर्दाफास गर्नु, स्वामीको कोठामा महिलाले प्रयोग गर्ने शृङ्गारका सामान फेला पर्नु, कामदारलाई उसले अभद्र व्यवहार गर्नु, 'म' पात्रको घरमा आफ्नै खेतको धान ल्याइदिनु, चेलीबेटी बेच्न लाँदै गर्दा स्वामीलाई प्रहरीले पक्री चौकीमा थुन्नु, सो कुरा नायिकालाई खबर गर्नु, स्वामिले नायिकालाई देख्नेवित्तकै गल्ति स्वीकार गरी माफी माग्दै छुटकाराको याचना गर्नु, जस्ता घटनाहरू सामाजिक यथार्थ हुन् ।

समाजमा घट्ने घटना होस् वा नहोस् , त्यसलाई लेखकले आफ्नो कल्पनाशक्तिले अयथार्थलाई पनि यथार्थ झैँ बनाउँछ भने कहिलेकाहीँ भएजस्ता लाग्ने घटनाको सिर्जना गर्दछ यसलाई बराल, एटम (२०६६:२३) ले स्वैरकल्पना, असङ्गत वा उडन्ते कल्पना हो भनेका छन् । यसरी हेर्दा स्वैरकल्पना सर्जकले यथार्थ भन्दा टाढाका कुरालाई पनि कल्पनाद्वारा साङ्गोपाङ्गो मिलाई दुरूस्त बनाउँछन् तर जे जस्तो भए पनि यस्ता घटनाहरू सत्य नभएर काल्पनिक नै लाग्दछन् । त्यसैगरी यस उपन्यासमा पनि स्वैरकल्पना भएका कथावस्तु छन् ।

यस उपन्यासमा नायिकाकी बहिनीको आँखामा आएको अन्नो (घाउ) वैद्यले फुकेर निको पारेको, छोपेको (बेहोस भएको) बेला बहिनीको शरीरमा बोक्सी सवार भई वार्ता गरेको, बहिनीको शरीरमार्फत बोक्सीले चुरोट, रक्सी, मासु तथा अन्य खानेकुरा खाएको, बहिनीको नाकमा हानेर रगत बगाउँदा बोक्सीलाई असर पर्न गई ऊ भागेको तर बहिनीलाई कुनै असर नपरेको, छोपेको तान्त्रिक उपचार भइरहेको बेला बहिनीलाई र उसले प्रयोग गरेको लुगा समेत आगोले नपोलेको, स्वामीले मरेको मानिसको फोटो छेउमा राखी जीवित व्यक्तिमाथि मृतात्मा चढाएर बक्न लगाएको र सो कार्यबाट सत्य कुरा समेतको रहस्य खुलेको, उसैले फुकेर दिएको बुटी र काँचो धागोले नायिकाका बहिनी र भाइको बेहोस हुने रोग निको भएको, स्वामीले पद्मासनमा बसी ध्यानगर्दा भुइँ छोडी शून्यमा अडेको जस्ता घटनाहरू स्रष्टाको स्वैरकल्पनाका उदारहरण हुन् ।

यस उपन्यासमा स्रष्टाद्वारा स्वैरकल्पना गरिएका घटनाहरू केवल अतिरञ्जनाका लागि मात्र नभएर यथार्थलाई अझ प्रभावकारी बनाई पाठकलाई आकर्षित गर्दै सत्यको उद्घाटन गर्न प्रयोग गरिएका छन् ।

### ३.४.२ कथानक ढाँचाका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास

उपन्यासमा स्रष्टाले घटनाहरूलाई कसरी राख्ने वा प्रस्तुत गर्ने अथवा आदिदेखि अन्त्यसम्म घटनाहरूलाई कसरी संयोजन गर्ने भन्ने तरिकालाई कथानकको ढाँचा भन्न सकिन्छ । उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनाहरूको संयोजनको अवस्था नै कथानकको ढाँचा हो (बराल, एटम २०६६:२५) । यसरी हेर्दा उपन्यासकारको आफ्नो रुचि, प्रभावकारिता वा कौशललाई उपन्यासमा प्रस्तुत गर्ने तरिका वा कथानकको स्वरूपलाई नै कथानकको ढाँचा भन्न सकिन्छ, जुनचाहिँ उपन्यासको प्रारम्भदेखि र अन्त्यसम्मको काल्पनिक रेखामा आधारित हुन्छ । उपन्यासमा कथानकको ढाँचा मूलतःदुई प्रकारका देखाइन्छन् :

क) रैखिक ढाँचा

ख) वृत्तकारीय ढाँचा

**क) रैखिक ढाँचा**

कथानकका घटनाहरूलाई क्रमिकरूपमा सिलसिलावद्ध ढङ्गले सिधा अगाडि बढाउँदा त्यसले आदिदेखि अन्त्यसम्म एउटा सरल रेखा निर्माण गरी कथानकलाई जोड्दछ भने त्यस्तो कथानक ढाँचालाई रैखिक ढाँचा भनिन्छ । कथानकलाई क्रमवद्ध गरी सिधा अगाडि बढाउँदा त्यसले रेखाका रूपमा आदि, मध्य र अन्त्यलाई जोड्दछ (बराल, एटम, २०६६:२५) । त्यसैले रैखिक ढाँचा भन्नाले कथानकलाई जोड्ने सिधा रेखाजस्तो शृङ्खला हो ।

**ख) वृत्तकारीय ढाँचा**

कथानकलाई पूर्वदीप्ति शैलीबाट प्रस्तुत गरिन्छ । यस ढाँचामा घटनाहरू सरलरेखीय हुँदैनन् । कथानकका अङ्गहरूलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिका माध्यमबाट उपन्यासमा राख्दा क्रमवद्धतामा विचलन आउँछ । कथानक भुमरी झैँ घुमेको अवस्थामा प्रकट हुन्छ (बराल, एटम, २०६६:२६) । यसरी जुन विन्दुमा कथा टुङ्गियो लगभग त्यही बिन्दुबाट कथानकको प्रारम्भ हुने र यो विगतलाई स्मरणमा ल्याई प्रस्तुत गरिने भएकाले उपन्यासकारले आफ्ना अनुभवहरूका पाना पल्टाउने क्रममा आफूलाई बढी प्रभाव पार्ने घटना अगाडि नै स्मरणमा आइदिने भएकाले यसमा क्रमवद्धतालाई ध्यान दिइँदैन यो

वृत्तकारीय ढाँचामा समेटिएको हुन्छ । त्यस्तै यस्ता कथानकहरू भुमरी झैं घुमेको अवस्थामा हुन्छन् ।

शान्ता श्रेष्ठको **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको कथानक ढाँचा रैखिक नभएर वृत्तकारीय छ । यस उपन्यासमा पहिले घटिसकेका घटनाहरूलाई संस्मरणात्मक रूपले प्रस्तुत गर्ने पूर्वदीप्ति पद्धतिलाई अवलम्बन गरिएको छ । यस उपन्यासको आरम्भ नायक स्वामीले नायिकाकी बहिनी र आमालाई फकाएर भारततिर लाने कुरा थाहा पाएपछि मनमा उठेका भावहरूलाई 'म' पात्रद्वारा संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ जुनचाहिँ घटना उपन्यासको लगभग अन्त्यमा भएको घटना हो । पूर्वदीप्ति पद्धतिलाई अँगालेको कुरा उपन्यासकारले पेज नं. २१,४१,४३,६५, हरूमा स्विकारेकी छन् । यहाँ उपन्यासकी नायिका 'म' पात्रले आफ्नो जीवनमा भोगेका र गरेका सम्पूर्ण कार्यहरूलाई 'म' पात्रकै दृष्टिविन्दुबाट प्रस्तुत गरिएको छ । उपन्यासमा विगतलाई वर्तमानको आँखीझ्यालबाट नियालिएको छ । यस्तो प्रकारले घटनाहरूलाई पूर्वदीप्तिका माध्यमबाट उपन्यासमा व्यक्त गरिएको छ  जसले गर्दा यस उपन्यासको कथानक वृत्तकारीय ढाँचामा प्रस्तुत हुन पुगेको छ ।

### ३.४.३ कथानकको प्रकारका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास

कथानकका प्रकारका आधारमा उपन्यासमा विभिन्न  प्रकारका कथाहरू समाविष्ट हुन्छन् । जस्तैः मुख्य कथा, सहायक कथा, सङ्गठित कथा, सरल कथा र जटिल कथा (घिमिरे २०६६:३६) । त्यसै गरी अर्को ढङ्गले भन्ने हो भने कथा सुखान्तक दुःखान्तक, व्यङ्ग्यात्मक र रागात्मक गरी चार प्रकारका हुने गर्छन्  (बराल, एटम, २०६६:२७) । 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा समष्टिगत रूपमा एउटै मुख्य कथा सुहरूदेखि अन्त्यसम्म एकैनासले अघि बढेको छैन । उपन्यासको आरम्भमा नायिका र नायकको चरम द्वन्द्व देखाइएको छ । त्यसपछिका घटनाहरूमा नायिकाकी बहिनीको आँखाको अन्नो (घाउ) बूढो वैद्यद्वारा निको परिएको, अध्यात्मवाद र वैज्ञानिक सत्यको विषयमा कलेजका साथी र 'म' पात्रको बीचमा छलफल चलेको, असनको एक घरमा मृतात्मालाई एक जीवित मान्छेमाथि सवार गराई बकाइएको, स्वामीको निवासमा ककनीकी एक बूढीले स्वामीको कुकर्मको पर्दाफास गरेको, २००७ सालपछिका सरकारहरूको नीतिगत कमजोरीका कारण सर्वसाधारणले दुःख पाएका, 'म' पात्रले आन्दोलनमा कुटाइ खाएको, गोली लागेको, जेल परेको सामाजिक विकृति र विसङ्गति फैलाउने जुवाडेहरूलाई पक्राएको, स्वामीलाई केटी

भगाएर बेच्न लाँदै गर्दा पक्राएर थुनेको जस्ता थुप्रै घटनाहरूलाई साना-साना कथामा रूपान्तरण गरी कथानकको मालामा उनिएको हुनाले यस उपन्यासका कथाहरू असङ्गठित रूपमै समेटिएका छन् ।  उपन्यासमा अङ्कित अध्यायहरू छोटा भएर पनि आफैमा पूर्ण छन् । कथाहरू बढी मात्रामा घटनाप्रधान बन्न पुगेका छन् ।

उपन्यासकी नायिका 'म' पात्र र नायक 'स्वामी' संलग्न भएका घटनाहरू उपन्यासका मुख्य कथा हुन् । यसबाहेक राणाविरोधी आन्दोलन, गाउँका विकृतिका रूपमा रहेका जुवातास रोक्ने कार्य, आँखाको अन्नो तान्त्रिक विधिबाट निको पारिएका जस्ता घटनाहरू सहायक कथा हुन् । यस उपन्यासमा थुप्रै टुक्रे कथाहरू समावेश भए पनि तिनलाई सुसङ्गठित रूपमै राखिएको छ । साथै ती कथाहरू सुखान्तमा अन्त्य गरी प्रस्तुत गरिएका छन् । उपन्यासको समग्र कथा जटिल नभएर सरल प्रकृतिको छ ।

**३.४.४ कथानकको आङ्गिक विकासका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास**

सामान्यतया कथानकको आङ्गिक विकासलाई आदि, मध्य र अन्त्य गरी तीन अवस्थाका आधारमा विभाजन गर्ने गरिन्छ । यिनै तीन विकास अवस्थाका आधारमा प्रायः उपन्यासहरूको कथानकको स्थितिलाई विश्लेषण गर्न सकिन्छ । एरिस्टोटलका अनुसार कथावस्तुमा पूर्वपराक्रम तथा कारणकार्य शृङ्खलाका आधारमा घटनाक्रमको एकात्मक वा अन्विति हुनु अपरिहार्य छ, सो कथावस्तु आदि, मध्य र अन्त्य भागमा परिपूर्ण हुन्छ । यस दृष्टिअनुसार कथावस्तुको आदि भागमा एउटा जटिल समस्याका साथ मूल घटनाक्रमको प्रारम्भिक समस्या सुहरू हुन्छ । मध्यभागमा सो घटनाक्रमको प्रारम्भिक उल्भिने क्रिया अभ्र व्यापकता र गतिशीलताका साथ फुक्दै फैलदै चरमोत्कर्षतिर उन्मुख हुन्छ । अन्तिम भागमा चाहिँ सो घटनाक्रमको उल्भने प्रक्रिया एउटा समाधानका साथ सुल्भने प्रक्रियातर्फ सीमित र साँघुरो हुन थाल्छ । यसैमा अन्त्य परिणति प्राप्त हुन्छ (प्रधान, २०५२:४५) । यसरी हेर्दा कथानकको आङ्गिक विकासका आधारहरू भनेका उपन्यासमा निहित आदि, मध्य र अन्त्य हुन् । यीमध्य आदिमाग केही जटिल हुन्छ र मध्यचाहिँ जटिलताभित्र रहेर चरमोत्कर्षमा पुगी उल्भने घटनाक्रमले समाधानको बाटो समाती अन्त्य भागमा पूर्णरूपले समाधान भई अवतरण गर्दछ ।

**सङ्घर्षभित्रका अनौठा पाइला** उपन्यासको आदि, मध्य र अन्त्यको कथानक आङ्गिक विकासका आधारमा अघि बढेको उपन्यास छ । नायिका 'म'  लाई उनकी आमाले स्वामीले आफू र बहिनीलाई भारततिर लग्ने योजना सुनाए लगत्तै  स्वामीको कदमको प्रतिवाद गरेको

घटनालाई उपन्यासको आदि भागको रूपमा प्रस्तुत गरिएको छ । त्यसपछि नायिका डी.एस.पी. कार्यालय गएको घटना, २००७ सालको जनक्रान्तिमा नायिकाले भाग लिएको, प्रजातन्त्र आएपछि पनि जनताले परिवर्तन महसुस गर्न नपाएको, बहिनीको छोप्ने रोग तान्त्रिक विधिबाट नियन्त्रण भएको सो क्रममा थुप्रै बोक्सी शरीरमा सवार भई बकेको, बहिनीको उपचारका क्रममा नायिका ककनी गएको र त्यहाँको प्रकृति र जनजीवनको प्रत्यक्ष अवलोकन गरेको जस्ता विविध घटनाहरूका भागलाई मध्य भागका रूपमा संयोजन गरिएको छ । त्यसै गरी सांसारिक सुखभोगलाई त्यागेर काम, क्रोध, लोभ, मोहबाट मुक्त भई चीवर पहिरिएर सत्य, निष्ठा, त्याग र समर्पणमा लागेको बौद्धमार्गी भिक्षु, 'स्वामी' को कालो धन्दा उजागर भएको र केटी बेच्न लाने क्रममा प्रहरीद्वारा समातिएर थुनामा परेको घटनाले उपन्यासको आङ्गिक विकासको चरणलाई किनारा वा अन्त्यतिर लगी विसर्जनको बाटो देखाउँछ । उपन्यासमा प्रहरी हिरासतमा परेको स्वामीले आफूलाई छुटाउन 'म' पात्रलाई गरेको आग्रहको वास्तै नगरी घरतिर फर्केको दृश्यले उपन्यासको कथानकको विकासको अन्त्य वा उपसंहार हो भन्ने कुराको पुष्टि हुन्छ ।

### ३.४.५ अन्त्यका दृष्टिले 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास

उपन्यासको अन्त्य कुन प्रकारले भएको छ, त्यसलाई हेरेर उपन्यास कुन प्रकारको छ भन्ने थाहा पाउन सकिन्छ । अन्त्यका दृष्टिले उपन्यास सुखान्तक र दुःखान्तक गरी दुई प्रकारका हुन्छन् (सुवेदी, २०५३:१७) । यसरी हेर्दा उपन्यासको अन्त्य सुखान्तक किसिमले प्रेम, प्रणय तथा खुसीमा भएको छ भने त्यो उपन्यास सुखान्तक हुन्छ । उपन्यासको अन्त्य बिछोड, मृत्यु, तथा पीडादायक घटनाबाट भएको छ भने त्यस्तो उपन्यास दुःखान्तक हुन्छ । यो उपन्यास प्रारम्भमा पीडाकष्टले भरिएको भए तापनि अन्तमा सुखान्तक घटनामा अवतरण भएको छ । नायिकाकी बहिनीले कलिलो अवस्थामै छोप्ने रोगको सिकार हुनु परेको, घरपरिवारका सबैजसो केटाकेटी बिरामी परेका, नायिका आफूले पनि आन्दोलनमा प्रहरीको लाठीगोली खानुका साथै जेलनेल समेत बेहोर्नुपरेको घटना, घरपरिवार आर्थिक रूपले जर्जर अवस्थामा पुगेको, आस्था र विश्वासको धरोहर भनिएका नायक स्वामीको डटेर प्रतिवाद गर्ने क्रममा चेलीबेटी जीपमा राखेर बेच्न लाँदै गर्दा प्रहरीको सहयोगमा गिरफ्तार गरेर जेल हाल्न सफल भएको र थप नेपाली चेलीहरूलाई भारतका कोठीमा नारकीय जीवन भोग्नुपर्ने विवशताबाट जोगाउन सफल भएको घटनामा आधारित भएर उपन्यासको अन्त्य भएको हुनाले यो उपन्यास सुखान्तक वा संयोगात्मक बन्न पुगेको छ ।

## ३.५ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास भित्र द्वन्द्व

द्वन्द्व कथावस्तु र पात्रलाई क्रियाकलापसँग आवद्ध गराएर अभिव्यक्ति दिने तत्त्व हो । द्वन्द्वलाई कतिपय विद्वान्हरू सङ्घर्ष भन्न हरूचाउँछन् । मनस्तत्त्वको सङ्घातबाट अन्तर्द्वन्द्व पनि जन्मिने हुनाले सङ्घर्षभन्दा द्वन्द्व भन्नु बढी उपयुक्त ठहर्छ । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तर्जटिलताको सूचक हो (सुवेदी, २०६४:२४) । यसरी हेर्दा द्वन्द्व भन्नाले उपन्यासमा पात्रको मानवजीवन सञ्चालन गर्ने अवस्थाहरूको प्रतिद्वन्द्विता हो । यस्तो द्वन्द्वलाई दुई तहमा बाँडिएको छ : आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्व ।

### ३.५.१ आन्तरिक द्वन्द्व

उपन्यासमा प्रयुक्त पात्रहरूका मनभित्रको द्वन्द्व नै आन्तरिक द्वन्द्व हो । यस्तो द्वन्द्वमा पात्र स्वयं आफैभित्र पिल्सिन्छ र यदाकदा विक्षिप्त बन्न पुग्छ । सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यासका पात्रहरूमा पनि प्रशस्त मात्रामा आन्तरिक द्वन्द्व देखिन्छ । उपन्यासकी नायिकामा ठूलो अन्तरिक द्वन्द्व देखिन्छ । उपन्यासका अधिकांश पात्रहरू अन्तर्द्वन्द्वको भुमरीमा फसेका छन् । उपन्यासकी नायिकामा ठूलो अन्तर्द्वन्द्व छ । उनी २००७ सालको जनआन्दोलनमा लागी प्रहरीको लाठी, गोली खानुका साथै जेलजीवन समेत भोग्न पुगी पछि नेपाल महिला सङ्घकी संस्थापक सदस्य बनिसकेको अवस्थामा पनि समाज सुधारको सङ्केत नदेखिएपछि भित्रभित्रै छट्पटिन्छिन् । बहिनीको छोप्ने रोग आधुनिक चिकित्सापद्धतिबाट निको हुन नसकी आफूले विश्वासै गर्न नसकेको तान्त्रिक पद्धतिबाट निको हुँदा आधुनिक र पुरातनवादको बीच मानसिक द्वन्द्व देखा परेको छ । अर्थात् यसै विषयलाई लिएर उसको मनयुद्ध मैदान हुन पुगेको छ । त्यसैगरी शान, मान र ज्ञान तथा तान्त्रिक र बौद्धिक शक्तिले खारिएको स्वामी (खलपात्र) सँगको प्रतिवादबाट हुन सक्ने सम्भावित खतरा म पात्रको मनमा आँधी भएर मडारिरहेको छ । स्वामीसँग गरेको प्रतिद्वन्द्विता र सोको बारेमा आफ्नै बुबालाई समेत नभनी बस्दाको छटपटी जस्ता अन्तर्द्वन्द्वले 'म' पात्रको मन ग्रसित देखिएको छ । यस्तै 'म' पात्रकी बहिनीका मनभित्र पनि आफ्नो पढ्ने समयमा छोप्ने रोगले सताएको स्वामीले उपचार गर्ने बहानामा फकाई फुल्याई भारत लाने कुरा गरेको, आफ्नै दिदीको विरूद्धमा उसले अनेक कुरा गरेको, उसका विरूद्ध दिदीले प्रतिवादी झगडा गरेको र त्यसबाट हुन सक्ने सम्भावित घटनाको भयले ठूलो द्वन्द्व सिर्जना हुन पुगेको छ । यस्ता अन्तर्द्वन्द्वका थुप्रै दृष्टान्त छन् । तिनका लहरमा नायिकाकी आमाको मनभित्र पनि आफ्नी छोरीको छोप्ने रोग निको नहुने हो कि भने डर छ भने अर्कातिर

स्वामीले आफ्नी बिरामी छोरीलाई घरका परिवारलाई थाहा नदिई भारततिर जाउँ भनेर फकाएको जस्ता स्वामीका अमनासिब कुरा खुलस्त पारेर थप द्वन्द्व निम्त्याउन नचाहनुले अन्तर्द्वन्द्वभित्र पिल्सिएर बसेको देखिन्छ । त्यस्तै ककनीस्थित स्वामीको आश्रममा रहेकी वृद्धा महिला स्वामीको डरले उसका कुकृत्यहरू तथा उसका अनेकन काला धन्दा खुलेर पर्दाफास गर्न नसकी आक्रोशमा जलेर बस्नुपरेकोमा उनी भित्रभित्रै चरम अन्तर्द्वन्द्वको सिकार बनेर रहेकी छन् । यस उपन्यासभित्र यस्ता आन्तरिक द्वन्द्व हरेक पात्रहरूमा पाइन्छन् ।

### ३.५.२ बाह्य द्वन्द्व

बाह्य द्वन्द्व मान्छेको भौतिक जीवनका विसङ्गतिको कारण देखा पर्ने द्वन्द्व हो । यस्तो द्वन्द्वले मान्छे-मान्छेका बीच, मान्छे र समाजका संस्कृतिका बीच, मान्छे र मानवेतर पात्रका बीच तनाव जन्माउने काम गर्दछ (बराल, एटम, २०६६:२४) । यसका आधारमा हेर्दा, बाह्य द्वन्द्व मानिसले मानिससँग भौतिक रूपमा राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृत क्षेत्रमा देखा पर्दछन् । यो साधारण कोटिको द्वन्द्व हो । सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यासको आरम्भ नै बाह्य द्वन्द्वबाट भएको छ । खलनायक पात्र स्वामीले 'म' पात्र नायिकालाई र उनका बुबालाई समेत नभनी आमा र बहिनीलाई भगाएर भारत लान खोज्दा त्यहाँ भौतिक रूपमै प्रतिवाद हुन्छ । 'म' पात्र स्वामीलाई पाखुरामा समातेर तान्दै लगेर कोठामा थुनेर आफूचाहिँ डी.एस.पी. कार्यालयमा उजुरी गर्न पुग्छिन् । त्यसैगरी 'म' पात्रको २००७ सालको जनक्रान्तिको माहोलमा प्रहरीसँग भौतिकरूपमै पिटापिट र हानाहान हुन्छ । त्यस्तै बहिनीको छोप्ने रोगको तान्त्रिक उपचारका क्रममा धामीझाँक्रीसँग अनावश्यक दुःख दिएको भन्दै शारीरिक हमला हुन पुग्छ । उपन्यासको नायक तथा खलपात्र स्वामी निवासमा काम गर्न बसेका केटा आइमाईहरूसँग चर्को द्वन्द्व हुन्छ । त्यसैगरी स्वामीको अभद्र व्यवहारबाट शारीरिक र मानसिक रूपमै पीडित बनेकी छे सोही निवासमा बस्ने एक वृद्धा नारी, त्यसैगरी स्वामीको गलत क्रियाकलापका विरूद्धमा सजाय दिने क्रममा चिकित्सापद्धति र परम्रागत रूढ तन्त्रमन्त्र धामीझाँक्री, बोक्सा-बोक्सी, जादु जस्ता विषयलाई लिएर 'म' पात्र र उसका साथीहरूबीच चर्को द्वन्द्वको कुशलतापूर्वक संयोजन गरिएको छ ।

## ३.६ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासभित्र कौतूहल

उपन्यास रोचक हुनुपर्दछ । जहाँ रोचकता छ त्यहाँका वैचारिक पक्ष अझ उजेलिएका हुन्छन् जसको कारण भावकको मनमा चाँडोभन्दा चाँडो प्रभाव पार्दछ ।

पाठकमा जिज्ञासु भाव जगाई राख्न, मूल र कोण प्रसङ्गलाई मूल कथासँग जोडेर पढ्ने अभिहरूचि पाठकमा जगाइराख्न मदत गर्ने तत्त्वको नाम नै कुतूहलता हो (सुवेदी २०४६:४२) । यस दृष्टिभावलाई केलाउँदा के भन्न सकिन्छ भने उपन्यासमा विभिन्न सहायक तथा उपसहायक कथाहरू जोडिएका हुन्छन् । तिनीहरूलाई प्रभावकारी ढङ्गले मूल कथामा जोड्नु र जसलाई पाठनीय बनाउने काममा सशक्तता प्रदान गर्दै पाठकको मनमा नयाँ तरङ्ग र भाव सञ्चार गर्दै लानुलाई नै कुतूहलता भनिन्छ । यसले पाठकका मनमा अब के होला ? आम्मै नि ! जस्ता उद्गारयुक्त जिज्ञासाले भरिएका भावहरू उत्पन्न गराउँछ । यही जिज्ञासाले पाठक उपन्यासप्रति अझ जिज्ञासु हुन पुग्छ र उपन्यासप्रति अभिहरूचि बढाउँछ । कौतूहल उपन्यासका लागि धेरै आवश्यक छ । यसले उपन्यासमा भएका कथा, उपकथाहरूबीच सन्निध्यता बढाउँछ र उपन्यासको अन्वितिहरूलाई नै शृङ्खलित गर्ने काम गर्दछ । कौतूहलले पाठकको मनभित्रको खुल्दुली र जटिलताहरूलाई क्रमशः फुकाउँदै र खुकुल्याउँदै लैजान्छ ।

प्रस्तुत **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास कौतूहलका दृष्टिले एक सशक्त उपन्यास हो । उपन्यासको प्रारम्भदेखि नै कौतूहलले पाठकलाई घच्घच्याउन थाल्दछ । उपन्यास जति अघि बढ्दै जान्छ कौतूहल वा जिज्ञासाको उच्चाइ त्यति नै अग्लिँदै जान्छ । अन्त्यसम्ममा पनि जिज्ञासा नै जिज्ञासाको पहाड चढाएर ओराल्दै जिज्ञासाकै भुइँचालोमा हल्लाउँदै कथानकको अन्त्य गरिएको छ ।

कथानकको सुरूमै द्वन्द्व छ र द्वन्द्वले जिज्ञासा जन्माएको छ । आरम्भमा वैभवशाली स्वामीलाई हातपात गर्दै कोठामा थुन्न सफल भएदेखि नै अब के हुन्छ ? भन्ने जिज्ञासा जाग्दै जान्छ । नायिका प्रहरीमा पुगी उजुरी गर्छे तर घर फर्केर खुरूक्क स्वामीलाई छोडिदिन्छे । यसबेला पाठकका मनमा अनेकौं खुल्दुली चल्दछन् । त्यसैगरी स्वामीले एकदिन एक मृत केटाको फोटो, बुद्धको मूर्ति र मृतकको जीवित भाइलाई काँचो धागोले बाँधेर मृतात्माको अवस्था जीवित केटाको मुखबाट प्रत्यक्ष बकाउँछ; केटाले काम्दै भनेका कुरा साबित हुँदै जान्छन् । त्यस्तै 'म' पात्रकी बहिनीलाई छोपेको समयमा उसको शरीरमा बोक्सी सवार भएको हुनाले आगोले समेत नपोलेको, बहिनीलाई धेरै भोक लागेको, अचेत अवस्थामा नै खाना मागी मासुचिउरा खाएको, कहिल्यै नखाने उसले एक बट्टा चुरोट फटाफट सल्काएर खाएको, त्यस्ती मर्न लागेकी ११-१२ वर्षकी बिरामी केटीले २ माना रक्सी पिएर केही पनि असर नदेखिएको, अन्तमा खाइसकेपछि म गएँ फेरि कुनै दिन आउँला

भन्ने आवाज दिएपछि बहिनीलाई छोप्न छाडेको (होसमा आएकी) जस्ता परिदृश्यले पाठकका मनमा यो के हो ? कसरी भएको ? जस्ता कैयौं प्रश्न उठ्न थाल्छन् । बहिनीको बिमार निको पार्न आएका धामी-झाँक्रीले उसलाई नछोपेकै (होसमा भएको) बेलामा बोक्सी चढेको छ भनी पन्यौं, तताएर डाम्नेसम्मको यातना दिन लाग्दा 'म' पात्रले प्रतिवाद गर्छे । धामीले धम्क्याउँदा दर्शक र परिवारजनको अवस्थाप्रति पाठकको मनमा अब धामीले के गरि दिने हो ? बिरामीको अवस्था कस्तो हुने हो ? जस्ता जिज्ञासा उठ्छन् । थुप्रै आशङ्काहरू जन्मिन्छन् । त्यस्तै सम्पूर्ण ज्ञानले सिद्ध, सांसारिक सुखभोगलाई त्यागी बौद्ध मार्गी बनेको भिक्षु स्वामीको कोठाबाट सारी, चोलो, धागो, चुरा, पोते जस्ता शृङ्गारका सामानको पोको 'म' पात्रले चोरेर ल्याउँदा पाठकका मनमा स्वामीको शक्ति र वैभवका कारण उसले थाहा पाउनासाथ नायिकामाथि विपत्ति ल्याइदेला, जीवन बर्बाद पारिदेला जस्ता अनेक कौतूहल उत्पन्न हुन्छ । ककनीबाट निर्धारित समयभन्दा अगाडि नै फर्काइएकाले स्वामी रिसाएछ र अब 'म' पात्रको घरमा आउँदैन होला भन्ने सोच्दासोच्दै ऊ त गाडीमा धान राखेर टुप्लुक्क आइपुग्छ । यस्तो व्यवहारले घटना झन् रहस्यपूर्ण बनेको छ । यस घटनाले रोचकता एवं रौनकता थपिदिन्छ । उपन्यासको अन्तिम अन्तिम अवस्थामा स्वामीलाई प्रहरीले 'म' पात्रको उजुरीका आधारमा चेलीबेटी बेच्न लैजाँदै गर्दा बाटोमै समातेर थुन्छ र प्रहरी नायिकालाई बोलाउन आउँछ । यस बखत पाठकका मनमा स्वामीजस्तो अद्भुत क्षमता भएकोले र तन्त्रमन्त्रका साथै दैवी शक्ति समेतले सम्पन्न व्यक्ति भएकाले चमत्कारपूर्ण ढङ्गले बितन्डा मच्चाउला र ठूलो दुर्घटना घटाउला भन्ने लागिरहन्छ । तर स्वामी त 'म' पात्रसँग शरण लिन पुग्छ । उसले घरबाट ल्याएको शृङ्गारको पोको प्रहरीलाई जिम्मा लगाई घर फर्के पछि स्वामीबाट हुन सक्ने सम्भावित खतराको सेरोफेरोमा पाठकहरू घुमिरहन्छन् । शक्तिशाली स्वामीसँग पौँठेजोरी खेल्ने 'म' पात्रले स्वामीबाट दुःख पाउँछे कि भन्ने उत्सुकता पाठकका मनमा उठिरहन्छ । यसरी प्रस्तुत उपन्यासको कथानक एकपछि अर्को कौतूहल पैदा गरी पाठकलाई उत्साहित तथा जिज्ञासु बनाउन सफल छ ।

अन्त्यमा उपन्यासको समाप्ति कसरी हुने हो र 'म' पात्रले स्वामीलाई माफी दिन्छे कि दिन्न ? भन्ने जिज्ञासा पूरा नहुँदै उपन्यासको कथानकको अन्त्य गरिए तापनि पाठकका मनमा भने त्यसलाई प्रहरीले थुन्छ होला अथवा माथिको आदेस भन्दै छोडिदिन्छ र उसले अनेकन कुकृत्यलाई निरन्तरता दिन्छ होला भन्ने दुविधात्मक तर्कहरू आइनै रहने छन् । यसरी **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास पर्याप्त कौतूहल सिर्जना गर्न सफल भएको छ ।

### ३.७ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा परिवेश

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसलाई शब्दान्तरमा पर्यावरण, वातावरण, परिवृत्त, परिधिजस्ता शब्दहरूले सम्बोधन गरिन्छ (सुवेदी २०४६:२५) । उपन्यासमा परिवेश चित्रणले देश, काल र वातावरणलाई समेट्छ । उपन्यासकको कथानकमा हुने कुनै पनि कार्यका लागि उपयुक्त स्थल नै परिवेश हो । परिवेशलाई कार्यपीठिका पनि भनिएको पाइन्छ । उपन्यासमा चरित्रले जुन धरातलमा रहेर कार्य गर्दछ वा गराउँदछ त्यस्तो काल वा समयको आन्तरिक तथा बाह्य स्थितिलाई परिवेश भनिन्छ  जसअन्तर्गत व्यक्तिगत स्वभाव, व्यवहार, सामाजिक, धार्मिक, सांस्कृतिक परम्परा, रीतिस्थिति, रहनसहनका साथै नैतिक तथा प्राकृतिक पृष्ठभूमिको वातावरण सबै पर्दछन् । खासमा भन्ने हो भने उपन्यासमा परिवेश भनेको परिस्थिति, समय र स्थानको सीमा हो ।

परिवेशले उपन्यासलाई प्रभावकारी एवं विश्वसनीय बनाउँछ । पात्रको कार्यव्यापारमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । परिवेशको सजीव चित्रणले उपन्यासलाई साहित्यिक, आलङ्कारिक एवं काव्यात्मक समेत बनाउँछ । त्यसकारण उपन्यासमा परिवेश आवश्यक तत्त्व मानिन्छ । परिवेशलाई भौतिक, मानसिक र आञ्चलिक गरी तीन रूपमा विभाजन गरिन्छ ।

#### ३.७.१ भौतिक परिवेश

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको भौतिक परिवेशलाई घटनाक्रमका आधारमा हेर्दा तत्कालीन नेपालको समसामयिक विषय र स्थानलाई लिइएको पाइन्छ । त्यसमा काठमाडौँ उपत्यका र आसपासका क्षेत्रमा अवस्थित धामी, झाँक्री, बोक्सी, तन्त्रमन्त्र आदि प्रथा देखाइएको छ । यसरी नै वि.सं. २००७ सालको नेपालको समयगत परिवेश र लामो समयको अन्तरालमा पनि कुनै परिवर्तन नआएको कुरा प्रहरी थानाको दयनीय अवस्थाले देखाएको छ । यस उपन्यासको मुख्य कार्यस्थल काठमाडौँ उपत्यका हो । काठमाडौँका प्रमुखस्थलहरू नयाँ सडक, असन, इन्द्रचोक, डिल्लीबजार, लैनचौर, हनुमान ढोका, केलटोल लगायत र उपत्यकाबाहिर ककनीसम्म फैलिएको छ । उपन्यासमा समयको खास किटानी भएको देखिँदैन तर पनि २००७-००८ साल र त्यसपछिको समयको परिवेश हो भन्ने चाहिँ उपन्यासमा वर्णित घटनाक्रमहरूले देखाउँछन् । विशेष गरी यस उपन्यासमा नेपालको २००७ सालको जनक्रान्ति र तत्पश्चात्का समयसन्दर्भमा अवस्थित आर्थिक,

सामाजिक र राजनीतिक विकृति र विसङ्गतिको द्वन्द्वात्मक परिवेश पूर्वदीप्तिशैलीमा भौतिक परिवेशका रूपमा प्रस्तुत गरिएको छ ।

### ३.७.२ मानसिक परिवेश

पात्रको मनमा उत्पन्न हर्ष, विस्मात्, आश्चर्य, उत्साह, क्रोध, नैराश्य जस्ता अवस्था मानसिक परिवेशभित्र पर्दछन् । प्रस्तुत उपन्यासमा पात्रहरूको मानसपटलमा समय र घटनागत परिवेशले विभिन्न प्रभाव पारेको छ । जस्तै प्रारम्भमा 'म' पात्र स्वामीले षड्यन्त्र गरी आफ्नी आमा र बहिनीलाई दिल्ली लाने कुरा गरेको आमाकै मुखबाट थाहा पाएपछि अत्यन्तै क्रोधित हुन पुगेकी छ । स्वामीसँग भौतिक रूपमै जाइलागेको दृश्यले पनि यस कुराको पुष्टि गर्दछ । यस्तै ऊ ककनीबाट देखिने नेपालकै मनमोहक हिमशृङ्खलाको सुन्दर दृश्यावलोकनबाठ अत्यन्तै मन्त्रमुग्ध हुन पुगेकी छ । त्यसै गरी ककनीस्थित स्वामीको घरमा काम गर्ने तथा गाउँबाट कोसेली पुऱ्याउन आउने बासिन्दाको दयनीय एवं काहरूणिक अवस्था देखेर साह्रै दुःखी हुन पुग्छे । बहिनीको रोग निको हुँदै जाँदा सपरिवार नै खुसीले उमङ्गित भएका छन् । त्यस्तै अर्को घटनामा स्वामीलाई केटी बेच्ने गिरोहको आरोपमा पक्रेर थुनेको दृश्यले 'म' पात्र लगायत सिङ्गो परिवारमा आश र त्रास मिश्रित मानसिक परिवेश देखिन्छ । स्वामीसँगको प्रतिद्वन्द्वताका कारण त्यस्तो सान, मान, इज्जत, प्रतिष्ठा, विश्वास चमत्कारपूर्ण तान्त्रिक शक्तिसम्पन्न भिक्षुले 'म' पात्रको परिवारमा ठूलो अनिष्ट ल्याइदिने शङ्काले परिवारै भयभीत भएको छ । सिङ्गो गाउँ, सहर बोक्सीको आक्रमणबाट बच्नका लागि मानसिक द्वन्द्वले तनावग्रस्त देखिन्छ ।

यसरी उपन्यासभित्रको मानसिक परिवेशलाई नियाल्दा तत्कालीन अवस्थामा काठमाडौं र आसपासका क्षेत्रमा व्याप्त भोक, रोग र शोक अनेकन् प्रकारका विकृति र विसङ्गतिको भारले जर्जर बनेकाले समग्र समाजको मनोविज्ञान स्थिर र अनुकूल छैन । यस प्रकार प्रस्तुत उपन्यासमा पर्याप्त मानसिक परिवेशको चित्रण गरिएको छ ।

### ३.७.३ आञ्चलिक परिवेश

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा उपन्यासकारले खासगरी काठमाडौंको केन्द्रीय भागलाई बढी उपयोग गर्दै त्यसैको सेरोफेरोमा उपन्यासको आदि, मध्य र अन्त्यको संयोजन गरेकी छन् । काठमाडौं उपत्यकानजिक रहेका ककनी र त्रिशूली क्षेत्रलाई पनि आंशिक रूपमा उपयोग गरिएको छ । खासगरी उपन्यास काठमाडौं केन्द्रित परिवेशमा बिजारोपण भई यही झाँगिँदै अन्त्य पनि यहीँ हुन पुगेको छ । उपन्यासको अधिकांश

कथानक काठमाडौँकै असन, इन्द्रचोक, केलटोल, भोटाहिटी, वसन्तपुर, नयाँसडक, कीर्तिपुर जस्ता स्थानमा समेटिएको छ । साथै उपन्यासमा प्रयुक्त संस्कार संस्कृति समेत काठमाडौँ उपत्यकाकै रहेकाले प्रस्तुत उपन्यासलाई आञ्चलिक परिवेशले युक्त उपन्यास भन्न सकिन्छ ।

## ३.८ चरित्र चित्रण

चरित्र वा पात्र उपन्यासको अर्को मुख्य तत्त्व हो । पात्र कथानकको गतिका संवाहक हुन् । पात्रले नै कथानकको गति र कार्यअनुरूप विकास र व्यवहार अनेकन् आरोह-अवरोह युक्त क्रियाकलाप गरी उपन्यासलाई जीवन्त एवं मूर्त रूप दिन्छन् । उपन्यासले भन्न खोजेको कुरा पात्रहरूको कार्यव्यापारबाट प्रकट हुने भएकाले सबै विचारधाराका पात्रहरू उपन्यासकारका लागि महत्त्वपूर्ण हुन्छन् । पात्रहरू मानव तथा मानवेतर दुवै हुन सक्छन्, अझ अतिमानवेतर समेत हुन सक्छन् तर पात्र नभएमा उपन्यास बन्छ भन्न सकिँदैन । पात्रहरूलाई व्यक्तिगत स्वभाव र उनीहरूको भूमिका जस्ता पक्षलाई आधार बनाएर विभिन्न वर्गमा छुट्याएर हेर्ने गरिन्छ ।

### ३.८.१ चरित्र वा पात्र

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर (प्राणी तथा कुनै जड वस्तु पनि हुन सक्छ) लाई पात्र वा चरित्र भनिन्छ (बराल, एटम, २०६६:२७) । औपन्यासिक कृतिभित्र हरेक चरित्रको स्वरूप तथा बिम्ब भिन्न तरिकाले निर्धारण गरिने भएकाले सामान्यतया पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ । चरित्रकै माध्यमबाट व्यक्ति तथा समाजको बृहत् रूप उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । विगत र आगतलाई तानेर ल्याउने तत्त्व पनि चरित्रै हो (सुवेदी २०५३:१७) । त्यसरी तानेर पाठकसम्म प्रमुख रूपमा ल्याउने र सो कुरा पाठकसामु सम्प्रेषण गर्ने माध्यम पनि उपन्यासभित्र चरित्र नै हुन्छ । पात्रहरू स्रष्टाद्वारा निर्माण गरिएका हुन्छन् तापनि यिनीहरूले सांसारिक जीवनका आन्तरिक एवं बाह्य प्रवृत्तिको मूल स्वरूपलाई पछ्याएका हुन्छन् ।

पात्रहरू सर्वसाधारण झैँ सांसारिक जीवनका विभिन्न पाटाबाट आएका हुनाले उनीहरूको चित्रणमा पनि विविधीकरण गरिएको हुन्छ । देश, काल र परिस्थितिअनुरूप पात्रहरूका गुण पनि फरकफरक हुन आउँछन् । उपन्यासका पात्रको कार्य वा भूमिका,

प्रवृत्ति, स्वभाव, जीवन, चेतना, लिङ्ग, आसन्नता, आवद्धता आदिका आधारमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

### ३.८.२ कार्यका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको पात्रविधान

कार्य वा भूमिकाका आधारमा उपन्यासमा वर्णन गरिएका चरित्र वा पात्रलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ : प्रमुख पात्र, सहायक पात्र र गौण पात्र ।

उपन्यासमा पात्रहरूको के कस्तो स्थान छ ? उनीहरूको भूमिका के छ ? उपन्यासको कथावस्तुलाई ती पात्रहरूले केकसरी डोऱ्याएका छन् । उपन्यासको उद्देश्यप्राप्तिका लागि ती पात्रहरूको कार्य कसरी सिद्ध भएको छ ? यी र यस्ता थुप्रै कुराहरूलाई दृष्टिगत गरेर उपन्यासमा पात्रहरूको स्थान निर्धारण गरिन्छ । प्रमुख पात्र उपन्यासको आदिदेखि अन्त्यसम्म समेटिएको हुन्छ । उद्देश्यप्राप्तिका लागि उसको महत्त्वपूर्ण भूमिका हुन्छ । यस्ता पात्रलाई नायक वा नायिका भनिन्छ । कथावस्तुमा यिनीहरूको स्थान र भूमिका निकै महत्त्वपूर्ण हुन्छ । सहायक पात्रहरू प्रमुख पात्रलाई उद्देश्य प्राप्तिसम्म पुग्नका लागि सहायक वा सहयोगी हुन्छन् । गौण पात्रहरूलाई पनि उपन्यासकारलाई उसको लक्ष्य हासिल गर्न र सांसारिक यथार्थको चित्रण गर्न तथा कृतिलाई रोचक एवं अर्थपूर्ण बनाउन प्रयोग गरिएको हुन्छ ।

### ३.८.३ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका प्रमुख पात्र

**क) 'म' पात्र**

'म' पात्र **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको कथयिता केन्द्रीय पात्र हो । उपन्यास 'म' पात्रकै सेरोफेरोमा केन्द्रित भई घुमेको छ । मध्य काठमाडौँको नेवार परिवारमा जन्मेकी र उच्चशिक्षा समेत हासिल गरेकी 'म' पात्र आफ्नी बहिनीको छोप्ने रोग निको नभएकोमा निकै हैरान देखिन्छिन् । २००७ सालको जनक्रान्तिमा समेत महत्त्वपूर्ण योगदान दिएकी एक सशक्त क्रान्तिकारी योद्धा 'म' परम्परावादी अन्धविश्वास र आधुनिक वैज्ञानिक युगको दोसाँधमा अल्मलिएकी छन् । डाक्टरहरूको आधुनिक चिकित्सा पद्धतिले समेत रोग निको नभएपश्चात् उनी धामीझाँक्री, वैद्य, टुनामुना, तन्त्रमन्त्र जान्ने मानिसहरूबाट उपचार गराउने सिलसिलामा एक बौद्ध भिक्षु 'स्वामी' लाई भेट्छिन् जसबाट बहिनीको उपचार सम्भव हुन्छ । ककनी निवासी एक बूढीबाट स्वामीको छद्मभेषी चरित्रको पर्दाफास भइसकेपछि उसले सोझासिधा जनतामा विशेष गरी निर्दोष चेलीबेटीहरूमाथि गरेको

अमानवीय दुर्व्यवहारको विरूद्धमा सतिसालझैँ उभिएर अन्तमा उसलाई प्रशासन लगाएर सजाय दिन सफल हुन्छिन् र उपन्यासको कथानक अन्त्य हुन्छ ।

यसरी सुहरूदेखि अन्तसम्म रहेर उपन्यासको साङ्गठनिक बाटोमा 'म' ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । 'म' पात्रलाई यस उपन्यासबाट हटाइदिने हो भने यत्रो एक संरचनागत स्थूल उपन्यास बन्नै सक्दैन । उपन्यासकारको वैचारिक अभीष्ट पूरा गर्ने माध्यम पनि 'म' नै हुन् । त्यसैले 'म' लाई यस उपन्यासको मियो नै मान्नु पर्दछ । उपन्यासको केन्द्रीय पात्र 'म' नायिका- लिङ्गका आधारमा स्त्री र प्रवृत्तिका आधारमा अनुकूल हुन् भने आसन्नताका आधारमा मञ्चीय तथा आवद्धताका आधारमा वद्ध पात्र हो ।

**ख) स्वामी**

पहेँलो रङको चीवरमाथि सोही रङको पछ्यौरा ओढी उस्तै झोला भिरी चप्पल पड्काउँदै गाउँ गाउँ चहार्दै हिँड्ने स्वामी खलनायक पात्र हो । उसलाई अङ्ग्रेजी, हिन्दी, उर्दू, श्रीलङ्कन भाषाको राम्रो ज्ञान छ तर नेपाली भाषामा भने कामचलाउ मात्रको ज्ञान देखिन्छ । बुद्ध धर्मको अनुयायी स्वामी अभरमा (अप्ठ्यारोमा) परेका र रोग लागेर थलिएका मानिसहरूलाई निःशुल्क उपचार गरिदिने गर्दछ । दैवी चमत्कार या तान्त्रिक चमत्कार देखाउन सक्ने एक समाजसेवी जस्तो लाग्ने स्वामी केटी बेच्ने दलालको अभियोगमा डी.एस.पी.द्वारा पक्राउ पर्छ । स्वामीको अनुपस्थितिमा उसको भूमिका शून्य हुन जाने हुनाले उविना उपन्यासै अधुरो बन्न स्पष्ट छ । आदिदेखि अन्त्यसम्मै निरन्तर भूमिकामा देखिने प्रमुख खलपात्र स्वामी यस उपन्यासको प्रमुख पात्र हो । उसलाई चरित्रका आधारमा केलाउँदा अनुकूल र प्रतिकूल दुबै पात्रका रूपमा लिन सकिन्छ । ऊ लिङ्गको आधारमा पुरुष, स्वभावका आधारमा गतिहीन, आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा वद्ध पात्र हो ।

**ग) बहिनी**

म पात्रकी कान्छी बहिनीको भूमिकामा रहेकी १२ वर्षकी सरल मिजास र असाध्यै रूपवती बहिनी यस उपन्यासकी नायिका हो । वर्षौंदेखि छोप्ने रोगले सताइएकी बहिनी अति नै निराश देखिन्छे । रोगका कारण पढाइ छुटेकी ऊ रोगको उपचारपश्चात् निकै खुसी देखिन्छे । उपन्यासमा बहिनीको स्थान पनि निकै महत्त्वपूर्ण छ । उसको उपस्थितिले नै उपन्यासका शृङ्खलाहरू रोचक मोडमा पुगेका छन् । बहिनी स्वभावका आधारमा गतिहीन,

जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय, आवद्धताका आधारमा वद्ध पात्र हो ।

**३.८.४ सहायक तथा अन्य पात्रहरू**

**क) आमा**

आमा यस उपन्यासकी सहायक 'स्त्री' पात्र हुन् । नेपाली आम नारीवर्गको प्रतिनिधि र आदर्श चरित्र हुन् । उनी आफ्ना छोराछोरीलाई खुबै माया, हेरचाह, स्याहार सुसार एवं रेखदेख गर्ने मातृवत्सला आमा हुन् । एक आदर्श गृहणी र आदर्श आमाका रूपमा मात्रै होइन, असल, मिलनसार, र सहयोगी आमाको रूपमा पनि उनको भूमिका रहेको छ । आफ्नी छोरीको छोप्नेरोग निको पार्न उनले उपन्यासभरी नै 'म' पात्रलाई सहयोग र सल्लाह दिएकी छन् । उनी आफूलाई जस्तोसुकै अप्ठ्यारो वा मर्का परे तापनि छातीभित्र पीडा लुकाइ सहन सक्छिन् । अरूले जेजस्तो गल्ती गरेको भए तापनि छिचलेर गाली गर्ने वा वचनवाण प्रहार गर्ने स्वभाव छैन । उनी एक सहनशीला-सुशीला आदर्श नारी पात्र हुन् । यसरी हेर्दा उनी अनुकूल, मञ्चीय, तथा मुक्त स्त्री पात्रका रूपमा देखिएकी छन् ।

**ख) अन्य सहायक पात्रहरू**

डी.एस.पी कर्तव्यनिष्ठ, माथिको आदेश पालना गर्ने एक सरकारी प्रहरी कर्मचारी हो । ऊ लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय तथा वद्ध पात्र हो । त्यसै गरी अर्को सहायक पात्रका रूपमा 'बूढी' स्वामीको घरको छिडीमा वर्षौंदेखि बस्तै आएकी एक स्त्री पात्र हो । ऊ स्वामीको अन्याय, अत्याचार सहेर पनि केवल कालपर्खाइमा बाँचिरहेकी पीडित पात्र हो । ऊ स्त्री, सहायक अनुकूल, स्थिर, व्यक्तिगत, नेपथ्य र वद्ध पात्र हो । त्यसै गरी उपन्यासमा रोगी पात्र बहिनीको उपचारमा लागेको झाँक्री पुरुष, सहायक, प्रतिकूल, मञ्चीय, वद्ध, वर्गीय र स्थिर पात्र हो ।

**ग) गौण पात्रहरू**

यस उपन्यासमा थुप्रै गौणपात्रहरू छन् । जस्तै स्वामीका कामदारहरू, केटाहरू, महिलाहरू, ड्राइभर, 'म' पात्रकी काकी, फुपू , बाबा, दिदीको देवर, गाउँले प्रहरी, दुल्है, वैद्य, 'म' का कजेलका साथीहरू, बेचिने केटी, छिमेकी दाइ आदि ।

### ३.८.५ 'सङ्घर्ष भित्रको अनौठा पाइला' उपन्यासका पात्रहरूको चिन्तन

चिन्तनका आधारका पात्रहरू दुई प्रकार हुन्छन् । उपन्यासकारले उपन्यासमा सकारात्मक र नकारात्मक धारणा भएका दुवै खाले पात्रहरूको संयोजन गरेका हुन्छन् जसलाई अनुकूल र प्रतिकूल पनि भनिन्छ । सर्जकले यस्ता दुवै प्रवृत्तिगत भूमिका भएका पत्रहरूको सिर्जना गरेर आफ्नो दृष्टिकोणलाई उजागर गरेका हुन्छन् । उपन्यासमा सकारात्मक भूमिका भएका पात्रहरूलाई अनुकूल चरित्र भनिन्छ, जसले पाठकको सहानुभूति खोजिरहेको हुन्छ । खास गरी यस्ता पात्रहरूले जीवन र जगत्को सत्पक्षलाई पुष्टि गर्दछन् । अर्कातिर यसको विपरीत प्रतिकूल पात्रहरू भने नकारात्मक भूमिकामा हुन्छन् । यस्ता पात्ररूप्रति पाठकको सहानुभूति रहँदैन । 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका पात्रहरू पनि दुवै प्रवृत्तिका अर्थात् अनुकूल र प्रतिकूल भेटिन्छन् । उपन्यासका अनुकूल पात्रहरू मा 'म' आमा, बहिनी, बूढी, बाबु, डि.एस.पी., भाइ, स्वामीका कामदार केटाहरू, आइमाईहरू, म पात्रकी फुपू दिदीको देवर आदि पर्दछन् । यहाँ उपन्यासको मुख्य पात्र स्वामी भने अनुकूल र प्रतिकूल दुवै चिन्तन बोकेको पात्रका रूपमा प्रस्तुत भएको छ जसको भूमिकाप्रति सुरूमा पाठकहरूले आदरभाव तथा सहानुभूति देखाउन खोजे पनि अन्तातिर उनको गतल क्रियाकलाप छताछुल्ल हुन पुगेपछि ऊ पाठकका नजरमा घृणित तथा दुष्ट चरित्रका रूपमा उभिन पुग्छ । यसरी हेर्दा प्रस्तुत उपन्यासका बहुमत पात्रहरू अनुकूल वा सकारात्मक चरित्रका छन् भने स्वामी र झाँक्री जस्ता पात्रहरू प्रतिकूल वा नकारात्मक भूमिकामा देखिएका छन् ।

### ३.८.६ स्वाभाव वा स्वरूपका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला'उपन्यासका पात्रहरू

स्वरूप दृष्टिले उपन्यासमा गतिशील र स्थिर गरी दुई प्रकारका पात्रहरू हुन्छन् । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ । उपस्थिति बदलिए पनि आद्यन्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ (बराल, एटम, २०६६: ३०) । यसरी हेर्दा उपन्यासमा पात्रहरू केही आफ्नो आदर्शमा दृढ हुन्छन् अर्थात् स्थिर उपस्थितिमै भूमिका निर्वाह गर्दछन् । उनीहरूमा कुनै विचलन आउँदैन भने कोही पात्रचाहिँ देश, काल र परिस्थिति अनुसार आफूलाई बदल्दै लगी युग सुहाउँदो बनाउँछन् । यस्ता गतिशील र गतिहीन चरित्रले उपन्यासलाई जीवन्त बनाएका हुन्छन् । यस उपन्यासमा प्रमुख पात्र 'म', स्वामी र बहिनी, सहायक पात्र आमा, डि.एस.पी., बूढी, तथा

अन्य पात्रहरूमा झाँक्री, स्वामीका कामदार, 'म' पात्रको भाइ, भान्जा, फुपू आदि सब स्थिर तथा गतिहीन पात्रहरू नै हुन् । यस उपन्यासमा सबै पात्र आफ्नो स्वभावमा परिवर्तन नआएको आदर्शवान तथा एउटै जीवनधारामा हिँडेका मात्र भएकाले गतिशील छैनन् ।

### ३.८.७ जीवनचेतनाका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका पात्रहरू

जीवनचेतनाका आधारमा उपन्यासका पात्रहरू वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैली प्रस्तुत गर्ने पात्र व्यक्तिगत हुन्छ (बराल, एटम, २०६६:३०) । यसरी उपन्यासका पात्रहरूको भूमिकाका आधारमा तुलना गरी हेर्दा सामाजिक परम्परा तथा चालचलनका आधारमा सामाजिक पात्र वर्गीय र आफ्नो स्वभाव तथा निजात्मक शैलीलाई आधार बनाई उभिने पात्र वैयक्तिक हुन् । 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा रहेका पात्रहरूको माथि भनिए अनुसार मूल्याङ्कन गर्दा दुवै प्रकारका पात्रहरू भेटिन्छन् । यस उपन्यासका प्रमुख पात्रहरू 'म' र स्वामी व्यक्तिगत वा वैयक्तिक पात्र हुन् । उनीहरूमा 'म' पात्रले काठमाडौँको नेवार परिवारकी पढेलेखेकी तर कुनै जागिर नखाई प्रजातान्त्रिक आन्दोलनमा लागी जेलनेल समेत भोग्छे भने समाजले अत्यन्तै मानसम्मान गरेको, 'स्वामी' जस्तो प्रतिष्ठित एवं पहुँचवाला व्यक्तिको पछि लागी उसको कमजोरी र गलत क्रियाकलापलाई केलाई प्रहरी थानामा समेत पुऱ्याउन सफल हुन्छे । पढेलेखेकी-विज्ञानका कुरा समेत पर्याप्त हासिल गरेकी भए तापनि अन्धविश्वासको प्रतीक मानिने धामी, झाँक्री, तन्त्रमन्त्र तथा टुनामुनामा विश्वास गर्न पुग्छे । त्यसैगरी 'स्वामी' चीवर लगाएको, पहेँलो, झोला बोकी, पछ्यौरा ओढ्ने र गाउँघर सहर-बजार पैदलै चहार्दै माला जपी हिँड्ने गर्छ । पूजापाठमा लिप्त बुद्ध धर्मको कट्टर अनुयायी भिक्षु भएर पनि जमिन किन्ने, व्यापार गर्ने, गरिब दु:खीलाई सित्तैंमा काम लगाउने, यौनदुराचार गर्ने र चेलीबेटी बेचबिखन जस्तो अमानवीय क्रियाकलाप गर्नाले ऊ आम भिक्षु जस्तो नभएर वैयक्तिक स्वभावको फरक पात्र हो । त्यसै गरी उपन्यासमा निहित अन्य पात्र बहिनी, आमा, बाबु, झाँक्री, केटाहरू, डि.एस.पी. आइमाईहरू, बूढी आदि पात्रहरू चाहिँ सामाजिक मान्यता र परम्परित संस्कारमा नै रमाई आ-आफ्नो आदर्शमा रहेर भूमिका निर्वाह गरी आम मान्छे झैँ स्वभाव देखाएकाले उनीहरू वर्गीय पात्र हुन् । वर्गीय चरित्रमा उपन्यासमा आमाले नेपाली समाजका आम नारीले झैं घरमा आएका पाहुनाको स्वागत-सत्कार गर्दै, घरपरिवारको हेरचाह गरी एक हिन्दू नारीको

भूमिका निर्वाह गरेकी छ भने डि.एस.पी. ले पनि आफ्नो दर्जाअनुसार प्रहरीको आदर्शमा रही माथिको आदेश र प्रचलित कानुनमा व्यवस्था भए मुताबिक कार्य गरेको छ । त्यस्तै झाँक्रीले पनि आफ्नो परम्परा र संस्कारको जगमा उभिएर आम झाँक्रीको प्रतिनिधित्व बहन गरेको छ । यी माथिका उल्लेखित पात्रहरूले आ-आफ्ना जीवनचेतनाका आधारमा वर्गीय र वैयक्तिक चरित्र निर्वाह गरी उपन्यासलाई जीवन्त बनाएका छन् ।

### ३.८.८ लिङ्गका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका पात्रहरू

लिङ्गका आधारमा उपन्यासमा प्रयुक्त पात्रहरूलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । ती हुन् स्त्री वा नारी पात्र र पुरुष पात्र, उपन्यासमा नारी र पुरुष दुबै प्रकारका पात्रको प्रयोग सशक्त रूपमा भएको छ । यहाँ नारी र पुरुष गरी दुबै प्रकारका पात्रहरूको प्रयोग गरी दुबै चरित्रलाई उतिकै सबल एवं सक्षम बनाइ प्रस्तुत गरिएको छ । कथानकलाई अघि बढाउने क्रममा सुरूमै 'म' पात्रलाई अघि सारिएको छ जो नारी पात्र हो । ऊ काठमाडौँकी एक नेवार परिवारमा जन्मेकी उच्चशिक्षासमेत हासिल गरेकी जुझारू, क्रान्तिकारी एवं परिवर्तनकारी व्यक्ति हो । ऊ समाज शान्त र सम्य भएको हेर्न चाहान्छे तर आफ्नो चाहना विपरीत समाजमा शोषण, दमन, अन्याय, अत्याचार भ्रष्टचार, चेलीबेटी बेचबिखन जस्ता प्रवृत्ति देखेर हैरान हुन्छे । यस्ता दुराचार, पापाचारको विरूद्धमा आक्रामक भई प्रतिकारमा समेत उत्रन्छे । त्यस्तै अन्य पात्रहरूमा बहिनी, आमा, बूढी, फुपू, स्वामीको घरमा दास बनेर बस्न वाध्य आइमाईहरू यस उपन्यासका नारी पात्र हुन् ।

उपन्यासको प्रमुख तथा पुरुष पात्र 'स्वामी' सांसारिक सुखभोग, माया, मोह, लोभ, काम, क्रोध त्यागेर बुद्धमार्गी भिक्षु बनेर हिँडेको भए तापनि आफ्नो कर्तव्यवाट च्युत भई धनदौलत, सुखसुविधा तथा यौनिक वासानामा लिप्त हुन पुग्छ । आँखिरमा ऊ केटी बेचेको आरोपमा प्रहरी हिरासतमा पर्छ । उपन्यासका अन्य पात्रहरू डी.एस.पी.  बुबा, झाँक्री, स्वामीको घरमा काम गर्ने केटाहरू, 'म' पात्रको भाइ, भानिच, उनैकी दिदीको देवर आदि पुरुष पात्रहरू हुन् ।

### ३.८.९ आसन्नताका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका पात्रहरू

उपन्यासको कथानकमा पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन्  (बराल, एटम, २०६६: ३०) । यसरी हेर्दा के देखिन्छ भने प्रत्यक्षरूपमा कार्यव्यापारमा उपस्थित भई संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्यपात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।

मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् । यसरी मञ्चीय पात्रहरू कथानकको परिवर्तनमा आएका हुन्छन् भने नेपथ्यका पात्रहरू मञ्चीय पात्रका स्मरणमा वा कथानकका प्रसङ्गमा मात्र आएका हुन्छन् ।

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा पनि मञ्चीय र नेपथ्य गरी दुई प्रकारका पात्रहरू छन् । 'म' स्वामी, बहिनी, आमा, बुबा, झाँक्री, डि.एस.पी. स्वामीका घरमा काम गर्ने आइमाईहरू, बूढी, वैद्य आदि पात्रहरू मञ्चीय हुन् । यी पात्रहरूले उपन्यासको कथानक विकासमा महत्त्वपूर्ण भूमिका निर्बाह गरेका छन् । यसैगरी प्रहरीहरू, झाँक्री लिन जाने छिमेकी दाइहरू, ड्राइभर, म पात्रका साथीहरू, वैद्य पत्ता लगाइदिने दाइ, स्वामीले बेच्न लगेकी केटी, उसको बाबु, जुवाडेहरू जस्ता पात्रहरू नेपथ्यका पात्रहरू हुन् । यी पात्रहरू आफैं नदेखिइकन केवल मञ्चीय पात्रहरूका स्मरण, कथन आदि प्रसङ्गमा आएका छन् ।

**३.८.१० आवद्धताका आधारमा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका पात्रहरू**

आवद्धता भन्नाले सामान्यतया बाँध्नु तथा वद्ध हुनु हो । 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको कथानकसँग पात्रको सम्बन्ध कस्तो छ भन्ने कुरा आवद्धताका आधारमा पात्रको चित्रणबाट थाहा हुन्छ । उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आवद्धता भनिन्छ । उपन्यासमा वद्धपात्रहरू झिकिदिने हो भने यसको संरचना खलबलिन जान्छ । यसले उपन्यासको संरचना नै भत्किन पुग्छ तर मुक्त पात्रहरूको भूमिका न्यून मात्रमा हुने भएकोले त्यस्ता पात्रहरूलाई हटाइ दिए पनि कथानकको संरचनामा कुनै बिचलन आउँदैन । यसरी आवद्धताका आधारमा वद्ध र मुक्त गरी दुई प्रकारले उपन्यासका चरित्रहरूको चित्रण गर्न सकिन्छ ।

उपन्यासकार शान्ता श्रेष्ठद्वारा लिखित प्रस्तुत सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यासमा पनि वद्ध र मुक्त गरी दुई प्रकारका पात्रहरू रहेका छन् । यहाँ मुख्य भूमिकामा रहेका 'म', स्वामी र बहिनी वद्ध पात्रहरू हुन् जसलाई उपन्यासबाट हटाइ दिने वा झिकिदिने हो भने पूरै संरचनामा गडबडी आउँछ र उपन्यासको कथानक भत्किन पुग्छ । उनीहरू यस उपन्यासका नायिका तथा नायक-खलनायक पात्र हुन् । सिङ्गो कथानक नै यिनीहरूकै गतिविधिको सेरोफेरोमा समेटिएको छ । उपन्यासमा घटित घटनाहरूको उत्कर्ष र चरमोत्कर्षहरू यिनीहरूकै क्रियाकलापमा आधारित छन् । यी पात्रहरूले उपन्यासको उद्देश्य परिपूर्तिका लागि उल्लेख्य भूमिका निर्वाह गरेका छन् । उनीहरूका साथमा

उपन्यासको मूल उद्देश्य पूरा गर्नका लागि डि.एस.पी. आमा, झाँक्री, बूढी, जस्ता पात्रहरू वद्ध पात्रका रूपमा आएका छन् ।

प्रस्तुत उपन्यासमा मुक्त पात्रहरू पनि थुप्रै छन् । जसमाः बुबा, फुपू, भान्जा, पुलिस, जुवाडे, वैद्य 'म' पात्रका साथीहरू, स्वामीको घरमा काम गर्ने केटाहरू, आइमाईहरू, ड्राइभर, छिमेकी दाइ, आदि मुक्त पात्रहरू छन् । यिनीहरू उपन्यासमा नआए पनि त्यति उप्ठ्यारो पर्दैन । अर्थात उपन्यासको कथानक निर्माणमा कुनै बाधा पर्दैन । उपन्यासले यी पात्रहरूको अभावमा पनि आफ्नो उद्देश्य पूरा गर्न सक्छ । यहाँ वद्ध पात्रहरूले महत्वपूर्ण कार्य गर्ने क्रममा 'म' पात्रले परिवर्तनकारी समाज सुधारको भूमिका निर्वाह गर्नुका साथै धामीझाँक्री, तन्त्रमन्त्र, टुनामुना जस्ता अन्धविश्वासको आडमा बसेर सोझासादा जनतालाई शोषण गर्ने स्वामी जस्ता फटाहालाई तह लगाउँछे । स्वामीले छदमभेषी, फटाहा समाजका कलङ्कको प्रतिनिधि भूमिका निर्वाह गरेको छ । बहिनीले कलिली अवोध तर सुन्दरी युवती अवस्थामा मै छोप्ने रोगको शिकार भई पीडित भएको भूमिका खेलेकी छ । डि.एस.पी. ले जाली फटाहा अपराधी स्वामीलाई कानुनको कठघरामा उभ्याइएको छ । झाँक्रीले पुरातनवादको धरोहर मानिएको टुनामुना, तन्त्रमन्त्रमा आधारित समाजको टाठोबाठो र धूर्त व्यक्तिको प्रतिनिधित्व गरेको छ । 'म' पात्रकी आमाले नेपाली आदर्श नारीको प्रतिनिधित्त्व गरेकी छ । यसरी प्रस्तुत उपन्यासलाई पात्रहरूको आवद्धताका आधारमा वद्ध र मुक्त दुबै प्रकारमा समावेश गरी सशक्त एवं जीवन्त बनाइएको छ ।

## ३.९ दृष्टिविन्दु

उपन्यासमा दृष्टिविन्दु कथा वाचक वा व्याख्याता उभिने ठाउँ हो । कथावाचकले कथाका बारेमा के कति जानेको छ भन्ने कुराको उत्तर नै दृष्टिबिन्दु हो (बराल, ऋषिराज २०६३: ४३) । यसबाट कथायिताले कहाँ उभिएर घटना तथा चरित्रको वर्णन गर्छ भन्ने कुराको स्थान निर्धारण हुन्छ साथै कसले कथा भनेको छ र कसरी भनिएको छ भन्ने कुरालाई प्रष्ट पार्दछ । यस आधारमा दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष तथा द्वितीय पुरुष गरी तीन प्रकारका हुन्छन् । उपन्यासमा कथायिता नै सम्पूर्ण ज्ञाता हुन्छ  र उसले घटना स्थल भन्दा बाहिर रहेकाहरूका बारेमा टिप्पणी गर्दछ भने त्यसलाई बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु भनिन्छ । उपन्यासमा कथायिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई उपन्यास भित्र संलग्न गर्छ भने यस्तो अवस्थालाई प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दु भन्दछन् । उपन्यासको कथयिता नै प्रमुखपात्र छ भने प्रथम पुरुषभित्र केन्द्रीय

प्रथम पुरुष दृष्टिबिन्दु हुन्छ । कुनैकुनै उपन्यासमा प्रथम र तृतीय पुरुष गरी मिश्रित दृष्टिविन्दुको पनि प्रयोग गरिएको हुन्छ । जस्तै विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' उपन्यासमा यस्तै मिश्रित दृष्टिविन्दु प्रयोग भएको पाइन्छ ।

यसैगरी कुनै कुनै उपन्यासका कथायिताले कुनै पात्र तथा पाठकलाई सम्बोधन गरेर उपन्यासमा द्वितीय पुरुष दृष्टिविन्दु प्रयोग गरेको पाइन्छ । यसमा तँ, तिमी, हजुर, महासय, महोदय, यहाँ जस्ता द्वितीय पुरुषीय, दृष्टिविन्दु प्रयोग गरी लेखिएका नेपाली उपन्यासहरूमा रोशन थापा 'नीरव' को **प्रत्येक श्रवणकुमार अर्थात युद्ध** (२०६४), पारिजातको **बोनी** (२०४८), सहरूभक्तको **पागलवस्ती** (२०४८), धराबासीको **तपाईं** (२०६३), आदि पर्दछन् ।

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास प्रथम पुरुष दृष्टिविन्दु अङ्गालेर लेखिएको उपन्यास हो । यस उपन्यासको कथायिता 'म' पात्रले घटना र अन्य पात्रहरूको कर्णन गरेकी छन् । उनी आफू पनि उपन्यासमा मुख्य भूमिकामा समेटिएकी छन् । यसरी लेखक नै सर्वदर्शी ठहरिएकाले आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु भित्रको केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस उपन्यासमा सम्पूर्ण कुराको वर्णन गर्ने व्यक्ति 'म' पाात्र कथयिताका रूपमा आइ उनी नै उपन्यासको प्रमुख पात्र पनि रहेकी छन् । उनकै अनुभवका आधारमा सब घटना र पक्षहरू स्पष्ट पारिएका छन् । उपन्यासको आरम्भमा म पात्रले आफ्नो भनाइ मनोवादको शैलीमा निम्न अनुसार वर्णन गरेको छन् । 'उदाङगा आँखामा रात विताएकीले मेरो शरीरलाई एकनासको आलस्य र तनावले गालेको थियो । हिजो साँझ मेरी आमाले सुनाएको कुरा सम्झी-सम्झी म अधैर्य भइरहेकी थिएँ । त्यस्तो शक्तिशाली प्रवुद्ध विद्वान्, धर्मको कट्टर अनुयायी पनि यहाँसम्म गिर्न सक्ने कुरा मैले कल्पना पनि गरेको थिईन । मैले हतास भई आफैमा अन्यौल स्थितिको सिर्जना गरी मौन छट्पटीबाट बिहानीको प्रतीक्षामा रात काटेको थिएँ (पृ. १) ।

यसरी काठमाडौंको केन्द्रीय भाग असन क्षेत्रमा जन्मेर उच्चशिक्षासमेत हासिल गरेकी एक परिवर्तनकारी समाजिक न्यायका लागि लड्ने जुझारू पात्र 'म' यस उपन्यासकी कथावाचक र स्वयम लेखक पनि हुन् । 'म' पात्रले आफ्नी बहिनीलाई छोप्ने रोगले सताएको हुनाले उपचारको लागि धामी, झाँक्री, डाक्टर, वैद्य आदि लगाउने क्रममा आफैंले भोगेको तथा देखेको र गरेको अनेकौं क्रियाकलापजन्य घटना एवं परिघटनालाई आफैं बोलेर शब्दचित्रमा उतारेकी छन् । उपन्यसाको आदिदेखि अन्त्यसम्मका प्राय सबै घटनाको प्रत्यक्षदर्शी तथा धेरैजसोमा आफैं कर्ता बनेर गरेका कुरा पूर्वदीप्ति शैलीमा 'म' पात्रले

वार्णन गरेकी छन् । 'म' पात्रले कलेज पढेको, २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा भाग लिएको, वैज्ञानिक यथार्थ र विद्यमान परम्परित अन्धविश्वासको बीचमा हुने सामाजिक द्वन्द्व स्वरूप आधुनिक चिकित्सा पद्धति र तन्त्रमन्त्र, टुनामुना धामीझाँक्री, बोक्सी, जादु, जस्ता कुराहरूलाई पद्धति बनाइ कहिले बहिनी र भाइलाई त कहिले आफैलाई उपचार गर्दाका अनुभवहरू आफ्नै बोलीमा प्रस्तुत गरेकी छन् । सोझा सादा जनतालाई समाजका केही जाली फटाहाहरूले अनेकौं बहानामा आश्वासन, प्रलोभन, डर, धाक-धम्की दिएर सताएको तथा समाज सेवाको नाममा चेलीबेटी बेचबिखनसमेत गर्न पछि नपर्ने स्वामीको छदमभेषी चरित्रको समेत 'म' पात्रले प्रत्यक्षदर्शी बनी विगतमा भएका कुरा सम्झने क्रममा पूर्वदीप्ति शैलीमा आफैंले कथावाचन गरेकी छन् ।

यसरी उपन्यासको सम्पूर्ण वस्तु तथा पात्रको बारेमा सर्वज्ञ भई आफैंले उपन्यासको कथावस्तु प्रस्तुत गरेकीले यस उपन्यास आन्तरिक या प्रथम पुरुष दृष्टिबिन्दुभित्रको केन्द्रीय दृष्टिविन्दुमा रचिएको छ । कहीँ-कहीँ छिटफुटरूपमा उपन्यासमा मिश्रित दृष्टिबिन्दुको पनि प्रयोग भएको देखिन्छ ।

## ३.१० उपन्यासमा व्यक्त संवाद

उपन्यासमा पात्र-पात्राहरूबीचको वार्तालापलाई संवाद भनिन्छ । संवादलाई अर्को शब्दमा कथोपकथन पनि भन्न सकिन्छ । संवादले उपन्यासमा चरित्रहरूलाई सजीवता प्रदान गर्दछ । यसले उपन्यासलाई नाटकीय रूप दिई रोचक बनाउँछ । संवाद उपन्यासको कथानक र पात्र अनुरूप सुहाउँदो हुनुपर्दछ । प्रभावकारी, स्वाभाविक अनि पात्र अनुकूलको संवादको प्रस्तुतीकरणबाट उपन्यासले राम्रो सफलता हाँसिल गर्दछ । पात्रको प्रत्यक्ष अभिव्यक्ति उसको मनभित्रको अन्तर्द्वन्द्व, कुनै दुई पात्र-पात्रा बीचको विचार, अभिव्यक्ति सबै संवादबाटै सम्भव हुन्छ । तसर्थ संवाद उपन्यासमा अझ महत्वपूर्ण पक्ष मानिन्छ ।

उपन्यासकार शान्ता श्रेष्ठद्वारा लिखित यस सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यास भित्र प्रयुक्त 'म' पात्र र उसकी आमाको बीचमा, म पात्र र स्वामीको बीचमा 'म' र झाँक्रीका बीचमा 'म' र बूढी, बहिनी र 'म' स्वामी र बहिनी, स्वामी र आमा, डि.एस.पी. र 'म' का बीचमा भएमा संवाद उल्लेख्य छन् ।

उपन्यास भित्रका पात्रहरूबीच भएका केही संवाद (कुराकानी) को झलक यस प्रकार छ :

काठमाडौंस्थित 'म' पात्रको घरपरिवारमा 'स्वामी' सँग भएको संवाद :

*खोई ? तिम्री आमा र बहिनी आइपुगेनन् नि एकदम अबेर भइसक्यो । जाउन, तिमीमाथि गई तिनीहरूलाई तल पठाइ देऊ .....।*

*तपाईं नै माथि हिँड्नुहोस् । म किन माथि जाने ? अबेर भयो भनेको सुनिनौ ? बाहिर सडकमा जीप छ, मलाई तुरून्त जानु छ । तपाईं खुरूक्क माथि जानुहुन्छ कि या म नै तानेर लैजाउँ (पृ. ४)?*

यस संवादले 'म' पात्रका आमा र बहिनीलाई स्वामीले फकाएर दिल्ली लाने उद्देश्यले घरमा लिन आउँदाको घटना देखाउँछ । त्यसैगरी स्वामी बाहिर जति समाजसेवी, धार्मिक, त्यागी देखिन्छ । त्यति नै भित्र ऊ कठोर एवं निकृष्ट स्वभावको छ भन्ने कुरा उजागर हुनपुग्छ ।

*किन के भयो स्वामी जी ? तपाईं किन यसरी एक्कासी रिसाउनु भएको ? यतिवेला कहाँ जाउन ? के विराम गरे यिनीहरूले ?*

*सोध ती पशुहरू सित सोध ..... । जङ्गली गाधाहरू .....। म यिनीहरूलाई यहाँ राख्दै राख्दिन । मेरो चेवा गर्ने ? ....हँ मेरो चेवा गर्ने .... (पृ.६७) ।*

स्वामी र म पात्रकी आमाको बीचमा भएका संवाद :

*लौ भन्नुहोस् आमा, तपाईंलाई मैले भगाएर लैजान लागेको हो ? यसले त मलाई आरोप पो लगाउँदै छे । तपाईंलाई सबै कुरा बुझाएर भनेको हो कि होइन ? भन्नुस यसले त मलाई अपराधी समेत भनी (पृ.६) ।*

त्यसैगरी आमा र 'म' पात्र बीचको संवाद यस्तो छ :

*भैगो छोरी जे जस्तो गल्ती गरे पनि उसको गुणको कदर गरी माफ गरिदेऊ । कुरा बढाएर केही फाइदा छैन । उसित हामी नजाने भने पछि त भइहाल्यो नि ! अब उसलाई जानदेऊ, बिन्ति भन्छु । आमा यसलाई कसरी जान दिने ? यसले गरेको अपराध क्षम्य छैन । तपाईंलाई साथमा लगी बहिनीलाई भारतमा बेच्न लानु सानो कुरा होइन (पृ.७) ।*

यस संवादमा झगडा गरी परिवारलाई समस्यामा पार्न नचाहने, जस्तोसुकै गल्ती गरे पनि माफी दिई स्थिति शान्त पार्न खोज्ने एक असल गृहिणी तथा असल आमाको वास्तविक हृदय देखाइएको छ ।

*स्वामी कतिसम्म फटाहा छ, उसको छदमभेषी चरित्र कस्तो छ भन्ने कुराको थप प्रमाण पेश गर्ने सन्दर्भमा स्वामीको निवाससँगै बस्ने बूढी र 'म' पात्रका बीचको संवाद*

*यस्तो छ : नानी ! मेरो सल्लाह मान्नुहुन्छ भने तपाईंहरू जतिसक्दो उति छिटो यो ठाउँ छाडेर जानुस् । मान्छेहरूलाई वशमा पार्ने मन्त्र त्यसले जानेको छ । उपचार गर्ने निहुँले तपाईंहरू जस्ता राम्रा-राम्रा मान्छेहरू त्यसले यो घरमा ल्याइरहन्छ । यो अधर्मी मोरो कमको छ र ? हेर्नुस् यसले मेरो गाउँको मान्छेलाईसमेत आफ्नो मुट्ठीमा पारिसकेको छ । यो बिदेशी जरो गाडी यो ठाउँमा त्यसै बसेको छ र ? (पृ.६९)* यसरी स्वामीले बुद्ध धर्मको अनुयायी एक निष्ठावान भिक्षुको नाटक गरेर सर्वसाधारण नारीमाथि चर्को शारीरिक तथा मानसिक शोषण गरेको यथार्थ बूढी र 'म' पात्रको बीचको संवादबाट प्रष्ट हुन्छ ।

त्यसैगरी स्वामी र बहिनीसँगको संवाद यस्तो छ : *लाटी ! ककनी बस्दा मलाई घाउ देखाउनु पर्दैन । त्यहाँ भए मलाई औषधी बनाउन सजिलो पर्थ्यो । यहाँ जडीवुटी खोज्न गाह्रो पर्छ । खैर ..... म प्रयत्न गर्छु । मलाई देखाऊ त घाउ (पृ.१००)* । यहाँ स्वामी तन्त्रमन्त्र र जडीवुटीले मानिसको उपचार गर्ने कुरा व्यक्त छ । संवादै संवाद प्रस्तुत गर्ने सिलसिलामा स्वामीले बहिनीसँग उसकी दिदी (म पात्र) प्रति नकरात्मक भावना सिर्जना गरी अलग गर्ने र आफूले भने अनुसार चल्न सक्ने बनाउने षड्यन्त्रपूर्ण कुराकानी गरेको विषयलाई उपन्यासको अन्त्यतिर बहिनी र 'म' पात्रका बीचको संवादले यसरी प्रष्ट पार्छ :

> *दिदी ! स्वामी त मलाई ठीक जस्तो लागेन; किन ? तिमीलाई स्वामीले के भन्यो ? भनेको त थियो त्यसैले, नाई तपाईं रिसाउनु हुन्छ ; मलाई गाली गर्नुहुन्छ ? म किन रिसाउनु ? तिमीलाई किन गाली गर्नु ? भन त मलाई स्वामीजी त तपाईंलाई सहनु नै हुन्न । माष्टर राखी तिमीलाई नपढाइ तिम्रो जिन्दगी बरवाद गर्दै छे । तिम्री दिदीको विश्वास नगर्नु । म तिम्रो जिन्दगी बनाइदिन्छु मैले भनेको उसलाई थाहा नदिनु । म तिमीलाई विदेशमा लगी पढाउने व्यवस्था गर्दछु । आफू भने कलेजमा पढ्ने बहिनीलाई घरमा राखी बरवाद गर्ने ? मलाई भनिरहनु हुन्थ्यो (पृ. ९६,९६) ।*

यहाँ बहिनीलाई परिवारको एकमात्र जान्नेसुन्ने व्यक्ति 'म' पात्रले तगारोको रूपमा उपस्थित गराई स्वामीले भ्रम पैदा गरी आफ्नो स्वार्थपूरा गर्ने चाल चलेको छ ।

स्वामीको कुकर्मको वास्तविकता बुझी 'म' पात्र र डि.एस.पी. को बीच भएको संवादको अंश यस्तो छ :

> *ल ! तपाईंलाई बधाइ छ ! त्यो बदमास स्वामीलाई त हामीले रङ्गेहात समात्यौं; आउनुस् यता वस्नुस् ।*

*.......के ल्याउनु भो  तपाइँले ? यसमा के छ ? यो सामान किन ल्याउनु भएको ? स्वामीको नासो भन्नु पर्‍यो यो सामान तपाइँले उहाँलाई बुझाइ दिनुहोला । तपाइँ स्वामीलाई भेट्नुहुन्छ कि ? .....भरखरै म यहाँ आउँदा स्वामीलाई देखेको थिएँ । मलाई बचाइदेऊ भनी हात जोड्दै थियो (पृ. १०९,११०) ।*

यहाँ डि.एस.पी.ले 'म' पात्रकै उजुरीका आधारमा केटी बेच्न लैजाँदै गर्दा स्वामीलाई बाटोमा रङ्गेहात पक्रेर हिरासतमा राखेको प्रत्यक्ष जानकारी 'म' पात्रलाई दिइएको छ । यसरी स्वामी जस्तो कुकर्मीलाई सत्चरित्रवान मानवतावादी 'म' पात्रले प्रहरीको सहयोगमा सजाए दिई भविष्यमा थप चेलीहरूको बेचविखन जस्तो अमानवीय क्रियाकलाप रोकिएला भन्ने आशा लिएकी छन् ।

उपन्यासमा उल्लेखित तत्कालीन परिवेशमा व्याप्त धामीझाँक्री, तन्त्रमन्त्र, जादु, टुनामुना, झारफुकजन्य घटनाको बाहूल्यता रहेको परिप्रेक्षमा 'म' पात्र र झाँक्री बीच भएको संवादको अंश यसप्रकार छ :

*ए ! मेरी बहिनीलाई डामेर मार्न तपाइँहरू पनि सक्रिय  लौ डाम त मेरी बहिनीको गालमा, म यही पन्युले झाँक्री र तपाइँहरूको अनुहारसमेत डामीदिन्छु । .....मेरो काममा दखल नदेऊ, तिमी हटिहाल, अहिले बोक्सी मेरो काबुमा छ । त्यसले छली, भने बरवाद हुनेछ .... यसमा मेरो पेशाको सवाल छ । यहाँ म उपचार गर्न आएको हुँ, बदनाम कमाउन होइन । लौ हटिहाल .... । लौ बढ त अघि ? तेरो हातको पन्युँ खोसी तेरै गालमा डाम्न सकिन भने मेरो आमाको छोरी नै होइन, बुझिस् । यहाँ जनरजस्ती गर्ने तँ को होस् ? तेरो के अधिकार छ यहाँ ? तँ यहाँबाट गइहाल, गइहाल .... (पृ.५८,५९) ।*

यसरी संवादमा परम्परागत अन्धविश्वासी समाजमा धामीझाँक्री र तन्त्रमन्त्रको विश्वासमा परी मानिसको अनावश्यक रूपमा ज्यान जाने तथा अङ्भङ्ग हुने भएकाले थुप्रै मानवीय क्षती हुन पुग्दथ्यो । यस्ता कुरीति र विसङ्गतिको बिरोध गर्नु तत्कालीन समाजमा ठुलै साहासको जरूरत पर्दथ्यो । त्यही कठिन कार्य निर्भीकतापूर्वक गरी 'म' पात्रले सम्भावित दुर्घटनाबाट आफ्नी बहिनीको ज्यान बचाउन सफल भएको घटना यस संवादबाट प्रष्ट हुन्छ ।

उपन्यासमा उल्लेखित संवादमा 'म' पात्रकी आमा र उनकी फुपूबीच भएको संवादले पनि उपन्यासको उद्देश्यपूर्तिमा सघाउ पुऱ्याएकाले उनीहरूबीचको संवाद यसप्रकार छ :

*बुहारी तिमी कति रून्छ्यौ ? धैर्य गर्नुपर्छ । एकदिन त कसो जान्ने वैद्य फेला नपर्ला ? ..... जाउँ तल तिनीहरू सबै गइसके (पृ. ६२) ।*

यस संवादमा छोरीको छोप्ने रोग निको हुन नसकेर दिक्क भई रून लागेकी 'म' पात्रकी आमालाई फुपूले जान्ने धामीझाँक्री पाइहालिन्छ भन्दै आश्वासन र सान्त्वना दिई आफन्तको हैसियतमा सम्झाएको स्वाभाविक अवस्था दर्शाइएको छ ।

यसरी यस उपन्यासमा घटना र परिवेश अनुसार पात्रहरूको संयोजन गरी स्तर, भाव, पेशा र कर्म अनुसारको संवाद गराइ कथानकलाई अझै प्रभावकारी बनाइएको छ ।

## ३.११ भाषाशैली

भाषा कुनै पनि व्यक्तिको अभिव्यक्तिको माध्यम हो । तसर्थ साहित्यमा भाषा एक अभिन्न अङ्गको रूपमा रहन्छ । साहित्यका विभिन्न विधामध्य उपन्यास पनि एक अत्याधुनिक विधा हो । यसले जीवनजगतका विस्तृत आयामलाई समेट्दै यथार्थलाई वरण गर्ने हुनाले यसमा गद्यभाषाको प्रयोग गरिन्छ । भाषाले उपन्यासका सबै तत्त्वहरूलाई सङ्गठित गर्दै अभिव्यक्तिका रूपमा प्रस्तुत गर्ने कार्य गर्दछ । शैली भनेको तरिका हो । प्रत्येक सर्जकले आफ्नो कला, सीप एवं प्रतिभाको निजत्व शैलीको प्रतिपादनबाट गर्दछ । त्यसैले उसको अभिव्यक्तिमा पनि व्यक्तिनिष्ठ पृथकता राख्छ । उपन्यासमा मूलरूपमा दुई प्रकारबाट भाषाहरूको प्रयोग गरिन्छ । तिनमा समष्टिगत र व्यक्तिगत पर्छन् । समष्टिगत भाषाले सम्पूर्ण उपन्यासमा प्रयोग भएका देश, काल, र चरित्र अनुरूपको भाषाको प्रतिनिधित्त्व गर्छ (घिमेरे, २०६५: ६१,६२) । यसरी हेर्दा भाषाशैली देश, काल, परिवेश र चरित्र अनुसारको विभिन्न शैली एवं सीप प्रयोग गरी व्यक्त गरिएको एक भाषिक प्रशारण विधिलाई भाषाशैली भनिन्छ । जसका माध्यमबाट बौद्धिक एवं सामान्य दुबै वर्गका लागि उत्तिकै रूपमा सम्प्रेष्य हुन्छ ।

यस उपन्यासमा पूर्वदीप्तिशैली प्रयोग गरी ठाउँठाउँमा पात्र अनुसार अङ्ग्रेजी, हिन्दी, नेवारी समेतका भाषा प्रयोग गर्नुका साथै थेगो, उखान, टुक्का, विभिन्न प्रतीक र बिम्ब प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त भाषाशैलीले चरित्रचित्रण गर्नुका साथै सामाजिक, साँस्कृतिक र आर्थिक परिवेशको समेत उद्घाटन गरिएको छ । 'सङ्घर्ष भित्रका अनौठा

पाइला' उपन्यासमा पाइने भाषाशैलीगत विशेषता यहाँ बुँदागत रूपमा प्रस्तुत गरिन्छ ।

### ३.११.१ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासभित्र अङ्ग्रेजी तथा अन्य भाषाको प्रयोग

प्रस्तुत उपन्यासको 'म' पात्र काठमाडौँको एक नेवार परिवारमा जन्मिएकी युवती हो । उसले उच्चशिक्षासमेत हासिल गरेकी छ । साथै नेवार जातकी भएकीले कतै-कतै नेवारी-मौलिक शब्दसमेत प्रयोग भएको पाइन्छ । ऊ पढे लेखेकी नारी भएकीले उपन्यासमा पर्याप्त अङ्ग्रेजी र नेवारी शब्दको प्रयोग भएको छ । जस्तै नेवारी भाषाका पदावलीहरू यस प्रकार छन् : **सँभ्या, तिकिभ्या** (पृ.६५) **समय ज्वलँ, स्यावजी**, (पृ.५१) **वुँईगल, मटान, कौशी**, (पृ.५७) त्यसैगरी अङ्ग्रेजी शब्दावलीहरूमा : **कर्फ्यू** (पृ.११) **रेस्टिकेट, स्कूल, हेडमिस्ट्रेस, प्रिन्सिपल**, (पृ.१३) **हिस्टेरिया** (पृ.३१) **डि.एस.पी.** (पृ.९) **क्रिम, लिपिस्टिक, पाउडर** (पृ. ८८) **इन्स्पेक्टर, जेल, बुट**, (पृ.१०) **कलेज, जीप** (पृ.४) त्यस्तै : **लाठीचार्ज, अफिसर, प्राइममरी, प्रोजेक्ट, करेन्ट, कोट, मिसन, ड्राइभर, मास्टर प्लेकार्ड** जस्ता थुप्रै अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । संवादका क्रममा ठाउँठाउँमा यसैगरी हिन्दी भाषाका शब्दहरूको पनि प्रयोग भएको छ । जस्तै, **अरे** (पृ.३) **काबु** (पृ.५३), **चेवा** (पृ.८९) जस्ता हिन्दी भाषाका शब्दहरू यसै उपन्यासको मुख्य खलपात्र स्वामीले प्रयोग गरेको छ ।

यसरी उपन्यासमा पात्रहरूको स्तर र सभ्यताअनुसार अङ्ग्रेजी भाषाको बढ्दो उपस्थितिका साथमा नेवारी र हिन्दी भाषाको पद र पदावलीहरू प्रयोग गरिएको छ । घटना, परिवेश र पात्रअनुसारका शब्दहरूको प्रयोगले उपन्यास स्वाभाविक धरातलमा उभिन सफल भएको छ ।

### ३.११.२ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा पदक्रम विचलनयुक्त भाषाको प्रयोग

साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाका आधारमा खडा भएको पाइन्छ । व्याकरणका नियमले नियन्त्रित तथा यान्त्रिक बनाइएको भाषाबाट मुक्त भई रचनामा भाषिक सौन्दर्यका पृथक र अर्थपूर्ण गोलार्द्धको खोजी गर्नु विचलन हो (बराल, एटम, २०६६: ३९) । यसरी हेर्दा भाषा साहित्यिक कृतिमा प्रयोग हुँदा व्याकरणको नियमहरूलाई भत्काएर मुक्त भई सौर्न्यात्मक सिर्जना दिनु भाषिक विचलन हो । समसामयिक साहित्यमा व्याकरणका नियमहरूको अतिक्रमण गरी विचलित भाषाको यथेष्ठ प्रयोग गरिएको देखिन्छ । यस्तो विचलनयुक्त भाषाको प्रयोगले साहित्यमा कलात्मकता थप्छ,

मिठास दिन्छ र अभिव्यक्तिका नयाँ शैलीहरू उपस्थित हुन्छन् । प्रस्तुतीकरणमा नवीनता पनि थपिन जान्छ । साहित्यिक कृतिमा प्रयोग भएका भाषामा ध्वनि प्रतिक्रियात्मक अर्थ, तात्त्विक, कोशीय र व्याकरणिक जस्ता अनेक प्रकारका विचलन हुन्छन् । त्यसै अनुसार यस उपन्यासको भाषामा पनि कलात्मक सिर्जना गर्ने क्रममा भाषिक नियमहरूको व्यापक अतिक्रमण गरिएको छ । जसका केही दृष्टान्तहरू यस प्रकार छन् :

अर्थतात्त्विक विचलन :

*एक-एक शब्द विषाक्त वाण भई मेरो मुटुमा गडिरहेको थियो* (पृ.१) । *सर्पले झैं फणा उठाई फुँ-फुँ गरी स्वामीको अगाडि म उभिएँ* (पृ.३), *सूर्य दुब्नलाई अत्यन्त कष्ट भएको भान पर्ने गरी वातावरण नै रातो भएको थियो* (पृ.२६)। *मान्छेको स्वभाव खोलो तरेपछि लौरो बिर्सने न हो* (पृ.३७) । *मेरो शरीर भरी काँडा झैं स्मरण विभ्न थाल्यो* (पृ.५१) । *सोध ती जङ्गली गधाहरूसित* (पृ.६७) । *गाउँ त चूक घोप्तिए जतिकै अन्धकारमा नै डुबेको छ* (पृ.७१) । *बाहिरको चकमन्न अन्धकार आफूमाथि खन्याइ चिम्लेका आँखाले गाउँ चहार्न थाल्यो मेरो मन* (पृ.८६) । *मुटु नै फुट्ला जस्तो भएकोले स्वाँ-स्वाँ गरिरहेकी थिएँ म* (पृ.८८) ।

यी माथिका वाक्यहरूले छुट्टै लेखिदा वास्तविक अर्थ दिदैनन् यी वाक्यहरूको अर्थ उपन्यासमा आएका सन्दर्भमा खोज्नु पर्छ ।

यस उपन्यासमा विचलनका दृष्टिले सबैभन्दा बेसी विचलन व्याकरणिक विचलन भएको देखिन्छ । यसका केही उदाहरण यस प्रकार छन् :

*हाँस्न, खेल्न र मजाले खान थालेकी थिई बहिनीले (पृ.२), अचानक मेरो शिरमा बज्रपात भएको थियो, मेरी आमाको कुराले (पृ.२), यस्तो वाहियात कुरा पनि गर्ने तिमीले ? (पृ.६), आफू श्रीलङ्कन भन्छ ऊ (पृ.१६), त्यति प्रभावकारी धागो थियो त्यो (पृ.२५), दुख्यो भन्छेस बोक्सी ? गर्छेस् स्वाँङ (पृ.५५), कहाँ छ बोक्सी अहिले ? तिमी हटिहाल अहिले, लौ बढ् त अघि (पृ.५९)*

*दृश्यावलोकन गर्न जाने बानी थिएन नेपालीहरूको (पृ.६६), त्यतिका दिन बिते स्वामीको सङ्गत र विश्वासमा (पृ.७०), यो ठाउँ त स्वर्ग हो, स्वर्ग भोलिपर्सि फल्नेछ सुन (पृ.७६) हाम्रो अगाडि पर्न नै हिचकिचाइ रहेका थिए ती महिलाहरू (पृ.८०), स्वामीको खाटमुनि राखेको थियो लुकाएर (पृ.९४), के भनेको थियो त्यसले, भन न त मलाई (पृ.९७), खानुस् चिया (पृ.११४)* ।

यी माथिका वाक्यहरूमा नेपाली भाषाको स्तरीय व्याकरणिक प्रचलित पदक्रम कर्ता, कर्म र क्रियालाई अतिक्रमण गरेर अभिव्यक्तिहरू विशिष्ट बनाइएका छन् ।

प्रस्तुत उपन्यासमा ध्वनि प्रकृयात्मक र कोशीय विचलनमा हुने शब्द प्रयोग भएका छैनन् ।

### ३.११.३ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा कथ्यभाषाको प्रयोग

यस उपन्यासका प्रमुख पात्रहरू 'म', स्वामी, बहिनी सबै शिक्षित परिवारका शिक्षित र सभ्य मानिस हुन् । जसमा 'म' पात्र त काठमाण्डौं कै कलेजबाट उच्चशिक्षा हासिल गरेकी महिला हुन् । त्यस्तै स्वामी विद्वान्, तपश्वी हो । उपन्यासकी आमा लगायतका पात्र फुपू, डी.एस.पी. जस्ता पात्रहरू पनि जानेबुझ्केका सहरिया नै परे त्यसैले यहाँ ग्रामीण भेगीय कथ्य भाषाको प्रयोग प्राय न्युन नै छ । केही सहरिया कथ्यभाषाका साथमा ककनीमा 'म' पात्रसँग कुराकानी गर्ने बूढी र स्वामीका घरका सहयोगीहरूबाट व्यक्त भाषाहरू कथ्य छन् । समग्रमा उपन्यासमा प्रयुक्त भाषाहरू पात्रका स्तर अनुसारको प्रयोग भएको छ । यहाँ कृति भित्र प्रयोग भएका कथ्य भाषा यस प्रकार उदाहरणार्थ प्रस्तुत गरिएको छ :

> *यो अधर्मी मोरो कमको छ र ? असत्ती मर्न नसकेको स्वामीले थाहा पायो भने मलाइ धुमधाम गर्न आउने छ (पृ.६९) । तपाईंले बासित नै कुरा गर्नुस् (पृ.७७), पानी यहाँ छ हजुर । आइमाई भर्खर्की थिई (पृ.८२), टेविलमाथि पहेँलो कपडाको झल्लर तलसम्म आउने गरी राखिएको थियो (पृ.८५), राति सुत्न सकेनौ डरछेहरूवाहरू ? (पृ.८७), काका केटाहरूको साथ अर्को कोठामा सुत्न गए । (पृ.८५), ड्राइभरको स्वास्नी (पृ.९१), मलाई धानको २/४ हरूपियाँ दिनुस् (पृ.९४), स्वामीजीको मैले चोरेर ल्याएकी (पृ.९५), तपाईंलाई त केही भन्नुहुन्न हामीलाई मात्र ट्वाकट्वाक गर्नुहुन्छ (पृ.९४) । घर कहाँ नि ? (पृ.४७), दुख्यो भन्छेस् बोक्सी? गर्छेस् स्वाँङ (पृ.५५) ।*

माथि उल्लेखित कथ्य भाषाका रूपमा आएका वाक्यहरू साधारण बोलीचालीमा स्वस्फुर्तरूपमा आएका मानिसका अचेतन मनका उपज हुन् । जसले उपन्यासको कथानकलाई मौलिकता प्रदान गरी रोचक बनाउनुका साथै जीवनतता प्रदान गरेको छ ।

### ३.११.४ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा प्रयुक्त आलङ्कारिक भाषाशैली

अलङ्कार कुनै पनि साहित्यिक विधाको बाहिरी शोभा हो अर्थात गहना हो जसले कृतिलाई शोभायमान बनाउँछ । जसरी सुन, चाँदी आदिका गहनाले शरीरको शोभा बढाउँछ

त्यसैगरी भाषिक गहना-अलङ्कारले काव्यको सौन्दर्य बढाउँछ (शर्मा, लुँइटेल २०६३: ५८) । यसरी हेर्दा अलङ्कारले स्रष्टाको कुनै पनि सिर्जना अलङ्कारयुक्त हुनु आफैँमा ओजपूर्ण र तात्पर्ययुक्त पर्दा खुल्नु हो । उपन्यासमा पनि अलङ्कारको प्रयोग अपेक्षा गरिन्छ । अलङ्कारले उपन्यासलाई जीवन्त बनाउँदछ । यस उपन्यासमा पनि पर्याप्त मात्रामा अलङ्कारको प्रयोग गरिएको छ । उपन्यासको ठाउँ ठाउँमा लेखकले भाषिक अभिव्यक्तिमा कलात्मकता ल्याउनका लागि आफ्नै उपमाहरू सिर्जना गरेकी छन् । जसलाई यहाँ प्रस्तुत गरिएको छ :

- *उसका एक एक शब्द विषाक्त वाण भई मेरो मुटुमा गडिरहेको थियो (पृ.१)*
- *केही समयपछि म माथि आइलाग्ने समस्याको कल्पनाले मात्र पनि मेरो मन द्रवित हुनुका साथै म भित्र ठूलो सङ्कटको ज्वार उठेको थियो (पृ.१) ।*
- *घरैघरको जङ्गलभित्र बहिनीको एकजोडी आँखाले अन्यौल भविष्यको इसारा गरिरहेको सङ्काले म टोलाइ रहेकी थिएँ ।*
- *अचानक मेरो शिरमा बज्रपात भएको थियो मेरी आमाबाट सुनाइएको कुराले ( पृ.२) ।*
- *तपाईं भगवान नै हुनुहुँदो रहेछ (पृ.३८) ।*
- *सुनजतिकै टल्किरहेको घाम पनि त्यतिबेला कालो देख्न थालेको थिएँ मैले, मेरो मस्तिष्कमा आँधीहुरी उठिरहेको थियो (पृ.६९) ।*
- *मेरो हृदय फूलको थुङ्गासरी हलुका भई बहिनीको भविष्य सुनौलो हुने आशामा म फुरफुरिएको थिएँ (पृ.७२) ।*
- *बाहिरको चकमन्न अन्धकार आफूमाथि खन्याइ चिम्लेका आँखाले गाउँ चहार्न थाल्यो मेरो मन (पृ.७२) ।*
- *मेरो मन र मस्तिष्कमा अपार दुःखको समुद्री छाल उर्लिरहेको थियो (पृ.१०९) ।*

माथिका भनाइहरू आलङ्कारिक भएर पनि सहज सम्प्रेषणीय प्रयोगले प्रस्तुत उपन्यासको भाषाशैली अत्यन्त आकर्षक बन्न पुगेको छ ।

### ३.११.५ प्रतीकात्मक शब्दको प्रयोग

साहित्य तथा भाषामा सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्त्व गर्ने वस्तुलाई प्रतीक भनिन्छ (शर्मा, लुँइटेल २०६३: ३१६) । यसरी हेर्दा प्रतीकले कुनै विषयवस्तुको स्थान झल्काउने वा त्यसलाई प्रष्ट्याउन प्रतिस्थापन गरिने सजीव तथा

निर्जीव वस्तुको सङ्केतलाई प्रतीक भनिन्छ । यस्ता सङ्केतहरूले कुनै चिजको प्रतिनिधित्व गर्ने गर्दछन् । यस उपन्यासमा पनि पर्याप्त प्रतीकहरूको प्रयोग गरिएको छ । ती प्रतीकहरू यहाँ प्रस्तुत गरिएका छन् :

- *सर्पले झैं फँणा उठाई फुँ फुँ गरी स्वामीको अगाडि म उभिएँ (पृ.३) ।*
- *बैगुनी मैले तिम्रो बहिनीको रोग निर्मूल पारी दोस्रो जन्म दिएको के यही पुरस्कार हो (पृ.६) ?*
- *आमा र बहिनीलाई विदेशमा लाने दिवास्वप्नले स्वामीलाई गाँज्नसम्म गाँजेकाले म अन्यौलपूर्ण स्थितिमा पुगें (पृ.८) ।*
- *सेतो मोतीका दाना जस्ता दाँत (पृ.१६) ।*
- *बाँदरले आफ्नो बच्चा च्यापेको भन्दा पनि बढी ऊ आफ्नो झोला च्यापेर हिँड्थ्यो (पृ.२६) ।*
- *त्यो मनचिन्ते झोला मानौ त्यसको अभिन्न अङ्ग नै थियो (पृ.२३) ।*
- *स्वामी मानौ कोसौं कोस दगुरेर आएको जस्तो आफ्नो बढिरहेको सासलाई शान्त पार्ने प्रयासमा लाग्यो । (पृ.२६)*
- *जनिगर विन्ति मेरो तपाईं भगवान नै हुनुहुँदो रहेछ (पृ.३८) ।*
- *ती झ्यालहरू विरहले विह्वलजस्ता देखिएकाले हेर्ने आँखालाई रमाइलो लागेको थिएन । सिङ्गो घरनै हलचल गर्न नसकी निसहाय, तिरस्कृत बूढी जस्ती देखिएका थिए (पृ.६६) ।*
- *सोध ती पशुहरूसित .... सोध .... जङ्गली गधाहरूलाई म यिनीहरूलाई यहाँ राख्दै राख्दिन (पृ.६७) ।*
- *अघि बिहानको भन्दा अहिलेको दृश्य बढी स्वच्छ र स्पष्ट ऐना जतिकै टल्किरहेको थियो (पृ.७८) ।*

यी माथिका वाक्यहरूमा प्रस्तुत गरिएका सङ्केत र दृश्यहरू रिस, घृणा, निजी स्वभाव, प्रशंसा, कम्जोर अवस्था स्वच्छताको प्रतीकका रूपमा लिन सकिन्छ ।

## ३.१२ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको शैली

निजत्त्वको विशिष्ट रूप हो शैली यसले अभिव्यक्तिको स्वतन्त्र र व्यक्तित्त्वपूर्ण मार्ग प्रशस्त गर्दछ (प्रधान, २०३१: ९) । यस आधारमा हेर्दा उपन्यासमा रचनाकारको अभिव्यक्तिको तरिकालाई नै शैली भन्न सकिन्छ । अर्को अर्थमा भन्नुपर्दा उपन्यासका कथ्य

विषयलाई भाषाका माध्यमबाट प्रस्तुत गर्ने ढङ्ग नै शैली हो । प्रत्यक सर्जकले आफ्नो कला, सीप र खुबीले आफ्नो अभिव्यक्तिलाई सिँगार्ने गर्दछन् । सर्जकको लेखकीय मौलिक भिन्नता विशिष्टताको स्वाद पाठकले लिन पाउनु शैलित्त्वको प्रभाव हो । स्रष्टाको त्यस किसिमको अभिव्यक्तिपूर्ण निजत्त्वको विशिष्टपन नै शैली हो । शैलीको परिकारमा भिन्नता देखिए तापनि यसको काम चाहिँ कथावस्तुको आकर्षक, रोचकतापूर्ण एवं सजीव प्रस्तुतीकरण नै हो । यसमा स्रष्टा अनुसार शैलीमा विविधता देखिन्छ । प्रस्तुत उपन्यासमा उपन्यासकारले विभिन्न किसिमका शैलीको प्रयोग गरेका छन् । जसको चर्चा निम्नअनुसार गरिएको छ :

**३.१२.१ वर्णनात्मक शैली**

उपन्यासकार स्वयम्ले घटना पात्र, देशकाल-वातावरण आदिको वर्णन एवं विश्लेषण गर्दछ भने त्यो वर्णनात्मक उपन्यास हुन्छ (बराल, एटम २०६६: ५३) । यसरी हेर्दा कृतिका पात्र, घटना तथा परिवेशका बारेमा प्रमुख पात्र वा लेखक स्वयम्कै वर्णनद्वारा कथ्य विषयलाई पाठक समक्ष प्रस्तुत गर्ने तरिकालाई वर्णनात्मक शैली भनिन्छ । कथ्यलाई विशिष्टता प्रदान गर्नका लागि विभिन्न प्रतीक र बिम्बको प्रयोग गर्नु यसको सवल पक्ष हो । प्रस्तुत उपन्यासमा वर्णनात्मक शैलीकै बाहुल्यता रहेको छ । यसमा पात्र, परिवेश तथा घटनाका बारेमा लेखक स्वयम् र प्रमुख पात्रद्वारा वर्णनात्मक रूपले उपन्यासमा टिप्पणी गरिएको छ । जस्तै :

> *काठमाण्डौ खाल्डोको घरको कौशीबाट देखिने हिमाल र यहाँ ककनीको डाँडोबाट देखिने हिमाल त्यहीँ भएर पनि निकै अन्तर देखिन्थे । बिहानको सूर्यको किरण क्रमश : जवानीमा उक्लिदै थियो । त्यतिबेलाको घामको तापमा एकप्रकारको अव्यक्त भाव थियो । हावा पटकै चलेको थिएन । यताउतिको डाँडाको मुन्तिर देखिएको थुम्काथुम्की, सानातिना बोटविरूवा र खाल्टाहरूमा रातभरीमा जमेका शीतका थोपाहरू मोती झैं टल्किरहेका थिए (पृ.७५)* । उपन्यासमा यस्ता बिम्बात्मक वर्णनहरू थुप्रै पाइन्छन् । 'म' पात्रले ककनीमा बस्ने स्वामीको घरको परिवेशको वर्णन गरेको एउटा प्रसङ्गः *बाहिर बहिरहेको हावाको वेग पनि बढ्दै गइरहेको थियो । घर हल्लेको आभासले भूकम्पको झस्का दिइरहेको थियो । बीच बीचमा स्याल कराइरहेकाले डर पनि थपिरहेको थियो त्याहाँ (पृ.८६) ।*

यसैगरी प्रतीकात्मक वर्णन पनि थुप्रै ठाउँमा गरिएको छ । जस्तै :

*बिहानीको कमलो घाम पिठ्यूँमा सेकी चाँदीतुल्य टल्केको हिमालको शृङ्खलामा अझै सुनौलोपन बाँकी रहेको दृश्यले हाम्रो मन मुग्ध थियो । हरियो पहाडहरूका टुप्पामुनि भने बादल जस्तो बाक्लो कुहिरो लागेको थियो । ती पहाड मुन्तिरका सानातिना घर र बस्तीहरू भने हुस्सुभित्रै थिए । अनि हिमाल र पहाडको बीचमा नदी जस्तो देखिने गरी हुस्सु बगिरहेको दृश्य भने अति नै मनमोहक थियो (पृ.७४) ।*

उपन्यास भरि नै यसरी प्रतीक र बिम्बहरूको प्रयोग गरेर उपन्यासकार शान्ता श्रेष्ठले आफ्नो औपन्यासिक कृतिलाई स्वभाविक रूपबाट अभिव्यञ्जनात्मक बनाएकी छन् । उनको सरल तर कलात्मक वर्णनात्मक शैलीले अभिव्यक्तिमा तीब्रता प्रदान गरेको छ ।

### ३.१२.२ चेतनप्रवाह शैली

मान्छेको मस्तिष्कमा छिनछिनमा परिवर्तन भइरहने विचारहरू एकआपसमा स्वतन्त्र र असम्वद्ध हुन्छन् । तिनै विचारलाई प्रकटीकरण गरेर लेखिएको लेखन शैलीलाई चेतनप्रवाह शैली भनिन्छ (शर्मा, २०६३: १४०) । यसमा व्यक्तिको जीवनको भूत, वर्तमान र भविष्य उसको स्मृति र सम्झना शक्तिका माध्यमबाट व्यक्त गर्न सकिन्छ । यस शैलीमा व्यक्तिको विगतका सम्झनाहरूको सङ्कलित एकमुष्ठ रूप प्रस्तुत गरिन्छ । प्रस्तुत **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा पनि चेतनप्रवाह शैलीको पर्याप्त प्रयोग गरिएको छ । जस्तै :

*२००८ सालतिर आफूलाई प्रहरीले समातेर ल्याईदा पहिलो पल्ट मैले यही भ¥याङ चढेकी सम्झनाले एकैछिन म २००८ सालको सङ्घर्षमा डुब्न पुगेकी थिएँ । प्रहरीदमन तथा अत्याचारले आफूलाई मरणासन्न अवस्थामा पु¥याएको घाउ बल्झेर दुख्न थाल्यो । त्यतिबेलाका क्रान्तिकारी साथीहरूको अहिलेको दयनीय अवस्थाले मलाई दुख्नेगरी चिमोट्न थाल्यो । आफ्नो भविष्यको पर्वाह नगरी जनक्रान्तिमा होमिएका जेल, नेल र यातना खाएकाहरूलाई पाखा लगाई आज प्रजातन्त्रकै विरोधीहरूलाई गरिरहेको मानसम्मानको चोट बल्झिएको यथार्थले म हैरान भएँ (पृ.१०) ।*

माथिको उदाहरणमा लेखक श्रेष्ठले आफ्नी बहिनी र आमालाई स्वामीले फकाएर भारतमा बेच्न लाने क्रममा उसलाई पक्रेर आफ्नै घरको एक कोठामा थुनेर डी.एस.पी. कार्यालयमा पुग्दा त्यहाँस्थित प्रहरी कार्यालयको भौतिक अवस्था, प्रहरीहरूको आचरण र आफू २००७-२००८ सालतिर जनआन्दोलनमा भाग लिदा भएको प्रहरी ज्यादति र

त्यतिखेरका सहयात्रीहरूको हालको दयनीय अवस्था जस्ता कुरालाई चेतनप्रवाह शैलीको माध्यमबाट प्रस्तुत गरेकी छन् ।

यसरी औपन्यासिक विषयलाई यथार्थको जलपद्वारा रोचक ढङ्गले प्रस्तुत गर्ने क्रममा यसमा आंशिक रूपमा प्रयोग गरिएको चेतनप्रवाह शैली अत्यन्त औचित्यपूर्ण रहेको छ ।

### ३.१२.३ व्यङ्ग्यात्मक शैली

शान्ता श्रेष्ठद्वारा रचित प्रस्तुत 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासभित्र व्याङ्गात्मक भाषाको पनि प्रयोग गरी पाठकलाई मिठासपूर्ण सन्देश प्रवाह गरिएको छ । उपन्यासकारद्वारा यस्तो शैली प्रयोग गरेर सामाजिक विकृति, विसङ्गति, कुसंस्कार, कुरीति एवं मानवीय कुप्रवृत्तिको उपहास गरिएको छ । उदाहरणार्थ थुप्रै प्रसङ्गहरू यहाँ प्रस्तुत गरिएका छन् :

> *यो ठाउँ तिमीलाई कस्तो लाग्यो ? यो ठाउँ त स्वर्ग हो स्वर्ग भोलि पर्सि फल्ने छ सुन, यो ककनी पर्यटकहरूको आकर्षणको केन्द्रमा गनिन्छ । यहाँको एकटुक्रा जमीन किनी राख । अहिले एकदमै सस्तोमा पाइन्छ । पछि त्यस्तै पऱ्यो भने महँगोमा बेच्न पाइन्छ । कसो ? किन्ने हो ? जमीन बेच्ने मान्छेलाई बोलाउन पठाइदिउँ ? छक्क परेर मैले स्वामीलाई हेरिरहे, चीवरभित्रको शरीरमा व्यापारिक दृष्टि लुकेको यथार्थले अक्क न बक्कमा परेँ । स्वामीले यहाँ धेरै जमीन किनिसकेको मलाई थाहा थियो । आँखिर वैराग के हो ? त्याग के हो ? मैले बुझ्नै सकिन (पृ. ७६) ।*

माथि उल्लेखित भनाइ बहिनीको उपचारका क्रममा ककनी पुगेकी 'म' र स्वामीका बीच भएको संवादको अंश हो । यहाँ स्वामी जस्तो परिवार, समाज, जन्मस्थान, सबै त्यागी चीवर पहिरिएर आँखीभौं र केश खौरी बुद्धधर्मको अनुयायी भएर हिँडेको साधुसमेतले धन-दौलत, माया, मोह त्याग्न नसकेको बरू साधुसन्तको आवरणमा भित्रबाट अनेकन कुकार्य गरी आफ्नो प्यास मेटाएको छ । यसरी हेर्दा यो प्रसङ्गले हाम्रो विद्यमान समाजमा कोही साधु-सन्तको भेषमा त कोही समाजसेवाको भेषमा, त्यसैगरी कोही राजनीतिक नेता तथा कार्यकर्ताको आवरणमा भित्रभित्रै रातारात चमेरोले झैं आफ्नो गिद्धेस्वार्थ पूरा गर्ने छदमभेषीहरूको विगविगी छ । यस्ता मुखुन्डोधारी ब्वाँसाहरूले गर्दा आजको समाज भित्रभित्रै खोक्रिएको छ, धोद्रिएको छ, यस्ता छदमभेषीहरूबाट जोगिन सकेमात्र सामाज र

समुदायको विकास हुन सक्छ भन्ने सन्देश दिन यो व्यङ्ग्यात्मक भनाई मार्फत सचेत गराइएको छ । स्वामी जस्ता बाहिर समाजसेवा र धार्मिक निष्ठा देखाएर भित्रभित्रै आफ्नो गिद्धेस्वार्थ पूरा गर्ने फटाहा चरित्रमाथि तीखो व्यङ्ग्य प्रहार गरिएको छ ।

उपन्यासकार शान्ता श्रेष्ठले प्रस्तुत उपन्यासमा मौलिक, भाषिका र स्तरीय भाषाको प्रयोग गरेकी छन् । पात्र तथा परिवेश अनुकूलको कथ्य र ठाउँठाउँमा नेवारी, अङ्ग्रेजी भाषाको शब्द संवादात्मक शैलीका छोटाछरिता अनुच्छेद, भाषामा व्याकरणिक विचलन तर लयात्मक बान्की परेका गद्यभाषाको प्रयोग यस उपन्यासको मूल भाषागत विशेषता हो ।

व्याकरणिक विचलनका कारणले केही ठाउँमा पाठकले निधार खुम्च्याउनु परे पनि सामाजिक परिवेशलाई जस्ताको तस्तै उतार्न सकेकाले यसको भाषिक विन्यासमा खोट लगाइहाल्ने अवस्था देखिदैन । सरल तर प्रतीकात्मक अभिव्यक्ति, कलात्मक वर्णन शैली र दृश्यात्मक बिम्बको मोहक प्रयोग 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका सबल पक्ष हुन् । जसले गर्दा उपन्यास भाषाशैलीका दृष्टिले सशक्त बन्न पुगेको छ ।

## ३.१३ 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको विचार पक्ष

जुनसुकै रचनाको सिर्जना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । त्यस उद्देश्यको परिपूर्तिका निमित्त रचनामा विचारको शृङ्खला प्रवाहित गरिएको हुन्छ (सुवेदी, २०६४: २६) । सुवेदीले यस विचार यात्राका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई उपन्यासको प्राप्ति भनेका छन् । यही प्राप्तिलाई नै विचार पक्ष भनिन्छ । स्रष्टाले समाजलाई दिन खोजेको सन्देश नै विचार हो । त्यसैले विभिन्न रचना मार्फत स्रष्टाले आफ्नै ढङ्गले विचार प्रवाह गर्ने गर्दछन् । शान्ता श्रेष्ठले पनि 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासबाट पाठकलाई वैचारिक सन्देस दिएकी छन् । त्यस हिसाबले यो उपन्यास पनि एक वैचारिक उपन्यास हो र प्रस्तुत उपन्यासमा उपन्यासकारले अभिव्यक्त गरेका केही महत्त्वपूर्ण विचारलाई यहाँ निम्नअनुसार चर्चा गरिएको छ ।

### ३.१३.१ तत्कालीन राजनीतिक वस्तुस्थितिको सर्वेक्षण

सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यासमा उपन्यासकार शान्ता श्रेष्ठले नेपाली जनता वि.सं. १९०३ देखि राणाशासनको निरङ्कुसतामा बाँच्न विवश भए । समय बित्दै जाँदा वि.सं. १९८२ देखि प्रष्ट ढङ्गले राणाविरोधी आवाज उठी २००७ सालसम्म आइपुग्दा राणाहरूको जहाँनीयाँ शासनको अन्त्य भएको तत्कालीन राजनीतिक वस्तुस्थितिको सर्वेक्षण गरेकी छन् । वि.सं. २००४ साल वैशाख १७ गतेदेखि यस उपन्यासकी 'म' पात्र अथवा

उपन्यासकार आफैं प्रजातान्त्रिक आन्दोलनमा लागेको सङ्केत गर्दै त्यो आन्दोलन राणाहरूको अमानवीय एवं जनविरोधी सोचका कारण राष्ट्रव्यापीरूपमा सचेत नागरिकहरूको अग्रसरतामा फैलिएको थियो । यस उपन्यासमा विश्व परिवेशको परिवर्तित समय र नेपाली जनताको बढ्दो चेतनाको अवमूल्यन गर्नु, मानवअधिकारप्रति आँखा चिम्लेर जङ्गली बबरता लाद्नाले निरङ्कुस राणाशासन बिरोधी २००७-२००८ सालको जनक्रान्तिमा धेरै प्रजातन्त्रप्रेमी जनताले ज्यान गुमाउनु परेको तथ्य औंल्याइएको छ ।

तत्कालीन नेपालको राजनीतिक परिदृश्यलाई हेर्दा जनतालाई जनावरको नियती भोग्न बाध्य पारिएको थियो भन्ने तर्कलाई राजा त्रिभुवनसमेतले राजगद्दी नै त्यागेर भारत प्रवाश जानुपरेको घटनाले पुष्टि गरेको छ । यस्ता थुप्रै घटना तथा परिघटनाको सर्वेक्षण गर्दै २००७ सालको जनक्रान्तिमा आफ्नो भविष्यको कुनै पर्वाह नगरी होमिएका, जेल, नेल र चरम् शारीरिक यातना भोगेका प्रजातन्त्रप्रेमी, न्याय र समानताका पक्षपाती हजारौं जनताको योगदानलाई बेवास्ता गरी केही मुखुन्डोधारी टाठाबाठा, सुकिला र भुँडेहरूलाई नै मानसम्मान एवं अबसर प्रदान गर्दै हिँड्ने गरेकाले राणाशासनको पतन पश्चात बनेका प्रजातान्त्रिक सरकारको कार्यशैलीप्रति तीखो आलोचना गरिएको छ । प्रजातान्त्रिक सरकार बनिसकेपछि सत्ता स्वादमा पल्केको नेपाली काँग्रेस पार्टीले अनेक जालभ्रेल, छलकपट र विश्वासघात गरी सल्लाहकार सभा विघटनको घोषणा गर्ने र गणतन्त्र स्थापना गर्ने वातावरण खलबल्याएको विरोधमा उत्रेका जनतामाथि राणाशासनकै शैलीमा हिंसात्मक दमन गरेको अभिव्यक्ति उपन्यासको खण्ड दुईमा दिइएको छ ।

यसरी मुलुकमा ठूलाठूला परिवर्तन जनताकै बलमा हुने भए तापनि आमजनताले महसुस गर्न चाहिँ लामै समय कुर्नुपर्ने हुन्छ । जसका लागि जनता आफैंले त्यस्ता निरङ्कुसतालाई फालेर स्वयम् निरङ्कुस बन्ने खराब चरित्रधारी राजनीतिक नेता तथा कार्यकर्ताका विरूद्ध खबरदारी गरीरहनु पर्ने आवश्यकता औंल्याउदै सात सालको जनक्रान्तिपछि प्राप्त भएको प्रजातान्त्रिक उपलब्धी आमजनताले उपभोग गर्न नपाएको दृष्टान्तसमेत प्रस्तुत गरिएको छ । उपन्यासभित्र उपन्यासकारले तत्कालीन राजनैतिक घटना क्रमलाई निम्नलिखित अवस्थामा सर्वेक्षण एवं प्रस्तुत गरेकी छन् :

*२००८ सालतिर आफूलाई समातेर ल्याइदा पहिलोपल्ट मैले यही भऱ्याङ चढेकी सम्भनाले एकैछिन म २००८ सालको सङ्घर्षमा डुब्नपुगेकी थिएँ । प्रहरी दमन तथा अत्याचारले आफूलाई मरणासन्न अवस्थामा पुऱ्याएको घाउ बल्भेर दुख्न*

*थाल्यो । त्यतिबेलाका क्रान्तिकारी साथीहरूको अहिलेको दयनीय अवस्थाले मलाई दुख्नेगरी चिमोट्न थाल्यो । आफ्नो भविष्यको पर्वाह नगरी जनक्रान्तिमा होमिएका जेलनेल र यातना खाएकाहरूलाई पाखा लगाई आज प्रजातन्त्रकै विरोधीहरूलाई गरिरहेको मानसम्मानको चोट बल्झिएको यथार्थले म हैरान भएँ (पृ.१०) ।*

यसैगरी २००७ सालमा प्रजातन्त्र घोषणा भएपछि जनताको अवस्थामा कुनै परिवर्तन हुने सङ्केत देखिएन बरू सुकिला र टाठाबाठाले चैन गर्ने एउटा अवसर मात्र बनेको यथार्थ सामाजिक चित्रण यसरी गरिएको छ :

*मोटर जाने बाटो बनिसकेकोले ककनी त्यति टाढाको नभएर पनि निकै टाढाको मानौं अठारौं शताब्दीको अभावग्रस्त बस्तीमा नै हरूमलिरहेका थिए सबै । हामीले लगाई राखेको लुगारूप्रति आकर्षित भई सङ्कोच र चाहानाले टलवलाएका आँखाले हेरिरहेका थिए ती । त्यो हेराइको मोहनीमा मानौ म डुबेकी थिएँ । मलाई साह्रै नै असजिलो पनि लागेको थियो । म महिला सङ्घकी संस्थापक सदस्य यस्तै दबेका दीनदुःखी र अन्याय अत्याचारमा परेका महिला वर्गको उद्धार गर्ने, शिक्षाको ज्योति प्रदान गर्ने कार्य सङ्घको उद्देश्यमा भएर पनि केही नगरेको पीडाले मलाई घोचेको थियो (पृ.८०) ।*

यसरी उपन्यासकारले नेपालमा निरङ्कुस राणाशासन विरूद्धको जनआन्दोलन सफल भएको, प्रजातन्त्र प्राप्ति पश्चात पनि प्रजातान्त्रिक भनिएका शासकबाट पनि जनताको इच्छा, चाहना र आवश्यकता विपरीत अनेकन दमनकारी कदम चालेका, केही टाठाबाठाहरूका लागि प्रजातन्त्र आए पनि सर्वसाधारण जनताले प्रजातन्त्रको कुनै आभास गर्न नपाएका, प्रजातन्त्रको घोषणा पश्चात पनि अन्यौल र अस्थिरता बढेको जस्ता घटनाको उपन्यासकार स्वयम् भोक्ता भई तत्कालीन राजनैतिक अवस्थाको दृष्टान्त पेश गरेकी छन् ।

### ३.१३.२ भूत, प्रेत, बोक्सी तथा अदृश्य शक्तिको प्रभावको प्रस्तुति

प्रेम, अद्भूतता, साहसिकता र चमत्कारिकता जस्ता अलौकिक कल्पना र अतिरञ्जकताले भरिपूर्ण तिलस्मी, जासुसी, ऐयारी उपन्यासहरूले सर्वमान्य पाठकलाई भुलाई राख्ने र रमाइराख्ने बनाउँछ (प्रधान २०६१:४३) । यस्ता उपन्यासहरूमा जादु, तन्त्रमन्त्र, बोक्सी, धामीझाँक्री, चमत्कारिक एवं काल्पनिक घटनाहरूको प्रस्तुतिमा आधारित थुप्रै नेपाली समाजमा विद्यमान अन्धविश्वासलाई धरातल बनाई एउटा सामान्य सोचाइ तथा बुझाइ भन्दा परको घटना उत्सर्जन गरिएको हुन्छ । सर्वसाधारणलाई प्रभावित पार्दै आएका

धामी, झाँक्री तथा बोक्सी, टुनामुना, तन्त्रमन्त्र जादु जस्ता तथाकथित सामाजिक शक्ति र भूतप्रेत, मसान जस्ता अदृश्य, अप्रमाणित एवं काल्पनिक शक्तिलाई आधार बनाइ उपन्यासको मुख्य कथानक निर्माण गरिन्छ । नेपाली साहित्यको उपन्यास विधामा यस्ता थुप्रै प्रकाशित कृतिहरू छन् । तिनै औपन्यासिक कृतिहरूका लहरमा शान्ता श्रेष्ठको 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास पनि सशक्तरूपमा उभिएको छ ।

यस उपन्यासमा प्रमुख पात्र 'म' की बहिनीको आँखामा आएको अन्नो (घाउ) र विशेषगरी छोप्नेरोगको उपचार वैज्ञानिक चिकित्सा प्रणालीबाट हुन नसकेपछि आखिर वैद्य, धामीझाँक्री, साधुसन्तहरूको झारफुक, तन्त्रमन्त्रको माध्यमबाट उपचार सम्भव भएको छ । यसमा खासगरी बोक्सीले दुःख दिएको हुनाले केही अद्भूत उपाए अपनाइ धामीले बोक्सीलाई तह लगाएको र रोग निवारण भएको उल्लेख गरिएको छ । यस उपन्यासमा यस्ता अन्धविश्वासमा परेर धेरै मानिसहरू आफसेआफ विभिन्न रोगबाट प्रताडित हुन पुगेका छन् भने अर्कातिर बोक्सी, भूत प्रेतको प्रभाव निर्मूल पार्ने बहानामा समाजका केही टाठाबाठा एवं ठग प्रवृत्तिका मानिसबाट सर्वसाधारणले गठिनु परेको यथार्थलाई निकै कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । कथानकमा धामीले उपचार गर्ने बहानामा 'म' पात्री बहिनीलाई नछोपेको (बेहोस नभएको) अवस्थामा पनि बोक्सी चढेको छ भनी कुट्ने पिट्ने, जुत्ता सुँघाउने, सिस्नुपानी लगाउने, पन्यौ तताएर डाम्ने जस्ता अमानवीय व्यवहार गरी बहिनीको जिन्दगी नै बर्बाद गर्ने प्रपञ्च रचेको देखाइएको छ । बुद्धधर्मका अनुयायी भिक्षु स्वामीले तन्त्रमन्त्रका माध्यमबाट बहिनीलाई निको त पार्छ तर उपचारको निहुँमा बहिनीमाथि नै यौन प्यास मेटाउन खोजेको मात्र नभइ उसलाई भारतीय वेश्यालयमा बेचेर पैसा कमाउनेसम्मको चरम अमानवीय क्रियाकलाप समेत गर्न पुग्दछ ।

यसरी उपन्यासका घटनालाई नियाल्दा तत्कालीन अवस्थामा समाजको ऐजेहरूका रूपमा रहेको तर यथार्थ झैं लाग्ने टुनामुना, तन्त्रमन्त्र, बोक्सी, धामीझाँक्री र त्यसको आडमा आफ्नो स्वार्थ पूरा गर्न पल्केका ठगहरूबाट दोहोरो मर्कामा पर्नु परेको तीतो यथार्थ उपन्यासभित्र यसरी प्रस्तुत गरिएको छ :

> *मलाई जित्न खोज्ने ? कीर्तिपुरको वैद्यबाट मलाई कायल पारी खुनी गर्ने योजना बनाएको होइन ? त्यो त मेरो कान्छी औंला बराबर पनि छैन । असनको वैद्य गुभाजूलाई पछारेको देखिनौ ? कसरी ज्यान जोगाएर भागेको थियो गुभाजू ?*

*बिर्स्यौ ? मलाई कायल गर्न कतिथरिका वैद्य, झाँक्री ल्याइसक्यौ ? अझ चेतेका छैनौ ? हेरौँला त्यसको पनि तागत (पृ.४८) ।*

माथिको भनाइ 'म' पात्रकी बहिनीलाई छोपेको (बेहोस भएको) बेला उसको आङमा बोक्सी चढेको भनिएकीले आफ्ना बिरोधी धामीझाँक्री र वैद्य विरूद्धको अभिव्यक्ति हो ।

त्यसै गरी विरामीको शरीरबाट बोक्सी हटाउने क्रममा झाँक्रीले भनेको कुरा यसप्रकार छ :

*झाँक्रीले कराउँदै, काम्दै उसको पुरानो मैलो ढुसी परेको झोलाबाट सानो धनुवाण, जनावरको हड्डीको माला, दुम्सीको काँडा, काठको पुतली, मुजुरको प्वाँख, सर्पको हाडको माला आदि निकाल्दै बोक्सीलाई हाँक दिदै भन्यो, बल्ल तँ जिउँदो मान्छेको हातमा फेला परिस्, आज मेरो हातबाट तेरो नाश हुनेछ । अब तँ कहाँ जान्छेस् ! मैले तारण राखी सकेँ । अब मेरो पञ्जामा परिस तँ (पृ.५४) ।*

त्यसैगरि झाँक्रीले बिरामीलाई नै अनावश्यक ढङ्गले यातना दिएको अर्को एक प्रसङ्ग यस्तो छ :

*त्यसले मन्त्र पढ्दै बहिनीको खुट्टाको बुढीऔँलामा काँचो धागोले बाँध्यो । उसको टाउकोमा दुम्सीका काँडाहरू जवरजस्ती घुसार्न लाग्दा बहिनी असह्य भई अइया ! मलाई दुख्यो, दुख्यो, भन्दै रोई । दुख्यो भन्छेस् बोक्सी तँलाई नमारी त कहाँ छोड्छु र म ? गर्छेस् स्वाँङ् (पृ.५५) ?*

माथिको भनाइले 'कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा' भनेझैं उपचारको ढोंग रचेर ठग्न पल्केका धामीझाँक्रीबाट कयौं सर्वसाधारणको ज्यान गएको र जानसक्ने परिस्थिति सिर्जना भएको पुष्टि गर्दछ ।

उपन्यास भित्र अभिव्यक्त भएका यस्ता घटनाहरूले तत्कालीन समाज विज्ञान र प्रविधि भन्दा धामीझाँक्री, बोक्सी, टुनामुना, भूतप्रेत जस्ता परम्परागत अन्धविश्वासमा रूमलिई रहेको थियो । जसबाट केही टाठाबाठा एवं फटाहाहरूले ठगी खाने बहाना पाएका थिए भने अर्कातिर त्यस्तै धामी र वैद्यको भरमा परेर कयौंले जनधन नै गुमाउनु परेको यथार्थलाई प्रस्तुत उपन्यासले कलात्मक एवं स्वभाविक ढङ्गले अभिव्यक्त गरेको छ ।

### ३.१३.३ मानवतावादी धारणा

मानिसमा स्वभाविक तवरले हुने दया, प्रेम, कहरूणा, कृपा, सौजन्य, सहानुभूति, संवेदनशीलता, सहृदयता, बुद्धि एवं विवेक आदि असल गुण नै मनुष्यता वा मानवता हो (

जोशी, २०६७:१२९) । यसरी हेर्दा समानता, स्वतन्त्रता र भ्रातृत्त्वको त्रिवेणी नै मानवतावाद हो । मानिसको जीवनमूल्यको अस्तित्त्व स्वीकार्नुलाई नै मानवतावादी धारणा मान्नु पर्दछ । विवेच्य 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासभित्र मानवतावादी स्वरहरू पर्याप्त मात्रामा मुखरित भएको पाइन्छ । उपन्यासका मुख्य पात्र 'म' सहायक पात्रहरू डी.एस.पी., श्री ५ त्रिभुवन, आमा, बाबु, बूढी, बहिनी जस्ता पात्रहरू समानता, स्वतन्त्रता र भ्रातृत्त्वका पक्षमा छन् । कसैको रूचि, चाहाना र स्वतन्त्रतामाथि जो कसैले पनि हस्तक्षेप गर्नु हुँदैन भन्ने कुरा उपन्यासमा अभिव्यक्त भएको छ । यही आदर्शअनुरूप 'म' पात्र प्रजातन्त्र, न्याय र स्वतन्त्रता स्थापना गर्नका लागि कहिले राणाशासकको निरङ्कुसता विरूद्ध त कहिले धामीझाँक्री र स्वामीजस्ता छदमभेषी अत्याचारीका विरूद्धमा अरिङ्गाल झैं खनिन पुग्छिन् । त्यसैगरी डी.एस.पी. समाजका मानिसहरूको जिउधन, न्याय एवं अस्मिता रक्षाका लागि अहोरात्र खटिरहन्छ । राजा त्रिभुवन आफू र आफ्ना देशवासीलाई राणाहरूको अत्याचारी शासनबाट मुक्त गर्ने उद्देश्यले आन्दोलनकारीसँग ऐक्यवद्धता जनाउँदै सपरिवार भागेर भारतको दिल्लीमा शरण लिन पुग्दछन् । अर्कातिर 'म' पात्रकी आमा सबै मानिसप्रति माया, दया, सहयोग र हार्दिकतापूर्वक व्यवहार गर्दछिन् । उता स्वामीको घरमा आश्रय लिएर बसेकी बूढी आफैं भोक, रोग र शोकले थलिएर पनि स्वामीको अत्याचार र दुराचारको माखेसाङ्लोमा पर्नबाट अरूलाई जोगाउन प्रयत्नरत देखिन्छे ।

यसैगरी उपन्यासमा विभिन्न घटना तथा परिघटनालाई जोड्दै मानवतावादको व्यवहारिक प्रयोगमा जोडदिन आह्वान गरिएको छ । यस उपन्यासमा लेखिका शान्ता श्रेष्ठले न्याय, समानता र प्रजातन्त्रको हौवा पिटाइ आफ्नो निजी स्वार्थसिद्ध गर्ने ढोंगी र पाखण्डी नेतृत्त्वबाट नै मानवता सङ्कटमा परेको कुरा स्वामी जस्तो विद्वान, त्यागी र धार्मिक व्यक्तित्त्वले सर्वसाधारणको श्रमसहित अस्मिता लुटेको, चेलीबेटी बेचविखन जस्तो घृणित एवं अपराधिक क्रियाकलाप गरेको जस्ता दृष्टान्त दिई समाजमा तथाकथित ठूलाबडाबाट नै मानवताको अपहरण भइरहेको तथ्य उजागर गरेकी छन् । उपन्यासमा उल्लेख भएका घटनाहरूले मानिसहरूको मौलिक हक र मानव अधिकार हनन भएको कुरा प्रष्ट्याउँछ । यसका विरूद्धमा लेखिकाले मानवतावादी वैचारिक धारणाको अभिव्यक्ति दिएकी छन् । यसैको निम्ति कसैले बलीको बोको बन्नुपर्ने दिनको अन्त्य हुनु पर्ने कुरामा विशेष जोड दिँदै भ्रातृत्त्वको भावना फैलाउनु पर्ने आवश्यकता लेखिकाले गम्भीर रूपमा उठाएकी छिन् । सर्वसाधारणमाथि हुने शोषण, दमन, लुट, छलछाम, दबाव हत्याहिंसा जस्ता कुकृत्यहरूको

न्युनीकरणमा जोड दिइएको छ । ठाउँठाउँमा उपन्यास भित्र मानवतावादी स्वर यसरी प्रकट भएका छन् :

> *तपाईं बढ्ता चलाख हुने प्रयत्न नगर्नुस्, तपाईंको नियत राम्रो भएको भए तपाईंले मेरो बासित सल्लाह गरी अनुमति लिनु पर्ने थियो । मेरो बाको जानकारी बिना नै मेरी आमा र बहिनीलाई भारतमा लाने साहास तपाईंले कसरी गर्नुभयो ? यो घरबाट तपाईंले पाइरहनुभएको मानसम्मानको घाँटी तपाईंले नै रेट्नुभयो । तपाईं अपराधी हुनुहुन्छ । म तपाईंलाई जेलहाल्न सक्छु बुझ्नुभयो ? म तपाईंलाई छाड्दिन (पृ.६) ।*

उपन्यासमा वर्णित यो घटनामा 'म' पात्रका आमा र बहिनीलाई परिवारको अनुमतिविना फकाइफुल्याइ भारतमा लगेर बेची स्वतन्त्रता र अस्मितामाथि नै खेलवाड गर्दै आफ्नो स्वार्थ पूरा गर्न खोज्ने स्वामीले मानिसको स्वतन्त्र जीवनमूल्यमाथि निर्मम प्रहार गरेको छ । यहाँ सामाजिक न्याय, समानता र स्वतन्त्रताको रक्षा गर्न, मानवतावादलाई सबल एवं व्यापक पार्न संवद्ध सबै पक्षलाई आह्वान गरिएको छ साथै यहाँ व्यवहारिक रूपमा स्वतनत्रता र मानवतावादको निर्वाद उपभोग गर्न गराउन हार्दिकतापूर्वक सन्देश सम्प्रेषण गर्नु लेखिकाको अभिष्ट रहेको छ ।

### ३.१३.४ मानवीय मूल्य उपहासको उद्घाटन

प्रस्तुत विवेच्य 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा मानवीय जीवनको उपहासको यथार्थ चित्रण गरिएको छ । मानवीय मूल्यको उपहास भन्नाले मानवको मूल्य शून्य हुनु उसको जीवन निरीह, विवश र परिचय विहीन हुनु हो । समग्र उपन्यासमा वर्णित विषयवस्तु भित्र उच्च महिमायुक्त मानवीय जीवन मूल्यको उपहास गरिएको छ । मानवता, मानवअधिकार एवं मौलिक हकको ठाडो उल्लङ्घन गरिएको छ । सारा सोझासादा नेपालीहरूको स्वतन्त्रताको हकमाथि तुषारापात भएको छ । सीमित व्यक्तिको स्वार्थका लागि निहत्था जनता बलिको बोको बन्नुपरेको तीतो यथार्थप्रति सर्जक शान्ता श्रेष्ठले बिमती जनाएकी छन् । ग्रामीण परिवेशका हुन या सहरका सोझो प्रवृति, निमुखा, रोग, भोक र शोक एवं शिक्षाको अभावले चरम अन्धविश्वासमा रूमलिएका जनता शासकीय शोषण दमनले आफ्नो मानवअधिकार र स्वतन्त्र अस्तित्त्वको विघटन भएको टुलुटुलु हेरेर बस्न बाध्य छन् । त्यसैगरी समाजका जालीफटाहा, धामीझाँक्री जस्ता सामाजिक ब्वाँसाहरू निरीह जनताको गरिबी र अशिक्षाको फाइदा उठाई मोजमस्ती गरिरहेका छन् । न्याय माग्न

गएका निहत्था जनतामाथि लाठी, गोली, बुट, बलात्कार जस्ता कठोर यातना भोग्नु उनीहरूको नियति नै भएको छ । अर्कातिर गाँस, बास र कपासको अभाव टार्न ठूलाबडाका घरमा आश्रित श्रमिकमाथि चरम मानसिक एवं शारीरिक शोषणका साथमा अस्मिता समेत लुटेका छन् । त्यस्तै धामीझाँक्री र वैद्य भनाउँदाहरूले सर्वसाधारणहरूलाई अनेक प्रपञ्च रची दुःख दिएका छन् । उपन्यासमा 'म' पात्र स्वयम्ले मानवता, स्वतन्त्रता एवं समानताको प्राप्तिका लागि आन्दोलित हुँदा लाठी, गोली, बुट खानु परेको छ । उपन्यासको अर्को प्रमुख खलपात्र स्वामीले तन्त्रमन्त्रका वलमा सर्वसाधारणलाई प्रभावमा पारी चेलीबेटी वेचविखन जस्तो अत्यन्तै नाजायज कार्य समेत गर्न पुगेको छ । उपन्यासमा मानवीय मूल्यको विघटन भएका थुप्रै घटनाहरूमध्ये केही प्रसङ्ग यसप्रकार छन् :

*त्यतिबेला काठमाडौंका प्रमुख स्थानहरूमा कर्फ्यू लागू गरेको थियो । सल्लाहकार सभा धोका हो भन्ने कुरा जनतालाई जानकारी दिन र लागु भइरहेको कर्फ्यू तोड्न भूगोलपार्कमा आमसभा गर्ने निर्णय नेपाल महिला सङ्घ, नेपाल किसान सङ्घ र नेपाल विद्यार्थी फेडेरसनले गर्‍यो । सो निर्णय अनुसारको कार्यक्रम सुहरूमात्र के भएको थियो प्रहरी जवानबाट भयानक लाठीचार्ज गरी मरणासन्न अवस्थामा पुगेका घाइतेहरू माथि समेत दमकलको पानीको फोहोराले शरीरको लुगा पर्यन्त धूजाधूजा पारिदिएका थिए (पृ.१२) ।*

यसैगरी मानवीय मूल्यको विघटन भएको अर्को प्रसङ्ग यस्तो छ :

*'किन के भयो स्वामी जी ? तपाईं किन यसरी रिसाउनु भएको ? यतिबेला यिनीहरू कहाँ जाउन ? के विराए यिनीहरूले ?*

*सोध ती पशुहरूसित, सोध .... जङ्गली गधाहरू । म यिनीहरूलाई यहाँ राख्दै राख्दिन मेरो चेवा गर्ने ? हँ .... मेरो चेवा गर्ने .... (पृ.६७) ?*

माथिका प्रसङ्गहरूले तत्कालीन नेपाली समाजको मानवीय मूल्य चरम रूपमा सङ्कटमा परेको प्रष्ट हुन्छ । यस्ता घटनाहरूको मौलिक प्रस्तुतिले स्रष्टा शान्ता श्रेष्ठले यस उपन्यासमार्फत उठाएको मानवीय मूल्य विघटन विरूद्धको वैचारिक स्वर उत्कृष्ट बन्न पुगेको छ ।

### ३.१३.५ आप्रवासी दुस्प्रभावको अभिव्यक्ति

'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा आप्रवासी चेतना प्रस्तुत गरिएको छ । नेपाल बाहिरका कुनै पनि देशबाट आएर बसोवास गर्ने विदेशी नागरिकहरू नै आप्रबासी

हुन् । विशेषगरी तत्कालीन नेपाली समाजमा भारतीय, श्रीलङ्काली, बङ्गलादेशी र पाकिस्तानी नागरिकहरूको आगमन बाक्लै हुने गर्थ्यो । उनीहरूले यहाँ आएर व्यापार, मजदुरीदेखि लिएर जादु देखाउने टुनामुना, झारफुक तथा अन्य प्रकारका उपचारसँग सम्बन्धित कामहरू गर्दथे । त्यस्ता आप्रबासीहरूबाट उत्पादनमुलक कार्य हुनका साथै सामाजिक बिकृति र विसङ्गति भित्र्याउने कामसमेत गर्दथे । केही खराब प्रवृति भएका आप्रवासीहरूको आवाञ्छित क्रियाकलापबाट नेपालीहरूको स्वाधीनता र स्वतन्त्रतामाथि नै सङ्कट पैदा हुन पुगेको छ । धेरै आप्रवासीहरू मध्ये मानवीय गुणले शून्य छदमभेषीहरूको प्रतिनिधि पात्र यस उपन्यासको प्रमुख खलपात्र स्वामी भारतीय मूलको श्रीलङ्कन नागरिक हो । ऊ चीवर लगाएर काठमाडौं उपत्यका र नुवाकोटका गाउँ-गाउँ चहार्ने बुद्धधर्ममार्गी एक विद्वान् भिक्षु हो । घरपरिवार, काम, क्रोध, लोभ, मोह सबै त्यागी धार्मिक पृष्ठभूमिमा रहेर समाजसेवामा समर्पित भएको देखिन्छ । धेरैजसो समय जपतप र ध्यानमा बिताउने गरेको स्वामीको सुहरूसुहरूको गतिविधिले उसको व्यक्तित्व जतिसुन्दर देखिएको थियो, त्यति नै उसको आफ्नो घरमा कामदारले भोगेका प्रताडना, त्यहीँ आश्रय लिएर बस्ने वृद्धा र अन्य आइमाइहरूसँगको आवाञ्छित क्रियाकलाप साथै केटी बेच्ने धन्दा सञ्चालन गर्दा गर्दै 'म' पात्रको सुराकीको आधारमा रङ्गेहात पक्राउ परेको दृश्यले उसको छदमभेषी व्यक्तित्व उदाङ्गिएको छ ।

यसप्रकारले आप्रवासीहरूका अमानवीय क्रियाकलापबाट नेपाली जनताले अनेकन ढङ्गका हिंसा भोगेका छन् । उनीहरू अनेक बहानामा आएर यहाँका सोझासिधा जनताको गरिबी र अशिक्षाको फाइदा उठाइ आफ्नो गिद्दे स्वार्थ पूरा गरेका छन् । हाम्रो जस्तो शान्त एवं निर्दोषी समाजमा घुसी छलछाम, धोका, षड्यन्त्र रच्दै भय, सङ्का र संशय बढाइ जीवनमूल्य माथि नै साङ्घातिक प्रहार गरेका छन् । उनीहरूको यस्ता अवाञ्छित क्रियाकलापको बिहरूद्धमा स्रष्टा शान्ता श्रेष्ठले वैचारिक आवाज सशक्त ढङ्गले बुलन्द गरेकी छन् । यस्ता थुप्रै खराब नियत भएका आप्रवासीहरूको प्रतिनिधिपात्र 'स्वामी' श्रीलङ्कन नागरिक भएको र उसले बौद्ध भिक्षुको भेषमा सर्वसाधारणलाई दास बनाउने, चेलीबेटी बेचबिखन गर्ने, उनीहरूमाथि यौन शोषण गर्ने तथा अन्य थुप्रै अवैधानिक तवरले आर्थिक जन्य क्रियाकलाप गरेको प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

*अहिलेलाई यतिमात्र भनौ कि मेरो एघार वर्षकी बहिनीलाई छोप्ने रोग लागेको थियो । त्यसको उपचार गर्न ऊ आउँदा चिनेको हुँ । त्यसको हुलिया भिक्षु*

*हो, तपाईंहरूले पनि अवश्य देख्नुभएकै हुनुपर्छ तर याद गर्नु भएन होला । केश, आँखीभौंसमेत खौरिएको चीवरमाथि पहेँलो रङको ठूलो ओढ्ने (पछ्यौरा) ओढी सोही रङको झोला भिरेको हुन्छ उसले । आफू श्रीलङ्कन भन्छ ऊ (पृ.१६) ।*

स्वामीको भेषमा नेपाल आएर उसले ग्रामीण भेगका बासिन्दालाई शोषण गरेको कुरा अर्को एक प्रसङ्गमा यसरी प्रस्तुत गरिएको छ :

*उपचार गर्ने निहुँले तपाईं जस्ता राम्रा-राम्रा मान्छेहरू त्यसले यो घरमा ल्याइरहन्छ । यो अधर्मी मोरो कमको छ र ? हेर्नुस् यसले मेरा गाउँका मान्छेहरूलाई समेत आफ्नो मुठीमा पारिसकेको छ । यो विदेशी जरो गाडी यो ठाउँमा त्यसै बसेको छ र ? तपाईंले पछि थाहा पाउनुहुनेछ । अब तपाईं जानुस्, तपाईंसित कुरा गरेको त्यो असत्ति मर्न नसकेको स्वामीले थाहा पायो भने मलाई धुमधाम गर्न आउनेछ । यहाँ काम गर्न आउने आइमाईहरू सबै जासुस ! राति आलोपालो गरी तिनीहरू त्यो अधर्मीलाई तेल घस्न, खुट्टा मिच्न आउने गर्दछन् (पृ. ६९) ।*

माथिका भनाइहरूबाट एउटा विदेशी अनेक बहानामा नेपाल आएर यहाँका सोझासाढा मानिसलाई अनेक प्रलोभन देखाउँदै आफ्नो प्रभावमा पारी उनीहरूको स्वाधीनता र मानवअधिकार नै कुण्ठित हुने गरी आमनासिव क्रियाकलाप गर्ने गरेको र त्यसबाट हजारौं नेपालीहरू प्रताडित हुनुपरेको तथ्य उजागर भएको छ । घटनाहरू उपन्यासको मुख्य खलपात्र स्वामीले गरेको कर्तुतका बारेमा सहायक पात्र बूढीले 'म' पात्रलाई सुनाएको कुराले पनि आप्रवासीको बदनियतपूर्ण व्यवहारको पराकाष्ट उदाङ्गिएको छ । यसरी यस प्रस्तुत उपन्यासमा केही आप्रवासीहरूबाट नेपाली समाजले भोग्नु परेको ज्यादती र उनीहरूले अनेकन बहानामा मच्चाइ रहेका लुट्तन्त्रको विरूद्धमा चर्को वैचारिक आवाज उठाउन लेखिका शान्ता श्रेष्ठ सफल भएकी छन् ।

## ३.१४ निष्कर्ष

उपन्यासकार शान्ता श्रेष्ठद्वारा लिखित 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको कृतिपरक अध्ययन गर्ने सिलसिलामा उपन्यास शब्दको व्युत्पतिगत अर्थ र यसको सम्बन्धमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले दिएका परिभाषाबाट साहित्यको यस लोकप्रिय विधा उपन्यासको परिचय यस परिच्छेदमा गरिएको छ । उपन्यासको संरचनागत आधारमा यस उपन्यासको कथानक, कथानको स्रोत यसै अन्तर्गत कथानकको ढाँचा, कथानकको प्रकार, यसको आङ्गिक विकास साथै कथानकको आदि, मध्य र अन्त्य जस्ता आधारमूत

कुराहरु उपन्यास अध्ययनका आधारमा विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । त्यसैगरी उपन्यास भित्रको द्वन्द्व, कौतूहल, परिवेश, चरित्र वा पात्रको प्रकार, अबस्था उनीहरूको भूमिका आदिको उपन्यास सिद्धान्तका आधारमा विश्लेषण एवं मूल्याङ्न गरिएको छ । त्यस्तैगरी यस उपन्यासमा प्रयोग भएका दृष्टिविन्दु, संवाद, भाषाशैली, व्याकरणिक अबस्था, अलङ्कार र प्रतीकात्मक भाषाको प्रयोग, यसको मूलविचारपक्ष जस्ता महत्त्वपूर्ण पक्षहरूलाई कृतिअध्ययनका सिलसिलामा देखा परेका तथ्यहरूलाई उपन्यास सिद्धान्तका आधारमा ब्याख्या, विश्लेषण एवं मूल्याङ्कन गरिएको छ ।

## परिच्छेद चार

# 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका विशेषताहरू

### ४.१ विषय प्रवेश

उपन्यासकार शान्ता श्रेष्ठद्वारा लिखित प्रस्तुत विवेच्य **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास प्राक्कथन, (प्रकाशकको भनाई, (दुवाल मोहन), अदृश्य करामतसितको सङ्घर्ष (वैष्णव श्यामदास), मेरो भन्नु (श्रेष्ठ शान्ता) लगाएत यस उपन्यास सोह्रओटा खण्डमा संरचित छ । यसमा औपन्यासिक प्रवृत्तिगत विशेषताका आधारमा उपन्यासकारले आफ्नै केही खासखास विषय, परिवेश र शैली अँगालेर लेखिएको छ । यहाँ उपन्यास भित्र देखिएका प्रमुख प्रवृत्तिगत विशेषताहरू केलाएर तिनै महत्वपूर्ण विशेषताहरूका बारेमा छोटकरीमा चर्चा गर्ने प्रयास गरिएको छ :

### ४.२ सामाजिक यथार्थवादको प्रस्तुति

समाज, व्यक्ति वा जीवन जस्तो छ त्यस्तै रूपमा प्रकट गर्ने कामलाई यथार्थवादी प्रवृत्ति भनिन्छ (बराल, एटम, २०६६.५५) । यस प्रवृत्तिमा साहित्यकारहरूले समाजलाई साहित्यको ऐना मानेर अभिव्यक्त गर्दछन् । तत्कालीन समयको समाजको वास्तविक यथार्थ समातेर निम्नवर्गीय सामाजिक जीवनका व्यथा र अभावलाई यथार्थ परक ढङ्गले तटस्थ भएर समाजको प्रतिबिम्ब साहित्यमा उतार्ने प्रवृत्ति सामाजिक यथार्थवादी प्रवृत्ति हो । सामाजिक यथार्थवादमा साहित्यकारले प्रत्यक्ष निरीक्षण गरी समाज वा जीवनका यथार्थ पक्ष टपक्क टिपी कलामा ढाल्दै जीवन्त स्वरूप दिन्छ । वास्तविक समाजमा हुने दु:खसुख, लड्ने भिड्ने, जित्ने हार्ने, सबलता दुर्बलता जस्ता यथार्थ घटनाहरूलाई सर्जकले आफ्नो सिर्जनामा उतार्दछ । यस आधारमा हेर्दा सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यासको विषयवस्तु पनि नेपाल र नेपालीले देखिभोगेको यथार्थ हो । प्रस्तुत उपन्यासको खण्ड दुईमा वर्णित विषय नेपालको प्रसिद्ध एवं ऐतिहासिक घटना हो । वि.स. २००७ सालको महान जनक्रान्ति पश्चात प्राप्त भएको प्रजातन्त्र र सोको धरातलमा बनेको सरकारले पनि जनताको मागको बेवास्ता गर्दै उनीहरूको अमानवीय कार्य र त्यसले सिर्जना गरेको आवाज दबाउन गरेको भय, त्रास र क्षति सम्पूर्ण नेपालीले अनुभव गरेको र भोगेको यथार्थ नै हो । यस घटनालाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

*राणा शासन ढाली बहुदलीय प्रजातान्त्रिक शासन चलेको १० वर्ष हुन लाग्दा पनि स्थिति झन बिग्रेकोमा जनता अत्यन्त निराश छन् । यही प्रजातन्त्र स्थापनार्थ भएको*

*जनक्रान्तिको दौरानमा राजा श्री ५ त्रिभुवन, जेठो छोरो र नातिसमेत सपरिवार करिब चार महिनासम्म दिल्लीस्थित हैदरावाद दरवारमा निर्वासित भइसकेकालाई नेपालमा फर्काइ राज्य सुम्पिने क्रान्तिकारी प्रजातन्त्र सेनानीहरूलाई समेत नकारिएको दुखाइ बेग्लै थियो ममा । राजा श्री ५ त्रिभुवनले त आफू र आफ्नो शाहवंशमाथि नेपाली जनताले आफ्नो ज्यान हत्केलामा राखी गरेका जनक्रान्तिबाट हर्ष विभोर भई त्यसको हृदयदेखि कदर र सम्मान गरेर गणतन्त्र दिने घोषणा समेत गरेका थिए । उक्त घोषणालाई यथाशीघ्र कार्यमा परिणत गर्न गणतन्त्रात्मक संविधान तयार पार्नलाई मात्र मन्त्रिमण्डल गठन गरिएको कुरा समेत सार्वजनिक गराएका थिए । सत्तास्वादमा पल्केपछि नेपाली काँग्रेसका मन्त्री, नेताहरूले गणतन्त्र शब्द नै उपदस्त गरी साधारण प्रजातान्त्रिक प्रणालीबाट आमनिर्वाचन गराउन अनेकौं जालझेल, छलकपट र विश्वासघात समेत गरी विभिन्न सल्लाहकार सभा समिति आदिको गठन र विघटन गरी, छकाउने कार्यहरू गरी नै रहे । जनताको सहनशक्ति र धैर्यको सीमा नाघेपछि विभिन्न सङ्गठनबाट विभिन्न नाम दिई गरिएका विरोध सङ्घर्षहरूमा लाठी र अश्रुग्यास मात्र प्रयोग नभइ गोलीसमेत चलाईदा विद्यार्थी चिनियाकाजीले सहादत्त प्राप्त गर्नुको साथै सहिददिन र राममान श्रेष्ठ आदि सख्त घाइते भएका थिए (पृ. १०-११) ।*

लामो ऐतिहासिक कालखण्डमा राणाशासनको चरम शोषणबाट गुज्रेका नेपाली जनताले प्रजातन्त्र, न्याय, समानता एवं स्वाधिनता प्राप्तिका लागि २००७ सालमा निर्णायक आन्दोलन गरे । आन्दोलनबाट सिर्जित जनदबाब थेग्न नसकी राणाशासन ढल्न पुग्यो । त्यस पश्चात बनेका प्रजातान्त्रिक भनिएका सरकारले पनि जन आकांक्षा नबुझी र उनीहरूका जायज मागहरूलाई पनि चरम दमन गरी थप हिंसा निम्त्याएको घटनालाई टिपिएकाले तत्कालीन समयको वास्तविक ऐना झैं छर्लङ्ग देखिएको छ । प्रस्तुत उपन्यासमा काठमाडौँ निवासी एक नेवार परिवारमा छोप्ने रोगले सताएको र उक्त रोगबाट पीडितलाई बोक्सी लागेको ठानी कैयौँ पटक धामीझाक्री, वैद्यहरू लगाइ उपचार गर्न लगाइएको छ । धेरै पटक उपचार गर्ने कार्य गरे पनि रोग निको हुन नसकेकोले परिवारले आफ्नै विरामी छोरीको उपचार 'स्वामी' नामको एक बौद्धमार्गी भिक्षुको तन्त्रमन्त्र पद्धतिबाट गराउँछन् र उपचार सफल पनि हुन्छ । यस्ता यथार्थ सामाजिक घटनाहरू उपन्यासको प्रमुख 'म' पात्रको प्रत्यक्ष संलग्नतामा सम्पन्न भएका छन् । माथि उल्लेखित घटनाहरू उपन्यासको 'म' पात्रले देखे, भोगेको र अनुभव गरेको अधिकतम यथार्थ र अंशतः काल्पनिक जस्ता लाग्दछन् । तत्कालीन

समयमा मानिसहरू एकातिर प्रजातान्त्रिक र त्यसपश्चात आएको प्रजातान्त्रिक व्यवस्थाले पनि जनतालाई आशातीत सन्तुष्टि दिन नसकेको र उल्टै स्वभाविक माग राख्नेहरू माथि शासकहरूले हिंसात्मक दमन गरेको पीडामा थिए भने अर्कातिर समाजमा विद्यमान चरम अत्याचार, ठगी, षड्यन्त्र, जस्ता नकरात्मक कुराहरूको रापमा परेर, भोक, रोग र शोकमा डुब्न विवश थिए । शिक्षाको अभावमा षड्यन्त्र र गरिबीका कारण शोषण भोग्न बाध्य मानिसहरू बोक्सी, टुनामुना, तन्त्रमन्त्र जस्ता अन्धविश्वासको अँध्यारोमा रूमलिएका थिए भन्ने यथार्थ पक्षहरूको उद्घाटन गरेकोले यो उपन्यास पूर्णरूपमा सामाजिक यथार्थवादी प्रवृत्तिगत धारमा बगेको स्पष्ट हुन्छ । परिवेशका दृष्टिले पनि यस उपन्यासको हरूचि क्षेत्र पूर्णरूपले काठमाडौँ र नुवाकोटका ग्रामीण भेकलाई लिई तयार पारिएको छ । यस क्षेत्रका जनताले भोगेका दुःख पीडाको परिवेश उपन्यासको अभीष्ट परिवेश हो । उपन्यासका लागि चयन गरिएका सबै पात्रहरू हाम्रै नेपाली सामाजिक धरातलबाट टिपिएका छन् । उपन्यासको खलपात्र ‘स्वामी’ बाहेक कुनै पात्रले पनि सुखको अनुभूति गर्न पाएका छैनन् । उपन्यासमा ‘म’, बहिनी, भाइ, आन्दोलनका घाइते, आमा, बूढी, केटाहरू, आइमाईहरू जस्ता पात्रहरू अनाहकमा दुःख व्यहोर्न बाध्य छन् । यी सबै पात्रहरु पीडा, वियोगयुक्त जीवन बिताउन विवश देखिन्छन् ।

उपन्यासमा वास्तविक सामाजिक यथार्थको अनुभूति गराउनका लागि झाँक्री, बहिनी, फुपू, छिमेकी, बूढी, आइमाईहरू जस्ता ग्रामीण भेगका अशिक्षित व्यक्तिहरूले प्रयोग गर्ने स्थानीय बोलिचाली र रहनसहनको परिवेश प्रस्तुत गरिएको छ ।

### ४.३ मानवतावादी भावको प्रस्तुति

मानिसमा स्वाभाविक तवरले हुने दया प्रेम कहरूणा कृपा, सौजन्य, सहानुभूति, संवेदनशीलता, सहृदयता, बुद्धि एंव विवेक आदि असलगुण नै मनुष्यता वा मानवता हो (जोशी, २०६६:१२९) । यस आधारमा मानवतावादलाई परिभभाषित गर्नुपर्दछ । व्यक्तिको वैयक्तिक मूल्यमा जोड दिनु नै मानवतावाद हो भन्न सकिन्छ । मानवतावादको मूलप्रवृत्ति भनेको मानव स्वतन्त्रता, समानता र भ्रातृत्वमा जोड दिइ संसारका हरेक मान्छेले सुखसँग बाँच्न पाउनुपर्छ भन्ने मान्यता राख्नु हो । मानवले मानवलाई एकअर्काप्रति दया, माया, कहरूणा विवेकपूर्ण व्यवहार गरी सम्पूर्ण मानव जीवनको मूल्य स्वीकार गर्नु र कल्याण चाहानु नै मानवतावादी प्रवृत्तिको मूलभूत विशेषताहरू हुन् । उपन्यासकार शान्ता श्रेष्ठ पनि मानवतावादी प्रवृत्ति भएकी साहित्यकार हुन् । उनको यस **सङ्घर्ष भित्रका अनौठा पाइला**

उपन्यास भित्र मानतावादी स्वर टड्कारो रूपले मुखरित भएको पाइन्छ । यस उपन्यासभित्र वर्णित घटनामा राणा शासनबाट पीडित जनताको दिनचर्या, सोही निरङ्कुश शासनको विरूद्धमा लड्ने स्वतन्त्रता र प्रजातन्त्र प्रेमी जनताको पीडा उनीहरूले भोगेका यातना २००७ साल पश्चात गठन भएका प्रजातान्त्रिक भनिएका सरकारले गरेका जनविरोधी क्रियाकलाप, तत्कालीन समाजमा विद्यमान गरिबी, अशिक्षा, अन्धविश्वास जस्ता मानवता विरोधी तत्त्वको रूपमा प्रस्तुत गरिएको छ । यस्ता क्रियाकलापले एउटा भयावह संस्कृतिको रूप लिनुले निश्चय नै मानवताको रक्षा हुन सक्दैन । जसका कारण अशान्ति फैलन गई समाज बर्बरतायुक्त युगतिर फर्कन्छ भन्ने वैचारिक स्वर उराल्ने इमान्दार प्रयत्न लेखिकाले गरेकी छन् । कुनै पनि व्यक्ति वा संस्थाले आफ्नो स्वार्थका लागि सम्पूर्ण नेपालीलाई दुःख दिनु भनेको जनताको मौलिक हक र मानवअधिकारको घोर अपमान हुनु हो । यस्तो अवस्थाबाट सर्वसाधारणले घोर अन्याय अत्याचार भोग्नु भनेको मानवताको खडेरी पर्नु हो भन्ने स्पष्ट अभिव्यक्ति उपन्यासमा पाइन्छ ।

उपन्यासमा मानवताको अपहरण हुनेखालका अन्य थुप्रै गतिविधिहरू औंल्याइएको छ जस्तै :

> *बोक्सी, टुनामुना, लागेको भन्दै उपचार गर्ने बहानामा विरामी र विरामीका परिवारलाई दिएको दुःख बोक्सीको आरोपमा महिलालाई दिइने अनेक प्रकारका यातना, त्यस्तै उपन्यासको प्रमुख खलपात्र 'स्वामी' ले आफ्नो घरमा काम गर्न राखेका केटाहरू, आइमाईहरूलाई गरको शोषण, दमन र अत्याचार, तान्त्रिक उपचारको बहानामा दुराचार तथा भारतको बेश्यालयमा लगि बेच्नेसम्मको अमानवीय क्रियाकलापमा मानवताविरूद्धका अपराधहरू हुन् । उपन्यासमा वर्णित यस्ता खालका स्वतन्त्रतापूर्वक हिँडडुल गर्न नपाउने, आफ्नो स्वतन्त्रता र समानता उपयोग गर्न र स्वाभिमानका साथ बाँच्न नपाउने, सधै अहरूको थिचोमिचो र शोषणदमनमा बाँच्नु पर्ने स्थितिले व्यक्तिको मानसिक, राजनैतिक र वैचारिक विकास हुन नसक्ने ठहर गर्दै लेखिकाले यस्ता दुस्कार्यको घोर विरोध गरेकी छन् । मान्छे स्वतन्त्रता प्रेमी हुन्छ । स्वतन्त्रता व्यक्तिको मौलिक अधिकार पनि हो । यस उपन्यासमा 'स्वामी' र झाँकी बाहेकका सबै पात्रहरू स्वतन्त्रता र समानताका हिमायती छन् । उपन्यासको प्रमुख पात्र 'म' स्वतन्त्रतापूर्वक स्वच्छन्द जीवनयापन गरिरहेकी छ । 'म' सबै मानिसले समानता र स्वतन्त्रता उपभोग गर्न पाउनुपर्छ*

*भन्ने कुरामा विश्वास राख्छे । त्यसै गरी आमा, बहिनी, डि.एस.पी. जस्ता पात्रहरू पनि स्वतन्त्रता र समानताका पक्षपाती छन् । यसरी प्रस्तुत उपन्यास स्वतन्त्रता, समानता र भ्रातृत्वको त्रिवेणी हो जसलाई मानवतावाद भनिन्छ । मानवतावादको पक्षमा वकालत गर्नका लागि लेखिकाले थुप्रै घटनाहरूको संयोजन गरेकी छन् । उपन्यासमा आएका केही मानततावदी विचारहरू यस्ता भेटिन्छन् : त्यतिवेला काठमाडौँका प्रमुख स्थानहरूमा कर्फ्यु लागु गरिएको थियो । सल्लाहकारसभा घोका हुन भन्ने जनतालाई जानकारी दिन र लागु भइरहेको कर्फ्यू तोड्न भूगोलपार्कमा आमसभा गर्ने निर्णय नेपाल महिला संघ, नेपाल किसान संघ र नेपाल विद्यार्थी फेडेरेशनले गऱ्यो । सो निर्णय अनुसाको कार्यक्रम शूहरूमात्र के भएको थियो प्रहरी जवानहरूबाट भयानक लाठिचार्ज गरी मराणसन्त अवस्थामा पुगेका घाइतेहरू माथि समेत दमकलको पानीको फेहोराले शरीरको लुगापर्यन्त धुजाधुजा पारिदिएका थिए । त्यो काण्डमा समातिएका सयौँ मानिसहरूमा म पनि एकजना पर्न गएकी थिएँ । आफू थुनामा रहँदाको दृश्यले मलाई पछ्याइरहेको थियो । पछि निर्वाचित सरकार आइसक्दा पनि ती यातना खाइ थुनामा परेका क्रान्तिकारीहरूको सम्भनासम्म पनि नगरिएको पीडा बेग्लै थियो (पृ. ११,१२) ।*

*गाउँ र गाउँलेहरूको शरीरले जर्जर, विकट र अभावपूर्ण अवस्थाको प्रदर्शन गरिहेको थियो । मोटर जाने बाटो बनिसकेकोले ककनी त्यतिटाढा नभएर पनि निकै टाढाको मानौ अठारौँ शताब्दीको अभावग्रस्त बस्तीमा नै हरूमलिरहेको थियो । सबैजना हामीले लगाई राखेका लगुगाहरू प्रति आकर्षित भई संकोच र चाहानाले टलवलाएका आँखाले हेरिरहेका थिए ती (पृ. ८०) ।*

*..... स्वामीले मेरी आमा र बहिनी जस्ता अहरू सोफा र निमुखा नेपाली दिदीबहिनीलाई फकाइफुल्याइ धोका दिई बिदेशमा लगी विकाउनुबाट मैले जोगाएँ ( पु १११) ।*

माथिका उद्धरणबाट के स्पष्ट हुन्छ भने समाजमा केही टाढाबाढा व्यक्ति र संस्था एवं सरकारले सर्वसाधारणलाई यसरी नै दुःख दिइन्छ । मानवअधिकार र मौलिकहकको उपहास गर्दै कानुनी राज्यको खिल्ली उडाएर यस्ता क्रियाकलाप गर्नु मानवताविरूद्धको जघन्य अपराध हो भन्दै उपन्यासकारले यस उपन्यासमार्फत मानवताका पक्षमा आफ्नो दमदार आवाज प्रस्तुत गरेकी छन् ।

### ४.४ विसङ्गतिवादी धारणाको प्रस्तुति

मानवीय जीवन कुनै न कुनै दृष्टिकोणबाट हेर्दा सङ्गत नमिलेर विसङ्गति नै विसङ्गतिहरूले पूर्ण हुन्छ भन्ने विचार नै विसङ्गतिवादी जीवनदृष्टि हो । जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकाले जीवन-जगत पनि व्याख्याय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो (बराल, एटम, २०५८ः १४४) । यसरी हेर्दा संसार विसङ्गतिले भरिपूर्ण छ र मान्छेका हरेक क्रियाकलापहरू निरर्थक छन् । जीवन सोचे जस्तो र खोजे जस्तो नभइ खालि भोगे जस्तो मात्र हुन्छ । विसङ्गति नै विगङ्गतिका बीच बाँच्नु पर्ने मानिसका बाध्यता हुन् । मानिसलाई उसको चेतनाले हिँडाउने होइन ऊ परिस्थितिले जस्तो सक्यो त्यस्तै हिँडाउने कठपुतलीसरह हुन्छ । मानिसको जिन्दगी असहज जन्मन्छ र असहज रूपमै मर्न पुग्दछ । यो उसको जन्मनु र मर्नुमा नै पनि ठूलो विसङ्गति देखिन्छ । व्यक्तिगत स्वतन्त्रताको अपहरण, व्यक्तिका इच्छा तथा आकाङ्क्षामा व्यवधान तथा मूल्यहीनताको बोधले मानवीय जीवन रूग्ण र विसङ्गत हुन्छ । यसरी सबै आशास्तम्भ भत्किएपछि मानिसले विसङ्गतिवोध गर्छ । प्रस्तुत विवेच्य कृति ‘सङ्घर्ष भित्रका अनौठा पाइला’ उपन्यासमा पनि यस्ता थुप्रै विसङ्गत पक्षहरू आएका छन् । उपन्यासमा वर्णित २००७ सालको जनक्रान्तिमा त्यतिका मानिसहरूले जेलनेल भोगे, त्यसको पृष्ठभूमिमा १९९७ मा होनाहार वीर सपूतहरूको ज्यान गयो, यस्तो प्राणै आहुति दिएर ल्याएको प्रजातान्त्रिक व्यवस्थामा पनि जनताले शोषण, दमन, अन्याय, अत्याचार भोग्ने निरन्तरता चलिरह्यो । भोक, रोग, अशिक्षा, अन्धविश्वास र गरिवीले सर्वसाधारणलाई गाँजिरहेको विसङ्गत पक्ष टड्कारो देखिन्छ । त्यसैगरी विसङ्गत जीवन भोग्ने क्रममा उपन्यासको मुख्य पात्र ‘बहिनीको कलिलो-स्कूले उमेरमा छोप्ने रोगले सताएर उसको पढ्ने खेल्ने जस्ता बालसुलभ क्रीडामा रमाउनुको सट्टा बेहोसी र धामीझाँक्रीका फुकफाकमा बितेको छ । त्यस्तै प्रमुख खलपात्र स्वामी काम, क्रोध, लोभ, मोह त्यागेर कपाल आँखीभौंसमेत खौरेर चीवर लगाई माला जप्तै बुद्धमार्गी भिक्षु बनेर हिँडेको देखिन्छ ।’ त्यस्तो आदर्श पुरुषले सम्पत्ति कमाउने, सोझासादा आईमाइलाई अनेक प्रलोभनमा पारी यौनशोषण गर्ने, घरमा नोकरचाकर राखी उनीहरूमाथि अमानवीय व्यवहार गर्ने, चेलिबेटी बेचबिखन जस्तो जघन्य अपराधसमेत गरी आँखिरमा प्रहरी चौकीभित्र थुनामा परेको जस्तो विसङ्गत पक्ष देखिएको छ । उपन्यासको प्रमुख पात्र ‘म’ नै नेपाल महिला सङ्घकी संस्थापक केन्द्रीय सदस्य तथा शिक्षित व्यक्ति भइकन पनि महिलालाई बोक्सीको आरोपमा धामीझाँक्री लगाई यातना दिन तल्लीन

देखिन्छे । उपन्यासकार शान्ता श्रेष्ठले प्रस्तुत उपन्यासमा यस्ता विसङ्गतिपूर्ण घटनाको तारतम्य मिलाई विसङ्गत जीवनलाई उजागर गरेकी छन् । उपन्यासभित्र वर्णित विसङ्गतियुक्त केही घटनाहरू उदाहरणार्थ तल प्रस्तुत गरिएका छन् :

*राणा शासन ढाली बहुदलीय प्रजातान्त्रिक शासन चलेको १० वर्ष हुनलाग्दा पनि स्थिति झन बिग्रेकोमा जनता अत्यन्त निराश छन् । ...... पछि निर्वाचित सरकार आइसक्दा पनि ती यातना पाई थुनामा परेका क्रान्तिकारीहको सम्झनासम्म पनि नगरिएको पीडा बेग्लै थियो (पृ.१०,१२) ।*

*...... मनले ताक्छ मूँढो, बन्चरोले ताक्छ घुँडो, बहिनीलाई छोप्ने रोग लागेपछि मेरो र बहिनीको पढाइ ठप्प भइहाल्यो (पृ. ४४) ।*

*यस्तै दबेका, दीन दुःखी र अन्याय अत्याचारमा परेका महिलावर्गको उद्धार गर्ने, शिक्षाको ज्योति प्रदान गर्ने कार्य सङ्घको उद्देश्यमा भएर पनि, केही नगरेको पीडाले मलाई घोचेको थियो । देशमा प्रजातन्त्र आएको पनि एक दशक नाघिसक्यो । निर्वाचित बहुमतको नेपाली काँग्रेसको सरकार र वहुपार्टीका सांसदहरू पनि छन् । तर कुनै प्रकारको परिवर्तन न सामाजिक कुरीतिमा आयो न शिक्षाको अन्धकारमा ! न मानिसहरूको दरिद्र सोचाइ मा नै । नेताहरूको त झनै के कुरा सत्ताविपासु भएर नै होडवाजी मचाइरहेका छन् (पृ.८०) ।*

*..... यस्ता शक्तिशाली, ज्ञानी, धर्म गुहरूहरू पनि निम्नस्तरको अपराधमूलक कार्यमा लागेपछि यो समाज, यो राष्ट्र मित्रराष्ट्रहरू भोली कहाँ पुग्ने हुन्? हामीलाई बडो । अचम्म लागेको छ (पृ.१११) ।*

यसरी प्रस्तुत सङ्घर्ष भित्रका अनौठो पाइला उपन्यास विसङ्गतिवादी चिन्तनका दृष्टिले उचित प्रस्तुति दिन सक्षम सार्थक उपन्यासको रूपमा देखिन्छ ।

## ४.५ अस्तित्ववादी चेतनाको प्रभाव

जीवनलाई निरूपाए अवश तथा निरर्थक मानेर यसलाई महत्ता वा मूल्य प्रदान गर्ने चेस्टा तथा दृष्टिकोण अस्तित्त्ववादमा संरचित छ (प्रधान, २०६१: १८८) । मानिस बाँच्ने एकमात्र आधार अस्तित्त्वको बोध हो भन्ने यस चिन्तनको चुरो हो । मानिसले आफूलाई सहारा विहीन ठान्छ वा आफू अनुकूल वातावरणको अभाव महसुस गर्छ, त्यतिखेर उसले आफ्नो स्वतन्त्र अस्तित्त्वको खोजी गर्दछ । ऊ कसैको दबाब र हेपाइ सहेर वा पराधीन भएर बाँच्न चाहाँदैन । आफ्नो जीवनका लागि प्रमुख निर्णयकर्ता आफैँ हो भन्ने ठानी जिन्दगीको

रथलाई स्वनिर्णयमा हाँक्छ । त्यसो गरेवापत आइपर्ने सम्पूर्ण जोखिम मोल्न आफै तयार हुन्छ अस्तित्त्वरक्षाको आधार अर्थात बाँच्ने आधार आफैं खण्डा गर्छ । मानिसले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ । जीवनको सबैभन्दा नजिकको हकदार ऊ आफैं हो र जीवनमा आइपर्ने सम्पूर्ण सकरात्मक नकरात्मक परिस्थितिको जिम्मेवार पनि स्वयम् व्यक्ति नै हुन्छ । जिन्दगीमा आफ्ना इच्छा आकाङ्क्षाहरू स्वतनत्रतापूर्वक आफ्नै योजनामा पूरा गर्न पाउनु पर्छ भन्ने मान्यता नै अस्तित्त्ववादी मान्यता हो ।

प्रस्तुत विवेच्य कृति **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा पनि अस्तित्त्ववादी चिन्तनको गहकिलो प्रस्तुति पाइन्छ । उपन्यासको 'म' पात्र उपन्यासभरि नै आफ्नो र परिवारको तथा वर्गीय अस्तित्त्वको रक्षाका लागि क्रियाशील रहेकी छ । जहाँनिया राणाशासनको विरूद्धको आन्दोलनमा आफ्नो परिवार र छिमेकीसमेत नलाग्दा पनि १३-१४ वर्षकै उमेरमा एक्लो प्रतिनिधिका रूपमा आफ्नै स्वनिर्णयमा सक्रिय भई जुलुसमा भाग लिन्छे । परिणाम स्वरूप जुलुसमा भाग लिएवापत प्रहरी दमनमा परी कुटाइ पिटाइ खान्छे र जेलनेलका साथै गोली समेत खान पुग्छे । त्यस्तै आफ्नी बहिनीको छोप्ने रोगको उपचार गर्ने क्रममा धामीले आनावश्यक यातना दिन लाग्दा सारा आफन्त र छरछिमेकीले आग्रह गर्दा गर्दै पनि पन्यौ तताएर बहिनीको गालामा हान्नबाट जोगाउन एक्लै प्रतिवाद गरेकी छ र उपचार स्थलबाट धामीलाई फर्कन बाध्य पार्दै सम्भावित दुर्घटनाबाट ऊ बहिनीलाई एक्लो प्रयास एवं निर्णयमा बचाएकी छ । यहाँ पनि उसले आफ्नो परिवारको अस्तित्व रक्षाका लागि जोखिम उठाएकी छ साथै उपचार स्थलबाट अत्याचारी धामीलाई घर फर्कन बाध्य पार्दै सम्भावित दुर्घटनाबाट बहिनीलाई एक्लो प्रयास र स्वनिर्णयमा बचाएकी छ । यहाँ पनि उसले आफ्नो परिवारको अस्तित्त्व रक्षाका लागि जोखिम उठाएकी छ । यस्तै अर्को प्रसङ्गमा 'म' पात्रले आफ्नी आमा र बहिनीलाई अनेक प्रलोभन देखाई भारत पुऱ्याउन लागेको स्वामी जस्तो पहुँचवाला, जान्नेसुन्ने, प्रसिद्धि कमाएको, तन्त्रमन्त्र, जादु, टुनामुना गर्न सक्ने व्यक्तिसँग एक्लै सङ्घर्ष गरी समातेर कोठामा थुनेर प्रहरीलाई उजुरीसमेत गर्दछे । जसको फलस्वरूप आफ्नी आमा र बहिनी भारतीय वेश्यालयमा बेचिनबाट जोगिए भने त्यसैको केही समय पश्चात केटी बेच्न लाँदा लाँदै 'म' पात्र कै सुराकीमा स्वामी पक्राउमा पर्छ र बेश्यालयमा नारकीय जीवन विताउन बाध्य हुनुपर्ने दुर्दशाबाट कयौं नेपाली चेलीबेटीहरूको रक्षा भएको छ । यहाँ पनि 'म' पात्रले एक्लो निर्णय र एकल प्रयासमा सिङ्गो नारीवर्गको अस्तित्त्वरक्षाका लागि सबै किसिमको जोखिम मोलेर भएपनि

निर्भीकतापूर्वक काम गरेकी छ । उपन्यासमा अस्तित्त्ववादी चिन्तन बुलन्द गर्ने सन्दर्भमा उपन्यासको मुख्य भूमिकामा रहेको खलपात्र 'स्वामी' पनि श्रीलङ्कादेखि आफ्नो घरपरिवार सुख, वैभव जस्ता साराकुरा त्यागेर कपाल र आँखीभौंसमेत खौरेर चीवर लगाई हातमा माला जप्तै हिँडेको बुद्ध धर्मको अनुयायी भिक्षु आफ्नो अस्तित्त्वरक्षाका लागि नेपालमा जग्गा कारोवार गर्ने, समाजमा तान्त्रिक उपचार गर्ने, आफ्नो आश्रममा कामदार राख्ने, पैसा कमाउन र मोजमस्ती गर्न महिलाहरूलाई यौनशोषण गर्ने चेलीबेटी बेचविखन गर्ने, आफ्नो विरूद्धमा लाग्नेसँग कडा प्रतिवाद गर्ने जस्ता काम स्वनिर्णय र एकल प्रयासमा गरेको छ । भिक्षु जस्तो काम क्रोध, लोभ मोह सबै त्यागेर हिँडेको स्वामी आफ्नो स्वतन्त्र एवं स्वाधीनतापूर्वक आफ्नो इच्छा पूरा गरी अस्तित्त्व रक्षा गर्छ र त्यसवापत आइपर्ने सम्पूर्ण समस्याको भागिदार पनि आफैं हुन तयार हुन्छ ।

उपन्यासमा आएका यी पात्र र तिनले गरेका क्रियाकलापलाई हेर्दा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास अस्तित्त्ववादी प्रवृत्तिको आधारभूमिमा उभिएको छ भन्न सकिन्छ । उपन्यासको अस्तित्त्ववादी दृष्टिकोण पात्र, घटना र परिवेशमा यसरी प्रस्तुत गरिएको छ ।

> *..... ए मेरो बहिनीलाई डामेर मार्नमा तपाईंहरू पनि सक्रिय लौ डाम त मेरी बहिनीको गाला ! म यही पन्यूले झाँक्री र तपाईंहरूको अनुहारसमेत डामीदिन्छु ।*
>
> *......उहाँलाई आफ्नो काम गर्न दिनु पऱ्यो तिमीहरू कै भलाइका लागि डाम्न लागेको हो, यस्तो वाधा पुऱ्याउनु हुँदैन के ! तिम्री बहिनीलाई यो गतिमा पुऱ्याउने बोक्सीलाई डामेर के हुन्छ र ? त्यसलाई डाम्नै पर्छ डाम्न देऊ नत्र झन् अनिष्ट हुनेछ ।" अनिष्ट भए मेरो घरमा हुन्छ । मेरा परिवारलाई हुन्छ । तपाईंलाई के मतलब ? म भन्छु- 'कहाँ छ बोक्सी अहिले? डामेको मेरो बहिनीको गालामा पऱ्यो भने यसको जवाफदेही को हुने ? ग्यारेन्टी छ ? मेरै बहिनीको गालामा डाम्दा मेरो बहिनीको गालामा पर्दैन भनेर ? बोक्सीकै गालामा पर्ने भए पनि म डाम्न दिन्न भनेपछि कुरा सकिएन ।*
>
> *...... झाँक्रीले पन्यु अगाडि बढाउँदै आफ्नो पाइला के अगाडि सारेको थियो । बहिनीलाई ओढ्नीले गुम्लुङ्ग छोपी अङ्गालोमा कसी मैले भने लौ बढ त अघि ? तेरो हातको पन्यौ खोसी तेरै गालमा डाम्न सकिन भने मेरो आमाकी छोरी*

*नै होइन बुझिस्...... । यहाँ जवरजस्ती गर्ने तँ को होस ? तेरो के अधिकार छ यहाँ ? तँ यहाँबाट गइहाल, गइहाल (पृ.५८,५९) ।*

यसरी प्रस्तुत 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास अस्तित्त्ववादी चिन्तनका दृष्टिले सार्थक उपन्यासका रूपमा उपस्थित छ ।

## ४.६ नारीवादी चेतनाको अभिव्यक्ति

नारी केन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित, र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ (शर्मा, लुइँटेल २०६३: ३७१) । नारीवादले समाजमा चिरकालदेखि प्रबल रहेका लिङ्गकेन्द्री पुरुष विचार धाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न चिन्ह खडा गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्छ । साथै पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पुर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्र चित्रण आदिलाई नकार्दै स्वयं नारीहरू आफ्नो जीवनबारे के अनुभव गर्छन्, के सोच्छन् र कस्तो गतिविधि गर्छन् भन्ने कुरालाई विशेष महत्व दिई नारीको वास्तविक अस्तित्त्व तथा पहिचान कायम गर्ने तर्फ सचेत रहन्छन् । यस वादले पुरुषसमाजमा नारीजातिको स्वतन्त्र अस्तित्त्व एवं प्राकृतिक सामर्थ्यको प्रदर्शन एक सशक्त प्रतिस्पर्धी तत्समकक्षीका रूपमा नारीलाई उभ्याउँदै समग्रमा नारीशक्तिको परिचय दिने गर्दछ ।

नारीवादका सम्बन्धमा बराल (२०६३: ९०) ले नारीवाद समग्र रूपमा नारीको मूल्य उजागर गर्नमा केन्द्रित छ र यस सन्दर्भमा पितृसतात्मक प्रवृत्तिको पक्षमा बोल्ने, लेख्ने तथा पक्षपोषण गर्ने सबै प्रवृत्तिका विरूद्धमा आफूलाई उभ्याउँछ भन्ने कुराचाहिँ प्रष्ट छ भनेका छन् । यसरी हेर्दा पनि नारीवाद नारीद्वारा नारीका हकहित एवं पक्षमा गरिने गतिविधि हो भन्न सकिन्छ । यसले खासगरी नारीहरू आत्मनिर्णय गर्न नसक्ने पुरुषको इसारामा र सहारामा चल्ने स्वाभावैले निर्धा र शक्तिहीन हुन भनी ठान्ने प्रवृत्तिका विरूद्धमा उठ्ने आवाजको सङ्गठित प्रतिनिधित्त्व गर्दछ ।

विवेच्य नारी स्रष्टा शान्ता श्रेष्ठद्वारा लिखित 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यासमा पनि नारीहरूको स्वतन्त्र अस्तित्त्व र उनीहरूमा हुने निर्णायक क्षमता उजागर गर्दै उपन्यासको 'म' पात्रको भूमिका मार्फत अनेकन नारीवादी चरित्र प्रस्तुत गरिएको छ । यहाँ 'म' पात्रले समाजले कम्जोर ठानेको नारीवर्गको प्रतिनिधित्व गर्दै १२-१३ वर्षकै उमेरमा निरङ्कुश राणाशासनको विरोधमा उठेको पहिलो जनप्रदर्शनमा अग्रपङ्क्तिमा प्लेकार्ड बोक्दै

सक्रिय सहभागी भई नारी जुनसुकै  कठिन कार्यमा पनि आफ्नो सहास देखाउन सक्छे भन्ने दृष्टान्त दिएकी छ । त्यसैगरी उसले २००७ सालको जनक्रान्तिमा सक्रियरूपमा भाग लिई कुनै पनि पुरुष लडाकुले भन्दा ज्यादा कुटाइ, पिटाइ, जेलनेल र गोली समेत खाएकी छ । सो नारीपात्र 'म' ले आफ्नो समाजमा रहेका जुवाडेहरूलाई आफैले प्रहरी लगाइ पक्राएकी छ । त्यति मात्र नभएर उसले प्रमुख खल पात्र 'स्वामी' अत्यन्त पहुचवाला र शक्तिशाली छ, जसलाई उसका अनेकन कुकृत्यहरूको विरूद्धमा 'म' पात्र स्वयंले लडेर उबाट हुन सक्ने सम्भावित खतरालाई मोलेर पनि नेपाली चेलीबेटीलाई बेचबिखन गर्दा गर्दै प्रहरीको सहयोगमा पक्राएर कानुनी कारवाही गराइ छाडी । यसरी उसले आफ्नो एक्लो प्रयासमा तथा स्वनिर्णयमा आफ्नै बुद्धि, विवेक र साहासले कयौं निहत्था चेलीबेटीहरूलाई भारतीय बेश्यालयमा बेचिएर नारकीय जीवन भोग्नुपर्ने अवस्थाबाट बचाइ । यति ठूला ठूला निर्णय गर्दा उसले बुबा तथा अन्य पुरुष अभिभावक वा कुनै साथीसँग सल्लाह लिएको देखिदैन । त्यसैगरी आफ्नी बहिनीको छोप्ने रोगको उपचार व्यवस्था जति गरियो त्यो सबै आफ्ना घरका कुनै पुरुषको सल्लाह एवं सहयोग विना नै 'म' पात्रद्वारा सम्पन्न गरिएको छ । त्यसैगरी उपन्यासकी अर्की नारी पात्र 'आमा' उपन्यासको प्रमुख खलपात्र स्वामीले आफ्नी युवती छोरी र आफूलाई भारत लाने कुराको प्रस्ताव गर्दा उनले आफ्ना श्रीमान् ( उपन्यासका पुरुष पात्र 'बुबा') सँग कुनै छलफल, स्वीकृति वा अनुमति बिना नै सहमती जनाइ भारत जान तयार भएकी छ । उपन्यासमा वर्णित यस्ता घटनाहरूले पितृसतात्मक समाजको परम्परित सत्ताको उलङ्घन गर्दै नारी केवल शक्तिविहीन होइन । बहरू पुरुषको साथ सहयो बिना पनि आत्मनिर्णयका आधारमा मातृसत्ता स्थापना गरी संसार हाँक्न सक्छे भन्ने दरिलो उदाहरण पेश गरिएको छन् । उपन्यासमा आएका नारीवादी गतिविधीले उठाएका नारीआवजहरू उदाहरणार्थ यस प्रकार छन् :

> *तपाईं बढ्ता चलाख हुने प्रयन्त नगर्नुस् । तपाईंको नियत राम्रो भएको भए, तपाईंले मेरो बासित सल्लाह गरी अनुमति लिनुपर्ने थियो । मेरो बाको जानकारी विना नै मेरी आमा र बहिनीलाई भारतमा लाने साहस तपाईंले कसरी गर्नुभयो ? यो घरबाट तपाईंले पाइरहनु भएको मानसम्मानको घाँटी तपाईंले नै रेट्नुभयो । तपाई अपराधी हुनुहुन्छ । म तपाईंलाई जेल हाल्न सक्छु बुझ्नु भो ? म तपाईंलाई छाड्दिन (पृ. ६) ।*

यहाँ 'म' पात्रले आफ्नी आमा र बहिनीलाई स्वामीले फकाइ फुल्याइ भारत लान खोजेको विरोधमा उसलाई समातेर महिलामाथि अपराध गरेको आरोप लगाउँदै कारबाही गर्ने चेतावनी दिइरहेकी छ । यसरी प्रस्तुत उपन्यासमा नारीको भूमिका अहम रहेको देखिन्छ । सम्पूर्ण नारीले नारीका हकहित र अधिकारको लागि नारीबाटै भूमिका निर्वाह गरिएको छ । यस कारण यो उपन्यासमा नारीवादी चेतना सार्थक रूपले प्रकट भएको पुष्टि हुन्छ ।

## ४.७ मनोविज्ञानको प्रयोग

व्यक्तिका मनभित्रका आन्तरिक कुराहरूको यथार्थको उद्घाटन गर्नु नै मनोविज्ञान हो । साहित्यमा व्यक्तिमनका कुण्ठा नैराश्यता छटपटिको वास्तविक समस्या अचेतनबाट पहिल्याउनु नै मनोविज्ञानको प्रयोग हो । अचेतन मनले चेतन मनमा पारेको प्रभाव र त्यसबाट उद्घाटित हुने अनेकौं समस्याको प्रस्तुति यसमा पाइन्छ । दमित इच्छा र त्यसको विश्लेषण नै मनोवैज्ञानिक उपन्यासको लक्ष्य हुन्छ (बराल, एटम, २०५८ : ६२) । मानिसमा निहित, प्रेम, घृणा, इर्श्या दोष, इच्छा, आकाङ्क्षा, अहम, यौन तृष्णा, जस्ता सुषुप्त तत्त्वहरू अचेतन मनका माध्यामबाट साहित्यमा उजागर भएको पाइन्छ । वि.सं. २०५८ को दशकमा प्रकाशित उपन्यासहरूमध्ये एक पठनयोग्य उपन्यासको पङ्क्तिमा उभिन सफल सङ्घर्ष भित्रका अनौठा पाइला उपन्यासमा पनि मनोविज्ञानको यथेष्ट प्रयोग गरिएको छ । यस भित्र, मनोविज्ञानका विभिन्न पक्षमध्ये यौन मनोविज्ञान र वालमनोविज्ञानको प्रयोग गरिएको छ । यहाँ उपस्थित पात्रहरू मध्य स्वामी, 'म' र आमाको क्रियाकलापलाई यौन मनोविज्ञानका आँखाले हेरिएको छ । उनीहरूभित्रको अतृप्त यौन भावनाको यथार्थ धरातलमा उत्रेर लेखकले मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरेकी छन् । उपन्यासका घटनालाई हेर्दा लेखको मनोविश्लेषणले सालिनताको सीमा नाघेको छैन ।

नायक तथा खलपात्र 'स्वामी' घर गृहस्थी लोभ, मोह त्यागेर भिक्षु भए तापनि ऊ भित्र भएको अतृप्त कामवासनाले उग्ररूप लिएकाले त्यसलाई शान्त पार्न आफ्नो आश्रममा राम्रा राम्रा गाउँले आइमाइहरूलाई कामदारका रूपमा राखेको छ । उसले भिक्षु वनी चीवर लगाइ दारी जुँगा, आँखीभौं र कपालसमेत खौरी हिंडे तापनि सोझासिधा गरिब युवतीहरूलाई फकाउन आफ्नो घरमा चुरा, पोते, सारी, चोलो, पाउडर, लिपिस्टिक जस्ता शृङ्गारका सामान हरहमेसा राखिरहन्छ । यिनै सामान दिएर सोझा गाउँले आइमाईलाई फकाएर आफ्नो यौन तृष्णा मेटाउँछ । त्यतिमात्र नभइ केटीहरूलाई अनेक प्रलोभन देखाइ

सम्भोग गर्नुका साथै भारतीय बेश्यालयमा लगेर बेच्नेसमेतको कार्य गर्दछ । उसले उपन्यासमा प्रमुख पात्रकी बहिनी र आमालाई समेत सोही कार्य गर्ने प्रयास गरेको देखिन्छ । 'म' पात्रसँग मनमुटाव भइरहँदासमेत ऊ पटक पटक बहिनीको उपचार गर्ने निहुँमा घरमा आइरहन्छ । यसले के देखाउँछ भने बहिनीको रूप र सुन्दरतामा लोभिएको छ । यसरी स्वामी भित्र रहेको यौनकुण्ठा छताछुल्ल हुन पुगेको छ । उपन्यासमा उसको यौन गतिविधि यसप्रकार उदाहरणार्थ प्रस्तुत भएको छ :

*उपचार गर्ने निहुँमा तपाइँहरू जस्ता राम्रा-राम्रा मान्छेहरू त्यसले यो घरमा ल्याइरहन्छ । यो अधर्मी मोरो कमको छ र ? हेर्नुस् ! यसले मेरा गाउँका मान्छेहरूलाई समेत आफ्नो मुट्ठीमा पारिसकेको छ । यो विदेशी जरो गाडी यो ठाउँमा त्यसै बसेको छ र ? तपाइँले पछि थाहा पाउनु हुनेछ । अब तपाइँ जानुस् । तपाइँसित कुरा गरेको, त्यो असत्ती मर्न नसकेको स्वामीले थाहा पायो भने मलाई धुमधाम गर्न आउनेछ । यहाँ काम गर्ने आइमाइहरू सबै त्यसका जासुस । राति राति आलोपालो गरी तिनीहरू त्यो अधर्मीलाई तेल घस्न, खुट्टा, मिच्न आउने गर्छन् । मेरो कुरामा विश्वास लाग्दैन भने त्यो सुत्ने कोठाको खाटको मुनि हेर्न जानुस् न । तहरूनीहरूलाई फकाउने कस्ता सामानहरू राखेको छ ? ऊ नभएको बेलामा कसैलाई पनि त्यो कोठामा पस्न दिदैन । खाली ती काम गर्ने आइमाईहरू मात्र पस्न पाउँछन् (पृ. ६९) ।*

माथिका वर्णित घटना हेर्दा स्वामीले आफ्नो अतृप्त कामवासना सोझा गाउँले आइमाईहरूबाट परिपूर्ति गर्न अनेक चालबाजी गरेको छ । ऊ यौनतृष्णा मेटाउन कै लागि ककनीदेखि काठमाडौँमा दिनहूँ जसो धाउने गर्दछ ।

त्यसैगरी उपन्यासकी अर्की पात्र आमा, स्वामी, आफू र आफ्नी जवान छोरीलाई भारत लाने प्रस्ताव आफ्ना श्रीमान र पढेलेखेकी छोरीलाईसमेत थाहा नदिइ स्वीकारेको प्रसङ्गले आमाले स्मामीप्रति आसक्ती देखाएको कुरा प्रस्टिन्छ । 'म' पात्र स्वयंले पनि आफ्नी बहिनीको सुन्दर रूपले गर्दा उसलाई छोप्ने रोगले सताएको कुरा व्यक्त गरी बहिनीको सुन्दरतामा लोभिएको देखिन्छ । उपन्यासकी नायिका बहिनीलाई स्वामीले फकाएको, अनेकन बहानमा शरीरमा स्पर्श गरेको, आफ्नी दिदीको विरूद्धमा कुरा गरेको जस्ता थुप्रै घटनाहरू कसैलाई पनि भन्न सक्दिन । उसलाई स्वामीले दुःख देला भन्ने डर-त्रासले गर्दा आफ्नै दिदीलाईसमेत भन्न सक्तिन । यस प्रसङ्गले उपन्यासमा बालमनोविज्ञानको प्रयोगका दृष्टिले

पनि उल्लेख्य मान्न सकिन्छ । यसमा खण्ड १३ मा १२-१३ वर्षकी बहिनीले आफ्नो दिदी 'म' पात्रसँग आफूभित्र रहेका डर र सङ्कोचले कुण्ठित भएका निकै अघिदेखिका कुरा खोल्ने सिलसिलामा अवोध बालमनोविज्ञानको प्रस्तुति यस्तो तरिकाले गरिएको छ :

*'दिदी स्वामी त मलाई पनि ठीक जस्तो लागेन*

*किन? तिमीलाई स्वामीले केही भन्यो र ? भनेको त थियो ।*

*'के भनेको थियो त्यसले ? नाइँ तपाईं रिसाउनु हुन्छ ! मलाई गाली गर्नुहुन्छ ।*

*म किन रिसाउनु ? तिमीलाई किन गाली गर्नु? भन न मलाई ।*

*स्वामी जी तपाईंलाई सहनु नै हुन्न । मास्टर राखी तिमीलाई नपढाई तिम्रो वरवाद गर्दै छे । तिमी दिदीको विश्वास नगर्नु । म तिम्रो जिन्दगी बनाइदिन्छु मैले भनेको कुरा उसलाई थाहा नदिनु । म तिमीलाई विदेशमा लगी पढाउने व्यवस्था गर्दैछु । आफू भने कलेजमा पढ्ने बहिनीलाई घरमा राखी बरबाद गर्ने? मलाई भनिरहनु हुन्थ्यो । ...... तिमीले पहिले नै यो कुरा मलाई किन नभनेको? स्वामीदेखि डर लाग्यो ? तिमी पनि पेटमा कुरा राख्न सक्ने खालकी रहिन्छौ (पृ.९७) ।*

यस कुराकानीबाट बालबालिकाको अवोधपना, इच्छा, उनीहरूभित्र रहने लाज, सङ्कोच, डर, त्रास जस्ता कुण्ठाको चित्रणमा सजीवता थप्ने काम भएको छ । माथि प्रस्तुत उदाहरणीय घटनाहरूले उपन्यास यौन मनोविज्ञान र बालमनोविज्ञानको प्रयोगका दृष्टिकोणले उत्कृष्ठ रहेको कुरा पुष्टि गर्दछ ।

## ४.८ आञ्चलिकताको प्रस्तुति

आञ्चलिकता भनेको कुनै स्थानीय परिवेशमा केन्द्रित भएर त्यसैको सेरोफेरोमा विषयवस्तु केन्द्रित हुनु भन्ने बुझिन्छ । आञ्चलिक उपन्यासले स्थानीय रङ्ग विवरणलाई विशेष महत्त्व दिएर चर्चा गर्दछ (बराल. एटम, २०५४ : ५५) । उपन्यासमा वर्णित स्थान वा परिवेशको भूबनोट एवं सम्पूर्ण व्यवहारको केन्द्रीकृत रूप स्थापना गर्नु आञ्चलिक उपन्यासको उद्देश्य हुन्छ । सहरीया भन्दा दुर्गम गाउँका पिछडिएका व्यक्तिको चित्रणमा यस्ता उपन्यास केन्द्रित रहन्छन् । उपन्यासले पात्र र परिवेशलाई एडटा खास क्षेत्रको सेरोफेरो भित्र समेटेको हुन्छ र कथानक पनि सोही परिवेशको पीडित एवं निम्नवर्गका मानिसमा केन्द्रित हुन्छ ।

शान्ता श्रेष्ठद्वारा लिखित 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासमा नेपालको काठमाडौं उपत्यका र छिमेकी ग्रामीण भेक ककनी र त्रिशुली क्षेत्रका अशिक्षित तथा

पिछडिएका जनताको जिजिविषालाई पूर्णरूपले समेटिएको छ । विवेच्य उपन्यासमा तत्कालीन काठमाडौ उपत्यकाको समाज अशिक्षा र अन्धविश्वासमा रूमलिएको कारण भूतप्रेत, टुनामुना, बोक्सी, धामीझाँक्री जस्ता तत्त्वबाट पीडित देखिन्छ । वैज्ञानिक चिकित्सा प्रद्धतिमा विश्वास नगरी समाजका सदस्यहरू तान्त्रिक उपचार पद्धतिमा भर परेको यथार्थ प्रस्तुत गरिएको छ । त्यसैगरी राणाहरूको निरङ्कुश शासनका विरूद्ध लडेर प्रजातन्त्र ल्याउन सफल भएका उपत्यका वासीले प्रजातान्त्रिक सरकारको व्यवहारबाट प्रजान्त्रतको आभाससम्म पनि गर्न नपाएको र जनताको जीवनस्तरमा कुनै परिवर्तन नआएको कुरा प्रस्तुत गरिएको छ । अर्कातिर उपन्यासकारले ककनी र त्यहाँबाट देखिने गणेश हिमालको वर्णन गरी यसले प्रशस्त पर्यटकीय सम्भावना बोकेको कुरा औंल्याउँदै त्यसक्षेत्रको प्राकृतिक सुन्दर छटाको कलात्मक वर्णन गरेकी छन् । श्रेष्ठले नेपालको एक पर्यटकीय क्षेत्र ककनीको प्राकृतिक सुन्दर दृश्यको वर्णित अंश यसप्रकार छ :

> *विहानीको कमलो घाम पिठ्यूँमा सेकी चाँदीतुल्य टल्केको हिमालको शृङ्खलामा अझै सुनौलोपन बाँकी रहेको दृश्यले हाम्रो मन मुग्ध थियो । हरिया पहाडहरूका टुप्पामुनि भने बादल जस्तो बाक्लो कुहिरो थियो । घर र वस्तीहरू भने हुस्सु भित्रै थिए । अनि हिमाल र पहाडको बीचमा नदीजस्तो देखिने गरी हुस्सु बगरिहेको दृश्य भने अति नै मनमोहक थियो । ती अनुपम दृश्यहरू आँखाभित्र हुली हामीले नास्ता गऱ्यौं (पृ.७४) ।*

यसरी उपन्यासकारले पर्यटकीय क्षेत्र ककनीको प्राकृतिक सुन्दरता र त्यहाँका हिमशृङ्खला, हरिया मनमोहक पहाड, कुहिरो र विहानी मोतीका दानाजस्ता शीतका थोपासँग लुकामारी खेल्ने सुन्दर स्वाभाविक वस्तीहरू र मनोरम वातावरणको सुन्दर चित्रण गर्नुका साथै त्यहाँका निर्दोष एवं निश्चल सोझासादा ग्रामीण जनताको जनजीविकाको यथार्थ प्रस्तुतिले यो उपन्यास आञ्चलिकताको प्रतिबिम्ब बन्न पुगेको छ । त्यसैगरी उपन्यासकारले काठमाडौं परिवेश, नेवारी भाषा संस्कृति, रहन सहन यहीको असन, इन्द्रचोक, नयाँसडक, कीर्तिपुर, ठमेल, लैनचौर जस्ता बस्ती र यहाँको बासिन्दाका चालचलन, रीतिरिवाज आदिको वर्णन गरेकी छन् । त्यस्तै उपन्यासको पात्र, परिवेश र कथानकले यस क्षेत्रको जनजीवन र भूपरिवेशलाई सम्पूर्णतामा समेटी यथार्थ चित्रण गरेको छ । यसभित्र क्षेत्र हुने राजनीतिक क्रियाकलाप, सामाजिक, आर्थिक एवं साँस्कृतिक अवस्थाको समूल वर्णन गरिएको छ । उपत्यकाभित्र केन्द्रित भएर तत्कालीन राणाशासन

(वि.स. १९०३-२००७) विरूद्ध प्रत्यक्ष वा परोक्ष रूपमा गरिएको काठमाडौं केन्द्रित जनक्रान्तिको समयको नेपाल कसरी कुन अवस्थामा अडेको थियो भनेर त्यस वस्तुस्थितिको चर्चा गर्नु नै लेखिकाको उपन्यास लेखनको अभीष्ट भएकाले प्रस्तुत उपन्यासमा आञ्चलिकताको कुशल संयोजन भएको छ। यो यथोचित पनि देखिन्छ।

## ४.९ संस्मरणात्मक शैलीको प्रयोग

उपन्यासकार शान्ता श्रेष्ठद्वारा रचित यस 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास पूर्णरूपले संस्मरणात्मक छ । यहाँ वर्णित सम्पूर्ण घटना तथा परिवेश उपन्यासकारको विगतका पाना पल्टाउँदा आएका स्मरण सूचिहरू नै हुन् । उनले उपन्यासमा आफ्ना बाल्यकालदेखिका गतिविधिलाई समेट्दै क्रमशः जीवनको मध्यभागसम्मका अनुभव र अनुभूतिलाई सँगाल्दै शृङ्खलावद्ध ढङ्गले व्यक्त गरेकी छन् । उनले वि.स. २००४ साल, २००७ साल र वि.स. २००८ सालमा भएको जनआन्दोलनमा संलग्न भएवापत निर्मम प्रहरी कुटाइका साथै गोलीसमेत थापेको थुप्रै पटक जेलनेलसमेत भोगेको आफ्नै घटनालाई भूतकालका क्रियापदहरू प्रयोग गरी एउटा संस्मरणात्मक डायरीका रूपमा प्रस्तुत गरेकी छन् ।

त्यसैगरी विगतलाई सम्झने क्रममा आफ्नी बाह्र वर्षकी बहिनीलाई छोप्ने रोगले सताएको, रोगको निदानका लागि कयौ डाक्टर लगाएको, धामीझाँक्री लगाउँदा पनि निको नभएको र अन्तमा एक बौद्ध भिक्षुको (जसलाई स्वामी भनिएको) तन्त्रमन्त्रबाट उपचार सफल भएको यथार्थ घटना उपन्यासमा संस्मरणात्मक ढङ्गले प्रतिबिम्बित गराइएको छ । बहिनीको तान्त्रिक उपचारमा संलग्न सो बौद्ध भिक्षु, स्वामीले काठमाडौं र यसका आसपासका क्षेत्रमा प्रख्यात भएको छ। उसले यस क्षेत्रका वासिन्दालाई निशुल्क औषधी दिनु र तान्त्रिक उपचार गर्नुका साथै यही बहानामा गाँउघरका सोझा सिधा चेलीहरूमाथि कामुक दृष्टि लगाउँदै आफ्नो यौन प्यास मेटाउने गर्दछ । उनीहरूलाई अनेक बहानामा भारत पुऱ्याइ यौन कोठीमा बेचेर धनआर्जनसमेत गर्दछ। समाजसेवा र धर्मकर्मको नाममा चिप्ला र चाप्लुसीपूर्ण र व्यवहार गर्ने, देखावटी रूपमा जोगी साधु कै आवरण आढेर समाजमा छल्न पल्केका र ढाँट्न जानेका फटाहाहरूको प्रतिनिधित्त्व गरेको स्वामीको क्रियाकलापको सेरोफेरोमा यो उपन्यास घुमेको छ । उसको यस प्रकारको कुकृत्यको भण्डारफोर गर्दै साधु महात्मा भनेर चिनिने स्वामीलाई प्रहरीको जिम्मा समेत स्वयम् लेखिकाले लगाएको घटना संस्मरणात्मक ढाँचामा प्रस्तुत गरेकी छन् ।

यो उपन्यास पूर्णरूपले संस्मरणात्मक निबन्ध बन्न गएकोछ भन्ने कुरा यसै उपन्यासमा उपन्यासकार स्वयम्ले मेरो भन्नु शीर्षकमा उल्लेख गरेका भनाइहरूले पुष्टि गर्दछन् :

*अरूको जस्तै मेरो पनि आफ्नै खालको लामो सङ्घर्ष छ । जुन सङ्घर्षमा गाँसिएका अन्य अहरू पाइलाहरूमा, एउटा विद्वान, सिद्धाहस्त, चमत्कारी स्वामीले छाडेर गएका अनौठो, पत्याउनै नसकिने पदचिन्हहरू पनि छन् । चालिसौं, वर्षदेखि निसासिएर, दुख्ने गरी एउटा पोकोमा थन्किएकोलाई सङ्घर्ष भित्रका अनौठा पाईलाको नामले सानो उपन्यासको आकारमा बाहिर ल्याई यहाँहरूसम्म पुऱ्याउन ....* (**सङ्घर्ष भित्रका अनौठा पाइला**) । उपन्यासकारका यी माथिका भनाइले यो उपन्यास एक पूर्णत संस्मरणात्मक आत्मकथागत निबन्ध हो र अंशमा उपन्यास भन्न सकिने कुरा सिद्ध गर्दछ ।

## ४.१० निष्कर्ष

'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासका विशेषताहरू लेख्ने क्रममा अध्ययन गर्दा कृतिभित्र उपन्यासकार शान्ता श्रेष्ठले जेजस्ता कुराहरू समावेश गरेकी छन्  त्यसैलाई आधारभूमि मानी उपन्यास सिद्धान्तको कसीमा राखेर विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । प्रस्तुत उपन्यासमा वर्णित पात्र, परिवेश, घटना एवं भावजगत्लाई केलाएर हेर्दा यस उपन्यासलाई सामाजिक यथार्थवादको प्रस्तुति, मानवतावादी भावको प्रस्तुति, विसङ्गतिवादी धारणाको प्रस्तुति, अस्तित्ववादी चेतनाको प्रभाव, नारीवादी चेतनाको अभिव्यक्ति, मनोविज्ञानको प्रयोग, आञ्चलिकताको प्रस्तुति र संस्मरणात्मक शैलीको प्रयोग जस्ता सैद्धान्तिक पक्षहरूमा रही विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## परिच्छेद पाँच

# समग्र, निष्कर्ष तथा मूल्याङ्कन

### ५.१ निष्कर्ष

शान्ता श्रेष्ठ (१९९१) नेपाली उपन्यासको विकास क्रममा स्थापित नाम मानिन्छ । वागमती अञ्चलको काठमाडौँस्थित क्षेत्रपाटीमा जन्मेकी श्रेष्ठले प्राथमिक तहको अध्ययन काठमाडौँकै पद्मज्योति स्कूलबाट पूरागरी प्रवेशिकासम्म जगत तरन कन्या कलेज इलाहावादबाट पूरा गरिन । त्यस पश्चात नेपालबाट एम.कम. सम्मको औपाचारिक शिक्षा हासिल गरेकी छन् । उनी सानैदेखि साहित्य लेखन तथा अन्य सामाजिक-राजनीतिक गतिविधिमा क्रियाशिल भएकीले लोकप्रिय पुरस्कार (२०५७), वि.स. २०५९ को पारिजात सङ्घर्षशील नारी पुरस्कार र वि.स. २०६१ को तुलसी पूर्णभक्त पुरस्कार प्राप्त गरी सेकेकी श्रेष्ठले अहरू थुप्रै मानसम्मान एवं प्रशंसा पत्रहरू प्राप्त गरेकी छन् । साहित्य र राजनीति दुबै क्षेत्रमा सशक्त भूमिका निर्वाह गरेकी उनले साहित्येतर विधामा पनि कलम चलाएर पुरस्कृत र सम्मानित भएकी छन् । **सारङ्गीमा नअटाएको सुर** (२०३४ कथासंङ्ग्रह प्रकाशित गरेर साहित्यिक परिचय छाडेकी श्रेष्ठले **दिन होइन साँझ पछिको रात** (रेडियो नाटक सङ्ग्रह (२०४६), **बोलाए विहानी मैले** (कविता सङ्ग्रह ( २०५९), ते**त्तीस पुतली** (आत्मा संस्मरण, २०५९), **खाली हात** (संस्मरण २०५२) **सङ्घर्ष भित्रका अनौठा पाइला** (उपन्यास २०५८), **घाउ उसको दुखाइ मेरो** (उपन्यास, २०६०), **शान्ता श्रेष्ठका कथाहरू** (कथासंङ्ग्रह २०६२) **अन्धकार भित्रिको  अन्धकार** (संस्मरण, २०६३) **अन्धकारको गर्भभित्र** (संस्मरण, २०६४), **यो कथा होइन** (संस्मरण २०६५) आदि कृतिहरू हालसम्म प्रकाशित छन् ।

वि.स. १८२७ मा प्रकाशित शक्ति बल्लभ अर्यालको महाभारत विराटपर्वलाई नेपाली आख्यानात्मक कृतिको पहिलो झिल्को मानिए तापनि वि.स. १८५६-६० देखि गिरिश बल्लव जोशीले प्रारम्भ गरेको नेपाली उपन्यासको विकास प्रक्रियामा वि.स. १९९१ पछि आधुनिक युगको प्रारम्भ हुन्छ । आधुनिक युगमा नेपाली उपन्यासमा विविध प्रवृत्ति र धाराहरू विकसित हुँदै अगाडि बढेको पाइन्छ । आर्दर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, समाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी  धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोवैज्ञानिक धारा, विसङ्गतिवादी धारा, अस्तित्त्ववादी धारा, र प्रयोगवादी धाराहरू यस

युगमा देखा परेका पाइन्छन् । नेपाली साहित्यमा देखा परेका विविध प्रवृत्तिलाई आत्मसाथ गरी लेखिएको 'सङघर्ष भित्रका अनौठा पाइला' उपन्यास पचासको दशकमा देखापरेको सामाजिक यथार्थवादी धाराको उपन्यास हो ।

'सङघर्ष भित्रका अनौठा पाइला' यी चार पदहरूको मिलनबाट बनेको उपन्यासको शीर्षकले कथानकको प्रतिनिधित्त्व गर्दछ । यहाँ शीर्षकमा भने झैं उपन्यासको प्रमुख पात्र 'म' ले आफ्नो विरामी बहिनीको उपाचारका क्रममा अर्को प्रमुख खलपात्र स्वामीको क्रियाकलापबाट जुन किसिमको घटना र सो घटनामा अनौठा दृश्यहरू देखिन्, त्यस सिलसिलामा उनले बहिनीलाई बचाउन होस या आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्ने क्रममा जस्तो सङ्घर्ष गर्न पुगिन त्यसैको आधारमा गरिएको उपन्यासको नामाकरण उपन्यासको विषयवस्तुसँग प्रत्यक्ष मेल खाने किसिमको रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासको वाह्य संरचना हेर्दा उपन्यासको कथ्यसँग आवद्ध गरी जम्मा १६ खण्डमा बाँडिएको छ । आयामका हिसाबले ११४ पृष्ठमा समेटिएको मझौलो कदको यो उपन्यास करिव सालाखाला सात पृष्ठ बराबर एक खण्डको एक आएतनमा उपन्यासका सम्पूर्ण खण्डहरू समेटिएका छन् । उपन्यासको कथावस्तुको प्रवाहमा आउने परिवर्तनलाई खण्ड विभाजनको मूख्य आधार मानिएको देखिन्छ । विषय वा प्रसङ्ग परिर्वतनलाई खण्ड विभाजनको प्रमुख आधार मानिएकोले यस उपन्यासको खण्ड योजनाका दृष्टिले सवैभन्दा लामो खण्डका रूपमा तेह्र पृष्ठ लामो आठौँ खण्डलाई लिन सकिन्छ भने सबैभन्दा सानो खण्डका रूपमा ३ पृष्ठको खण्ड तीन रहेको छ ।

प्रस्तुत उपन्यासको आन्तरिक संरचनालाई हेर्दा मुख्य पात्र 'म' ले आफ्नो जीवनको लामो काल खण्ड विताउने क्रममा देखे भोगेका विविध वस्तुगत सन्दर्भलाई नै मूल कथानक बनाइएको छ । समाजमा विद्यमान आर्थिक, सामाजिक, राजनैतिक, असमानता, अनेकन बेथिति, विकृति, विसङ्गति, अन्याय अत्याचार, अन्धविश्वास र त्यसले सिर्जना गरेका विविध द्वन्द्व र सङ्घर्षलाई कथावस्तुका रूपमा प्रयोग गरिएको हुनाले उपन्यासको विषयवस्तु सामाजिक रहेको छ । वि.स. २००४ सालदेखि राणाशासन विरोधी आन्दोलनमा 'म' स्वयम् प्रत्यक्ष सहभागी भइ जेल, नेल, सहनुका साथै गोलीसमेत थापी प्रजातन्त्र ल्याएको तर प्रजातान्त्रिक सरकारले जनअपेक्षा अनुरूप काम गर्न नसकेको सन्दर्भ सशक्त रूपमा विषयवस्तु बनेर उपन्यासमा आएको छ । त्यसैगरी अशिक्षा अन्धविश्वास र गरिबीमा रूमलिएका जनता बोक्सी, धामीझाँक्री, टुनामुना, भूतप्रेत, जस्ता अदृश्य एवं अवैज्ञानिक

कुराबाट अनयासै प्रताडीत हुनु परेको, पानी, धमिल्याइ माछा मारेजस्तै दयनीय अवस्थाको मौका छोप्दै समाजका टाठाबाठा साधुसन्तलेसमेत चेलीबेटी बेचविखन गरेका अमानवीय क्रियाकलापहरू उपन्यासको आङ्गिक विकासक्रममा आदि, मध्ये र अन्त्यका रूपमा आई कथानकको विकास क्रम वृत्तकारीय ढाँचामा संरचित भएको देखिन्छ । 'म' पात्र राणा विरोधी आन्दोलनमा लाग्नु, प्रजातन्त्र धोषणा हुनु, त्यपपछि बनेको प्रजातान्त्रिक सरकारले पनि जनविरोधी कार्य गर्नु 'म' पात्रकी बहिनीलाई छोप्ने रोगले सताउनु, उपचारका क्रममा स्वामीसँग भेट हुनु, चमत्कारिक ढङ्गले रोग निको हुनपुग्नु, स्वामीले 'म' पात्रका आमा बहिनीलाई दिल्ली लान खोज्दा द्वन्द्व हुनु, स्वामीले केटी बेच्न लाँदै गरेको अवस्थामा 'म' पात्रको सुराकीको भरमा प्रहरीले स्वामीलाई पक्रेर थुन्नु जस्ता घटना उपन्यासको चरमोत्कर्ष हो भने त्यस पछिको घटनाहरू उपसंहारका घटना हुन्

प्रस्तुतिका दृष्टिले उपन्यासको कथावस्तु मूलत वर्णनात्मक एवं अंशत विश्लेषणात्मक देखिन्छ । नाटकीय  एवं संवादात्मक शैलीलाई श्रेष्ठले उपन्यासमा प्रयोग गरेकी छन् । उनको यो औपन्यासिक कृति मझौलो आकृतिको भए अनुसारै पात्रको सङ्ख्या पनि सोही आकारमा चयन गरेकी छन् । बहुप्रवृत्ति बोकेका  यस उपन्यासका पात्रलाई लिङ्गका आधारमा पुरुष पात्र र स्त्री पात्र, कार्यका आधारमा प्रमुख, सहायक र गौन गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । 'म' उपन्यासको प्रमुख नारी पात्र हो भने स्वामी प्रमुख पुरुष पात्र हो । बहिनी, आमा र बूढी उपन्यासमा प्रयुक्त सहायक स्त्री पात्र हुन भने डि.एस.पी झाँक्री सहायक पुरुष पात्र हुन् ।

उपन्यासमा देखिएका फुपू, केटाहरू, म' पात्रको भाइ, ड्राइभर, छिमेकी, बुबा, आइमाईहरू लगाएतका पात्रहरू गौणपात्रका रूपमा देखिएका छन् प्रवृत्तिका आधारमा प्रमुख पात्र स्वामी सत र असत दुबै हो । भने झाँक्री असत पात्र हो । त्यसै गरी 'म' बहिनी, आमा लगाएत सम्पूर्ण पात्रहरू सतपात्रका रूपमा देखिएका छन् । स्वरूपका आधारमा 'म' पात्रबाहेक अन्य सम्पूर्ण पात्रहरू स्थिर चरित्रका छन् । आसन्नताका आधारमा पात्रहरूको विश्लेषण गर्दा 'म', स्वामी, बहिनी, आमा, बूढी, झाँक्री, डी.एस.पी. प्रहरी, मञ्चीय पात्र हुन भने अहरू केटाहरू, ड्राइभर, आइमाईहरू, छिमेकी, बुबा, बोक्सी, 'म' पात्रको कलेजका साथीहरू, वैद्य, आदि पात्रहरू नेपथ्यका पात्र हुन् ।

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा श्रेष्ठले संवादको पनि समुचित प्रयोग गरेको पाइन्छ । उपन्यास भित्र 'म' र स्वामीका बीचको संवाद 'म' र आमाको

संवाद, 'म' र डि.एस.पी. बीच, त्यसैगरी 'म' र बूढी तथा 'म' र झाँक्री बीच भएका अनि बहिनी र 'म' पात्रका बीच भएको संवाद उल्लेखनीय छ । पात्र, परिवेश, समय र सन्दर्भ अनुसार लामा, छोटा तथा मझौला आयाममा संवाद प्रशस्त भएको पाइन्छ । कहीँकहीँ एकालाप पनि छ । तर त्यसले पाठकलाई पट्यारालाग्दो हुनबाट जोगाएको छ । संवादलाई विभिन्न घटनाका माध्यमबाट पात्रहरूको, व्यवहार, व्यक्तित्त्व र कार्यका आधारमा कतैकतै काहरूणिकता एवं नारागत कथनहरू पनि पाइन्छन् । संवादमा सरल र बोलीचालीको भाषा प्रयोग गरिएकाले सहजता र स्वभाविकता पाइन्छ । संवादले कथानकमा नाटकीय मोड ल्याउनुका साथै यसको विकासमा सघाउ पुऱ्याएको छ । समष्टिमा भन्नुपर्दा उपन्यासको संरचना स्वभाविक र पात्रनुकूल नै देखिन्छ ।

परिवेशका दृष्टिले यस उपन्यासको प्रमुख स्थानीय परिवेश काठमाण्डौ उपत्यकाको असन, इन्द्रचो, नयाँसडक, कीर्तिपुर, पाटन, लगनखेल, बागबजार तथा उपत्यका बाहिर ककनी जस्ता स्थानको उल्लेख भएको पाइन्छ । उपन्यासको प्रमुख हरूचिक्षेत्र काठमाडौँ उपत्यका नै देखिएको छ । उपन्यासमा वर्णन गरिएको विभिन्न प्रसङ्गबाट राजनीतिक द्वन्द्व, सामाजिक असमानता, अन्धविश्वास, शोषण, दमन जस्ता कुराले समाज आक्रान्त बनेको र निम्नवर्गका मानिसहरू काहरूणिक अवस्थाबाट गुज्रिएको समय प्रस्तुत गरिएको पाइन्छ । उपन्यासको वातावरण समस्यामुलक ढङ्गबाट सुहरू भइ द्वन्द्वै द्वन्द्वमा घटनाको अन्त्य भएको छ । यसमा सामन्ती संस्कारले उब्जाएको अनि विभेदकारी नीतिले निम्त्याएको एवं अशिक्षा र अन्धविश्वासमा मौलाएको सामाजिक अन्तरद्वन्द्वको कथा छ । घटनाहरूलाई विस्तृत बनाउँदै काहरूणिक एवं छलकपटपूर्ण दङ्गले अघि बढ्दै अन्तमा उद्देश्य पूरा गर्न केही हदसम्म सफल रहदैं सुखान्त भई टुङ्गिएको यो उपन्यासको वि.स. २००४ सालदेखि २०१० साल आपासको समयलाई बुझाउँछ ।

प्रस्तुत उपन्यासमा बाह्य तथा आन्तरिक दुबै प्रकारका द्वन्द्व देखिए तापनि मूलत : वाह्य द्वन्द्व नै प्रवल रहेको देखिन्छ । यस भित्र राणाशासन अन्त्यको लागि सञ्चालन भएका आन्दोलन त्यसलाई निर्ममता पूर्वक सशस्त्रबलद्वारा गरिएको दमन, २००७ पछिको जनअधिकारका लागि गरिएका आन्दोलन र दमन, झाँक्री, 'म' पात्र र स्वामी बीचको द्वन्द्व बाह्य द्वन्द्व हुन् भने 'म' पात्रकी बहिनी र स्वामी, आमा र 'म'

पात्रको बुबाका बीचको द्वन्द्वलाई आन्तरिक द्वन्द्वका रूपमा चित्रण गरिएको देखिन्छ । यी पात्रका जीवनमा आशा र निराशा प्राप्ति र अप्राप्तिका बीचमा द्वन्द्व पाइन्छ ।

'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यासको भाषाशैली सामान्य बोलीचालीमा प्रयोग हुने किसिमको देखिन्छ । भाषाशैलीका दृष्टिले यो उपन्यास उच्चस्तरको रहेको छ । यसमा प्रयुक्त भाषा सहज, सरल र वर्णनात्मक देखिन्छ । यसमा झर्रा शब्दका अतिरिक्त विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । यसका साथै उपन्यासकार श्रेष्ठले उखान, टुक्का, कथ्य, थेगो, द्वित्व, अनुकरणात्मक शब्द एवं निपातको प्रयोगले उपन्यासलाई सरल, सरस, स्वभाविक र आकर्षक बनाएको छ । भावात्मक एवं सौन्दर्यात्मक भाषाको प्रयोगले ठाउँ-ठाउँमा मीठा अनुभूति गराएको छ । वाक्य संरचनाका दृष्टिले सरल वाक्यहरूको प्रचुर प्रयोग भए तापनि ठाउँ ठाउँमा जटिल वाक्यहरू पनि प्रयोग भएको पाइन्छ । जसमा परिवेश अनुसार बिम्ब र प्रतीकको प्रयोग तथा आलङ्कारिक भाषाको प्रयोगले कथानक मिठासपूर्ण बनेको छ । ग्रामीण बोलिचालीका भाषा प्रयोग नै यस उपन्यासको भाषिक विशेषता हो ।

**सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासमा केन्द्रीय आन्तरिक प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासको सम्पूर्ण कुराको वर्णन गर्ने व्यक्ति 'म' कथयिताका रूपमा आएकी छन् भने उनी नै यस उपन्यासको प्रमुख पात्र पनि रहेकी छन् । उनकै प्रत्यक्ष भोगाइ एवं अनुभवका आधारमा सबै घटना र पक्षहरू प्रष्ट गरिएका छन् । उपन्यासको आरम्भ र अन्त्य  उपन्यासकारले उपन्यासभित्रै रहेर गरेको वर्णनबाट भएको छ ।

प्रस्तुत उपन्यासको वैचारिक पक्षका रूपमा नियाल्दा वि.स. २००४ सालको दशकमा देखिएको राजनीतिले सिर्जना गरेका विकृति, विसङ्गति र यसमा मौलाएको अशिक्षा, गरिबी, अन्धविश्वास एवं यसको आडमा केही टाठा-बाठा तत्कालीन शासक र तिनका मतियारहरूको अवाञ्छित क्रियाकलापको आलोचनात्मक ढङ्गमा उद्घाटन गरी पीडा प्रदायक प्रति विरोधी आवाज उराल्नु देखिन्छ ।

केही मुठीभर पीडकहरूबाट बहुसङ्ख्यक मानिसहरू अनेकन कोणबाट पीडित हुनुले समाज आक्रान्त हुन पुग्छ । जसबाट शान्त र समृद्ध समाजको सिर्जना हुन

सक्दैन । जसको कारण सिङ्गो समाजको हार्दिकता, मेलामिलाप र सदभावना खलबलिन गई मानवता नै सङ्कटमा पर्दछ भन्ने भावको प्रस्तुति गरिएको छ ।

राजनीतिक अकर्मण्यतामा रूमलिएको तत्कालीन समयमा नेपाल कहाँ कसरी अडिएको छ भनेर यसको स्थितिबोध गराउनु, लेखिकाको अभीष्ट देखिन्छ । यसै यथार्थमा उनले बैचारिकता थपेकी छन् । विद्या, बुद्धि, विवेक र मानवताको चोखोपनमा राजनीतिलाई घोलेर सङ्ल्याउन सके स्वच्छ हुने आशावादी स्वर उपन्यासमा भेटिन्छ । मानिस अत्याधिक स्वार्थी र जड्सुत्रवादी भइदिनाले उसमा हुनुपर्ने मानवीय संवेदना समेत हराउँदै गएकोमा उपन्यासकार चिन्तित देखिएकी छन् ।

काठमाडौं उपत्यका र यसका आसपासका ककनी लगाएतका क्षेत्रमा अवस्थित गरिबी, अशिक्षा एवं अन्धविश्वासको चपेटामा किचिन पुगेका समाजका निर्दोष सदस्यहरूमाथि फटाहाहरूले धामीझाँक्री, साधुसन्त र नेताका रूपधारण गरी मानवअधिकार नै हनन गर्ने कामको चर्को विरोध गरेकी छन् । धामीझाँक्री, बोक्सी, टुनामुना, जादुप्रति उभिएको विश्वासको पर्खाल भत्काएर सबैको अस्तित्त्व स्वीकार गर्दै बन्दुक त्यागेर वैचारिक स्वतन्त्रताको उपभोग गर्न गराउन समाजका नेता, बुद्धिजीवी, साधु, सन्त र माहात्मा भनिनेहरूलाई आग्रह गर्नु, उपन्यास लेखनमा देखिएको वैचारिक चुरो हो ।

समग्रमा भन्नुपर्दा 'सङ्घर्ष भित्रका अनौठा पाइला' उपन्यास नेपाली साहित्यको उपन्यास विधा लेखन परम्पराको एक उत्कृष्ट उपन्यास हो । यसभित्र समाविष्ट विषय भाषाशैली र प्रस्तुति सबै उपयुक्त एवं पात्र र परिववेश अनुसार सुहाउँदिला देखिन्छन् । तत्कालीन समयको काठमाडौं उपत्यका र आसपासका क्षेत्रका वासिन्दा तथा समग्र देशले भोगेको यथार्थलाई टिपेर यस्तो उत्कृष्ट उपन्यास लेख्नु श्रेष्ठको उत्कृष्टा हो । औपन्यासिक संरचनालाई सोह्र खण्डमा विभाजन, स्तरीय कथावस्तु, उत्कृष्ट भाषाशैली, शिल्प, मिल्दो जुल्दो पात्र चयन, नाटकीय संवाद, समुचित भाषाशैली आदिजस्ता प्राप्ति यस उपन्यासको विशेषता हो । त्यसरी अनायक चरित्रहरूलाई विरोधभासपूर्ण ढङ्गले चित्रण गरी वर्तमान युगमा देखा परेका मानवीय जटिलतालाई यस उपन्यासले चित्रण गरेको छ । यसरी शैली, संरचना, प्रस्तुति, धारणा, चिन्तन

आदिको संयोजनले गर्दा यस उपन्यासलाई एक सामाजिक यथार्थवादी उपन्यास मान्न सकिन्छ ।

लैनसिंह बाङ्देलको **मुलुक वाहिर** २००४ बाट सुरू भएको सामाजिक यथार्थवादी धाराभित्रै यस उपन्यासको स्थान निर्धारण गरी हेर्दा सामाजिक यथार्थवादी धारालाई आत्मासाथ गरी लेखिएको पठनयोग्य उत्कृष्ट उपन्यास **सङ्घर्ष भित्रका अनौठा पाइला** हो भन्न सकिन्छ ।

प्रस्तुत उपन्यास भित्र केन्द्रित भएर गर्न सकिने भावी शोधका लागि सम्भावित शीर्षकहरू :

क) पात्र प्रयोगका दृष्टिले **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यास

ख) **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको समाजशास्त्रीय अध्ययन

ग) **सङ्घर्ष भित्रका अनौठा पाइला** उपन्यासको शैली वैज्ञानिक अध्ययन

# सन्दर्भ सामग्री सूची


घिमिरे, सोमप्रसाद (२०६५) **पल्पसा क्याफे उपन्यासको कृतिपरक अध्ययन**-शोधपत्र, काठमाडौँ

जोशी, कुमारबहादुर (२०५४) **साहित्यका प्रमुखवाद** ललितपुर साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०५२) **नेपाली उपन्यास र उपन्यासकार** ललितपुर, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५२) **उपन्यासको सौन्दर्यशास्त्र** ललितपुर साझा प्रकाशन ।

———— **मार्क्सवाद र उत्तरआधुनिकतावाद** विराटनगर : सरिता बराल ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५५) **उपन्यासको विश्लेषण**, काठमाडौं : नवीन प्रकाशन ।

———— (२०५६) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर साझा प्रकाशन ।

भट्टराई, राजन (२०६३) **अङ्ग्रेजी साहित्यको रूपरेखा** काठमाडौं : हजुरको प्रकाशन ।

राई, सरिता (२०६५) **शान्ता श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व-** शोधपत्र, काठमाडौँ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२) **शोध विधि** ललितपुर साझा प्रकाशन ।

———— (२०६३) **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, काठमाडौ ।

श्रेष्ठ, शान्ता (२०४२) **सारङ्गीमा नअटाएको सुर**, कथासङ्ग्रह नेपाल टाइटल प्रेश ।

———— (२०४६) काठमाडौं : **दिन होइन साँझ पछिको रात** रेडियो नाटक काठमाडौं : कृष्ण प्रिन्टर्स इटुम्वहाल ।

———— (२०४७) **बोलाएँ बिहानी मैले** कविता सङ्ग्रह काठमाडौं निरा प्रेश मछिन्द्रवहाल ।

__________ (२०५०) **तेत्तीस पुतली** काठमाडौं तेतीस पुतली प्रकाशन ।

__________ (२०५२) **खालीहात** काठमाडौं आनन्दमोहन स्मृति गुठी ।

__________ (२०५८) **सङ्घर्ष भित्रका अनौठा पाइलाका** काभ्रे : जनमत प्रकाशन ।

__________ (२०५९) **दिल बैराग** कथासङ्ग्रह काठमाडौं आँखा स्वयम् सेवी प्रकाशन सङ्घ ।

__________ (२०६०) **घाउ उसको दुखाइ मेरो** उपन्यास काठमाडों नेपाली सांस्कृतिक संघ ।

__________ (२०६२) **शान्ता श्रेष्ठका कथाहहरू** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

__________ (२०६३) **अन्धकारभित्रको अन्धकार** काठमाडौं : अ.ने.म. सङ्घ (क्रान्तिकारी) ।

__________ (२०६४) **अन्धकारभित्रको गर्भभित्र** काठमाडौं : कोसेली छापाखाना ।

__________ (२०६५) **यो कथा होइन** काठमाडौं आर.डी.एन. पब्लिकेशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८) **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुखवाद र प्रणाली** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४) **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** ललितपुर : साझा प्रकाशन ।